# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१९
पू
र्णा
ङ्कः

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

वर्ष ५ अङ्क ३

[इतिहास—प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक—
धनवज्र वज्राचार्य
(संशोधन-मण्डलद्वारा)

सहयोगीहरू—
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. लिच्छविकालका अभिलेखका देखापरेका संवत्का अङ्कको निर्णय | –धनवज्र वज्राचार्य | १८१–१८९ |
| २. ऐतिहासिक घटनावलि | –गौतमवज्र वज्राचार्य | १८९–१९६ |
| ३. वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत | –शङ्करमान राजवंशी | १९७–२०७ |
| ४. वीर भक्ति थापा | –महेशराज पन्त | २०७–२१५ |
| ५. ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना | –देवीप्रसाद भण्डारी | २१६–२१८ |
| ६. केही ऐतिहासिक पत्रहरू | –दिनेशराज पन्त | २१८–२२५ |
| ७. प्रतिसंस्कृत सर्वानन्दकरण | –नयराज पन्त | २२६–२५६ |
| प्रस्तावना २२६–२४४ | | |
| पञ्चाङ्गसंशोधनको संक्षिप्त इतिहासको उत्तरार्ध २२६–२३३ | | |
| त्रिभुवन–विश्वविद्यालयमा मेरो अध्यापकत्त्व २३३–२४४ | | |
| प्रतिसंस्कृत सर्वानन्दकरण २४५–२५६ | | |
| ८. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | -रामजी तेवारी | २५७–२७० |
| हाम्रो वक्तव्य | | २७१–२७२ |

# लिच्छविकालका अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय

*—धनवज्र वज्राचार्य*

## अभिनन्दन

नेपालको प्रामाणिक इतिहास बनोस् भनी मैले धेरै वर्षदेखि प्रयत्न गर्दै आएको छु। प्रामाणिक इतिहास बनाउन उपकरणहरू प्रामाणिक चाहिन्छन् । लिच्छविकालको इतिहास बनाउने मुख्य उपकरण शिलापत्र नै छन् । ती शिलापत्रको राम्ररी अर्थ गर्न सक्नुमा नै लिच्छविकालको इतिहास भर पर्छ । लिच्छविकालका शिलापत्रमा देखिएका संवत्को अङ्क निर्णय गर्न सक्नु पनि यसतिरको ठूलो काम भइरहेछ । वि. सं. २०२१ देखि मैले यस कामलाई क्रमपूर्वक चलाउँदै ल्याएको हुँ । मेरो काम कच्छपगतिले चलेको थियो । अब यो काम गर्न नानी धनवज्र वज्राचार्य समर्थ भएका छन् भन्ने सम्झी मैले यो काम उनैको जिम्मा लाइदिएको छु ।

**प्रथमपरिगतार्थस्तं रघुः सन्निवृत्तं**
**विजयिनमभिनन्द्य श्लाघ्यजायासमेतम् ।**
**तदुपहितकुटुम्बः शान्तिमार्गोत्सुकोऽभून्**
**नहि सति कुलधुर्ये सूर्यवंश्या गृहाय ।**

*—कालिदास*

अजको इन्दुमतीसंग स्वयंवर भएको, बाटो छेक्न आएका राजाहरूसंग अजको लडाइँ भएको र अजले ती राजाहरूलाई जितेको कुरा रघुले अज आफूकहाँ नआइपुग्दै सुनिसकेका थिए । विजयी भई फर्केका तथा योग्य गृहिणीका साथ आएका अजलाई रघुले स्याबासी दिएर घरगृहस्थीको भार अजलाई सुम्पेर आफूले शान्तिपूर्वक जीवन बिताउने विचार गरे । घर थाम्न सक्ने मानिस खडा भएपछि सूर्यवंशीहरू घरगृहस्थी गरी बस्तैनथे ।

धेरै वर्षदेखि मेरो मनमा खेलिरहेको कालिदासको यस उक्तिअनुसार मैले यो काम गरेको हुँ । कालिदासको यस उक्तिको मैले राम्ररी अनुसरण गर्न सकें भने मात्र मेरो इहलोक तथा परलोक दुवै सप्रन्छ भन्ने मेरो पक्का विश्वास छ ।

संशोधनमण्डल — नयराज पन्त
महाबौद्ध, काठमाडौं, नेपाल — २०२५।९।७।७

लिच्छविकालमा 'शून्य'को प्रयोग गरी अङ्क लेख्ने पद्धति चलेको थिएन । त्यसो हुनाले एकदेखि नौसम्म तथा दश, बीस, तीस, चालीस, पचास, साठी, सत्तरी, असी, नब्बे, सय आदिलाई बुझाउने अङ्क त्यस बेला भिन्न भिन्न थिए । यस कारण त्यस बेलाका अङ्क ठम्याउन अलि विचार गर्नुपर्छ । अङ्कको निर्णय गर्न नसकेसम्म त्यस बेलाको संवत् निर्णय गर्न तथा घटनाक्रम मिलाउन गाह्रो हुन्छ । यस कारण प्रामाणिक रूपमा अङ्कको निर्णय गर्नाको लागि श्रीगुरु पं. नयराज पन्तले पूर्णिमाका गताङ्कहरूमा लेख्दै आउनुभएको थियो । श्रीगुरुको आज्ञा-अनुसार अब बाँकी संवत्का अङ्कको निर्णय यहाँ दिँदैछु ।

अगाडि बढ्नुभन्दा पहिले एउटा संशोधन गर्नु आवश्यक भएको छ । पूर्णिमा १४ पूर्णाङ्कमा थानकोटको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेखको संवत्को अङ्क ५९ भनी निर्णय गरिएको थियो । तर सो मिलेन । थानकोटको सो अभिलेखमा संवत्को अङ्क अलि अस्पष्ट छ । हामीले लिएको प्रतिलिपिमा संवत्को अङ्क—



यस्तो देखिएको हुनाले ५९ भन्ने निर्णय गरिएको थियो । तर घटनाक्रमले यो अशुद्ध देखिन आयो । मालिगाउँको अभिलेखको संवत्को अङ्क ५७ हो भन्ने निश्चित छ । (पूर्णिमा १४ पूर्णाङ्कको १०५ पृष्ठ हेर्नुहोस् ) सो अभिलेखको माथिल्लो भाग अलि खण्डित छ । त्यसमा दूतकचाहिं 'युवराज श्रीधरगुप्त' छन् । विष्णुगुप्तको यङ्गालहिटीको अभिलेखमा र सुनागूठी भृङ्गारेश्वरको अभिलेखमा पनि दूतक युवराज श्रीधरगुप्त नै छन् । यसबाट युवराज श्रीधरगुप्त विष्णुगुप्तका छोरा हुन् भन्ने थाहा पाइन्छ । यसरी मालिगाउँको संवत् ५७ फाल्गुनको अभिलेखमा युवराज श्रीधरगुप्त दूतक देखिएका हुनाले संवत् ५७ फाल्गुनमा जिष्णुगुप्तको स्थान उनका छोरा विष्णुगुप्तले लिइसकेका थिए भन्ने निश्चित छ । यस कारण थानकोटको अभिलेखको संवत्लाई ५९ पढ्दा घटनाक्रम बाझिन आएको छ । किनभने थानकोटको अभिलेखमा संयुक्त शासकका रूपमा जिष्णुगुप्तको र युवराजका रूपमा विष्णुगुप्तको उल्लेख परेको छ । यसरी कुरा बाझिएको हुनाले यसको टुङ्गोको लागि मूल अभिलेखबाटै परीक्षा गर्न म र दिनेशराज पन्त फेरि थानकोट गयौं । मूलमा संवत् भएको पङ्क्तिमा आल पाप्रो उप्केको हुँदा अक्षर अलि अस्पष्ट छ । यसो हुनाले पहिले यस संवत्को अङ्कको चित्रफलक बनाउँदा हामीलाई भ्रम भएका रहेछ । तर अहिले प्रतिलिपि राम्ररी झिकी परीक्षा गरी हेर्दा दायाँतिरको

अङ्क यस्तो देखिएको छ—

 ◊

यो अङ्क सात हो भन्ने स्पष्ट छ (पूर्णिमा १४ पूर्णाङ्कको १०५ पृष्ठ हेर्नुहोस् ) । यस कारण थानकोटको अभिलेखको संवत्को अङ्क ५९ होइन, ५७ हो भन्ने टुङ्गो लागेको छ । थानकोटको अभिलेखमा महीनाको नाम 'कार्त्तिक' देखिएका छ । यस कारण संवत् ५७ कार्तिकदेखि फाल्गुनको बीचको समयमा विष्णुगुप्तले आफ्ना बाबु जिष्णुगुप्तको स्थान लिएको देखिएको छ ।

काठमाडौं यङ्गालहिटीको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

संवत्  फाल्गुनशुक्लद्वितीयायाम्

यहाँ दायाँतिरको अङ्क चार हो । यो कुरा सूर्यघाटको अभिलेखबाट थाहा पाइन्छ । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँतिरको अङ्क 'चु' = साठी हो । यो कुरा पाटन चपःटोलको अभिलेखबाट थाहा पाइन्छ । (पूर्णिमा ४ पूर्णाङ्कको १५ पृष्ठ हेर्नुहोस् ।) यस कारण यहाँको संवत्को अङ्क ६४ हो ।

---

◊ रेनिइरो नोलीले थानकोटको अभिलेखको चित्रफलक छपाउंदा संवत्को पछिल्लो अङ्क यस्तै ठम्याउनुभएको छ ।` (५५ संख्याको चित्रफलक हेर्नुहोस् ।) यस्तो अङ्कलाई नोलीले नौ ठान्नुभएको छ । यसो हुनाले नोलीले थानकोटको अभिलेखको संवत् ५९ पढ्नुभएको छ । ("नेप्लिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यारेक्टर्ज" [ नेपालका गुप्ताक्षरी अभिलेखहरू ] को ७५ पृष्ठ हेर्नुहोस् ।) यस्तो अङ्क नौ होइन, सात हो भन्ने संशोधन महेशराज पन्तको 'इतिहास–संशोधन' ५५ संख्यामा गरिएको छ । यसो हुनाले त्यहाँ थानकोटको अभिलेखको संवत् ५७ हो भनी लेखिएको छ । पछि हामी थानकोट गई यस अभिलेखको प्रतिलिपि लिंदा त्यसमा संवत्को पछिल्लो अङ्क नौलाई बुझाउने प्रश्नचिह्न जस्तो अङ्क देखिएको हुनाले 'पूर्णिमा' ८ पूर्णाङ्कका १–६ पृष्ठमा गौतमवज्र वज्राचार्यले थानकोटको अभिलेख छपाउँदा यस अभिलेखको संवत् ५७ होइन, ५९ हो भनी त्यहाँ लेखिएको छ । यही प्रतिलिपिको चित्रफलकको आधारमा 'पूर्णिमा' १४ पूर्णाङ्कको १०५–६ पृष्ठमा श्रीगुरुले पनि यस अभिलेखको संवत् ५९ हो भनी लेख्नुभएको छ । तर अहिले सबैतिरबाट विचार गर्दा थानकोटको अभिलेखको संवत् ५७ हो भन्ने टुङ्गो लागेको छ । मूल अभिलेखमा संवत्को अङ्क अलि स्पष्ट नहुँदा यस्तो गडबडी हुन गएको हो ।

सुनागूठी भृङ्गारेश्वरको भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेखमा—

संवत्  फाल्गुनशुक्लद्वितीयायाम्

यहाँ दायाँतिरको अङ्क पाँच हो । यो कुरा सूर्यघाटको अभिलेखबाट थाहा पाइन्छ । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँतिरको अङ्क 'चु'=साठी हो । यस कारण यहाँको संवत्‌को अङ्क ६५ हो ।

पाटन तलेजुचोकको नरेन्द्रदेवको अभिलेखमा—

संवत्  पौषशुक्लपञ्चम्याम्

यहाँ दायाँतिरको अङ्क सात हो । (पूर्णिमा १४ पूर्णाङ्कको १०५ पृष्ठ हेर्नुहोस् ।) बायाँतिरको अङ्क 'चु'=साठी हो । यस कारण यहाँको संवत्‌को अङ्क ६७ हो ।

काठमाडौं यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेखमा—

संवत्  भाद्रपदशुक्लद्वितीयायाम्

यहाँ पनि दायाँतिरको अङ्क सात र बायाँतिरको अङ्क साठी हो । यस कारण यहाँको संवत्‌को अङ्क ६७ हो ।

देउपाटन चोछेंटोलको नरेन्द्रदेवको पालाको अभिलेखमा—

संवत्  ज्येष्ठकृष्णदिवा सप्तम्याम्

यहाँ दायाँ अङ्क नौ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँतिरको अङ्क 'चु'=साठी हो । यस कारण यहाँको संवत्‌को अङ्क ६९ हो ।

देउपाटन कसाईटोलको नरेन्द्रदेवको अभिलेखमा—

संवत्  कार्तिकशुक्लद्वितीयायाम्

यहाँ दायाँ अङ्क एक हो । (पूर्णिमा ७ पूर्णाङ्कको १ पृष्ठ हेर्नुहोस् ।) बायाँ अङ्क दीर्घ 'चू' हो । लिच्छविकालमा दीर्घ 'चू' यस्तै किसिमको हुन्थ्यो । ललेको शिवदेव+अंशुवर्माको अभिलेखमा 'चूडिकेश्वरस्य' लेख्दा यस्तै किसिमको दीर्घ 'चू' लेखिएको छ । जस्तै—



दीर्घ 'चू' ले कतिलाई बुझाउँथ्यो भन्ने उल्लेख तात्कालिक अभिलेखमा पाइएको छैन ।

तर हाम्रो यहाँ शून्यको प्रयोग गरी अङ्क लेख्ने नवीन पद्धति चलिसकेपछि पनि प्राचीन पद्धतिको लोप भएका थिएन । यसो हुनाले धेरैजसा पुराना हस्तलिखित ग्रन्थमा एक छेउमा प्राचीन पद्धतिबाट र अर्को छेउमा नवीन पद्धतिबाट अङ्क लेखिएको पाइन्छ । त्यताबाट दीर्घ 'चू'= ७० हो भन्ने थाहा पाइन्छ[१] । यस कारण यहाँको संवत्‌को अङ्क ७१ हो ।

नक्साल भगवतीबहालको टुटेधाराको नरेन्द्रदेवको पालाको अभिलेखमा—

संवत्  कात्तिकशुक्लनवम्याम्

यहाँ दायाँ अङ्क आठ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँतिरको अङ्क 'चू'= सत्तरी हो । यस कारण यहाँको संवत्‌को अङ्क ७८ हो[२] ।

पाटन गैह्लीधाराको नरेन्द्रदेवको अभिलेखमा—

संवत्  भाद्रशुक्लदिवाषष्ठ्याम्

यहाँ दायाँ अङ्क तीन हो । एकलाई बुझाउने तीन धर्का जोडिंदा वर्तमान तीन अङ्कको जस्तो रूप लिन लागेको यहाँ देखिन्छ । बायाँ अङ्क असी हो । यो कुरा रत्नसंघको अभिलेखबाट थाहा पाइन्छ । (पूर्णिमा ४ पूर्णाङ्कका १०–११ पृष्ठ हेर्नुहोस् ।) यस कारण यहाँको संवत्‌को अङ्क ८३ हो ।

---

१. उदाहरणार्थ राष्ट्रियपुस्तकालयमा रहेको ताडपत्रमा लेखिएको ३७९ संख्याको 'माध्यन्दिनीयशुक्लयजुर्वेदसंहिता' लाई देखाउन सकिन्छ । त्यसमा एक छेउमा प्राचीन पद्धतिबाट, अर्को छेउमा नवीन पद्धतिबाट पत्राङ्क लेखिएका छन् । त्यहाँ सत्तरीदेखि उनासीसम्मका पत्रमा सत्तरीलाई बुझाउने यस्तै दीर्घ 'चू' लेखिएको छ । जस्तै—



२. संस्कृत–सन्देश २।१-२-३ को ५ पृष्ठमा ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु पं. नयराज पन्तले नक्सालको यो अभिलेख छपाउनुभएको छ । त्यहाँ संवत् ६८ छापिएको छ । तर यो अशुद्ध हुन आएको छ । ह्रस्व 'चु' ले ६० र दीर्घ 'चू' ले ७० लाई बुझाउने हुनाले यहाँको संवत् ६८ होइन, ७८ हो भन्ने निश्चित छ । यहाँको संवत्‌लाई ६८ पढ्ने हो भने देउपाटन कसाईटोलको नरेन्द्रदेवको अभिलेखको संवत्‌लाई ६१ पढनुपर्ने हुन्छ । त्यहाँको संवत्‌को बायाँतिरको (दशस्थानी) अङ्क पनि यहाँको जस्तै छ । त्यसलाई ६१ पढ्यौं भने घटनाक्रम बाझिन जान्छ । किनभने ६५ सम्मका त विष्णुगुप्तकै अभिलेख पाइन्छन् । यसरी उपर्युक्त दीर्घ 'चू'= ६० होइन, ७० हो भन्ने अन्दाज यताबाट पनि गर्न सकिन्छ । यस कारण नक्साल भगवतीबहालका अभिलेखको संवत् ७८ हो भन्ने निश्चित छ ।

बलम्बु प्रणिधिपूर्णविहारमा हाल रहेको अभिलेखमा—

संवत्  वैशाखशुक्लदिवादशम्याम्


यो अङ्क नब्बे हो । यो कुरा रत्नसंघको अभिलेखबाट थाहा पाइन्छ । (पूर्णिमा ४ पूर्णाङ्कको १० पृष्ठ हेर्नुहोस् ।) यस कारण यहाँको संवत्को अङ्क ९० हो ।

पाटन च्यासलटोल गणेशस्थानको अभिलेखमा—

संवत  पौषशुक्ल दिवादशम्याम्


यहाँ दायाँ अङ्क आठ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँतिरको अङ्क नब्बे हो । (पूर्णिमा ४ पूर्णाङ्कको १० पृष्ठ हेर्नुहोस ।) यस कारण यहाँको संवत्को अङ्क ९८ हो ।

पशुपति वज्रधरका नरेन्द्रदेवको अभिलेखमा—

संवत्  ज्यैष्ठशुक्लदिवात्रयोदश्याम्

यहाँ दायाँ अङ्क तीन हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँ अङ्क 'अ'=सय हो । यो कुरा रत्नसंघको अभिलेखबाट थाहा पाइन्छ । (पूर्णिमा ४ अङ्कका ९–१० पृष्ठ हेर्नुहोस् ।) यस कारण यहाँको संवत्को अङ्क १०३ हो ।

पाटन मछिन्द्रनाथको ढोकानिरको बलरामको पादपीठको अभिलेखमा—

संव  वैशाखशुक्लदिवद्वितीया

यहाँ दायाँ अङ्क नौ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) बायाँ अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्को अङ्क १०९ हो ।

नाला लगनटोल भगवतीमन्दिरको शिवदेवको पालाको अभिलेखमा—

संवत्  ज्येष्ठशुक्लदशम्याम्

यहाँ दायाँतिरको पछिल्लो अङ्क आठ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क दश हो । (पूर्णिमा ७ पूर्णाङ्कको ३ पृष्ठ हेर्नुहोस ।) त्योभन्दा बायाँतिरको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्को अङ्क ११८ हो ।

सुनागूठी भृङ्गारेश्वरको शिवदेवको अभिलेखमा—

संवत् 

भाद्रपदशुक्लपञ्चम्याम्

यहाँ दायाँतिरको पछिल्लो अङ्क एक हो । (पूर्णिमा ७ पूर्णाङ्कको १ पृ.) त्योभन्दा बायाँतिरको अङ्क 'थ'=बीस हो । (पूर्णिमा ७ पूर्णाङ्कको ४ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्‌को अङ्क १२१ हो ।

बलम्बु महालक्ष्मीपाठको शिवदेवको अभिलेखमा—

संवत् 

……पञ्चम्याम्

यहाँ दायाँतिरको पछिल्लो अङ्क नौ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नहोस । ) त्योभन्दा बायाँतिरको अङ्क 'थ' = बीस हो । त्योभन्दा बायाँतिरको अङ्क 'अ' = सय हो । यस कारण यहाँको संवत्‌को अङ्क १२९ हो ।

पाटन च्यासलटोल नायहिटीको अभिलेखमा—

संवत् 

ज्येष्ठशुक्लपञ्चम्याम्

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । (पूर्णिमा १४ पूर्णाङ्कका १०१–५ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क 'ल'=तीस हो । (पूर्णिमा ४ पूर्णाङ्कका १४–१५ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्‌को अङ्क १३७ हो ।

पाटन मीननाथको धाराको अभिलेखमा—

संवत्  पौषशुक्लदिबातृतीयस्याम्

यहाँ दायाँतिरको पछिल्लो अङ्क आठ हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क 'प्त'=४० हो । (पूर्णिमा ४ पूर्णाङ्कका १४–१५ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्‌को अङ्क १४८ हो ।

जैसीदेवलको टुटेधाराको अभिलेखमा—

संवत् 

वैशाखशुक्लद्वितीयायाम्

यहाँ दायाँतिरको पछिल्लो अङ्क एक हो । (पूर्णिमा ७ पूर्णाङ्कको १ पृ.) त्योभन्दा बायाँतिरको अङ्क पचास हो । (पूर्णिमा ४ पूर्णाङ्कका १४–१५ पृष्ठ हेर्नुहोस्) त्योभन्दा बायाँतिरको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्को अङ्क १५१ हो ।

पशुपतिको जयदेवको अभिलेखमा—

संवत् 

कार्तिकशुक्लनवम्याम्


यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । (पूर्णिमा १४ पूर्णाङ्कको १०५ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क पचास हो ।) पूर्णिमा ४ पूर्णाङ्कको १५ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्को अङ्क १५७ हो ।

पाटन मङ्गलबजार डबलीको अभिलेखमा—

संवत्  कार्तिक…दिवादशम्याम्

यहाँ दायाँको अङ्क 'चू'=सप्तरी हो । बायाँको अङ्क 'अ'=सय हो । यस कारण यहाँको संवत्को अङ्क १७० हो ।

पाटन सुबहालको अभिलेखमा—

त्वसं 

माघशुक्लदिवा

यहाँ दायाँतिरको पछिल्लो अङ्क सात हो । (पूर्णिमा १४ पूर्णाङ्कको १०५ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क असी हो । (पूर्णिमा ४ पूर्णाङ्कका १०–११ पृष्ठ हेर्नुहोस् ।) त्योभन्दा बायाँतिरको अङ्क अ=सय हो । यस कारण यहाँको संवत्को अङ्क १८७ हो । तिथिलाई बुझाउने अङ्क पाँच हो । (पूर्णिमा ७ पूर्णाङ्कको २ पृष्ठ हेर्नुहोस् ।)

काठमाडौं हनूमान्ढोकाको अभिलेखमा—



आषाढकृष्णसप्तम्याम्

यहाँ दायाँतिरको अङ्क सात हो। बायाँतिरको अङ्क 'आ'= २०० हो। (पूर्णिमा ४ पूर्णाङ्कका १०–११ पृष्ठ हेर्नुहोस् ।) 'अ'लाई कानदानी दिई 'आ' लेख्ने चलन बढी छ। यहाँ चाहिं 'अ' मा तलतिर मात्रा जोडी 'आ' पारिएको छ। यस अभिलेखमा 'आषाढकृष्णसप्तम्याम्' लेख्दा पनि यसै गरी 'अ' मा तलतिर मात्रा जोडी 'आ' पारिएको छ। यसै गरी लेलेको अभिलेखमा 'आश्वयुजशुक्लदिवा लेख्दा, अनन्तलिङ्गेश्वरको अभिलेखमा 'आनरस्तम्भानाम्' लेख्दा 'अ' मा तलतिर मात्रा जोडी 'आ' लेखिएको छ।) यस कारण यहाँको संवत्का अङ्क २०७ हो।

(क्रमशः)

# ऐतिहासिक घटनावलि

*—गौतमवज्र वज्राचार्य*

यो घटनावलि ऐश्वर्यधर शर्माको संग्रहको हो। धेरै वर्षअगाडि उहाँले यो हामीकहाँ ल्याउनुभएको थियो। १ देखि ८ संख्यासम्मका जम्मा आठ पत्र यसमा छन्। प्रत्येक पत्रको एकातिर हरिताल लाइएको छ। एक दुइ ठाउँमा बाहेक अक्षर सफा र राम्रा छन्। जगज्जय मल्ल र जयप्रकाश मल्लका समयका घटना र श्री ५ रणबहादुर शाहका समयका केही घटना यसमा परेका छन्। पहिलो पत्रमा टिपिएको घटनाको वर्णन नटुङ्गिदै पत्र सिद्धिएको हुनाले यो घटनावलि अपूरो छ भन्ने देखिन्छ।

यसमा लेखिएका धेरैजसा वर्णन पाठपूजा, दान, नाच, शान्ति स्वस्तिसम्बन्धी घटनालाई लक्ष्य गरी लेखिएका छन्। राजनीतिसँग सम्बन्ध राख्ने घटनाको उल्लेख यसमा थोरै छन्। कान्तिपुरका अन्तिम राजा जयप्रकाशको पालामा अनेकन् राजकाजी घटना नघटेका होइनन्। परन्तु यसमा गोरखालीहरूको नुवाकोट विजय जस्ता एक दुइ घटनाबाहेक अरू कुनै राजकाजी घटनाको वर्णन परेको छैन। नुवाकोटमा कान्तिपुरेहरूको हार भएको कुरा पनि जयप्रकाशको दरबारमा त्यस वेला चलिरहेको नाचको वर्णनको प्रसङ्गमा परेको छ। एक देशले अर्को देशसँग भित्रभित्रै चालेको षाड्गुण्यका कुरा सबैलाई थाहा नहुने हुनाले त्यसको चर्चा यसमा

नहुनु स्वाभाविक छ तापनि सर्वसाधारणलाई थाहा हुने अरू राजकाजी घटनाको उल्लेख यसमा नभएको देख्ता या घटनावलि टिप्ने व्यक्तिले त्यस वेलाका ती राजकाजी घटनाको चर्चा गर्नु अनावश्यक संझेको स्पष्ट देखिन्छ । हाम्रो यहाँ राजनीतिविद्याको पठनपाठन नभएको हुनाले राजनीति विद्याको एक प्रमुख अङ्ग मानिएको इतिहासको ज्ञान पढ्नुपर्ने विषय मानिदैनथ्यो । स्वयं राजकाजमा लागेका मनुष्यहरूले पनि धेरै अघि अघि बितेका घटनाको आधारमा विचार गर्नु आवश्यक संझेका थिएनन् । यस कारण पृथ्वीनारायण शाहले आफ्नो अन्तिम अवस्थामा दिएर गएको उपदेश बाहेक राजकाजी मनुष्यहरूले लेखेर गएको कुनै पनि संस्मरण हाम्रो यहाँ पाइँदैन । राजकाजसंग सोझै सम्बन्ध नभएका ज्योतिषी पुरोहित आदिले आफ्नो काम चलाउन लेखेर गएका यस्ता कागतपत्रहरूमा पाठपूजा आदिको विषयमा बढी चर्चा हुनु स्वाभाविक छ । परन्तु यी कागतपत्रहरूलाई बेवास्ता गरेको खण्डमा पत्ता लाउन सकिने अनेकन ऐतिहासिक घटना अज्ञानकै गर्भमा रहिरन्छन् । यस कारण यी सबैलाई केलाएर हेर्नु आवश्यक छ ।

भाषावंशावलिमा जगज्जय मल्लको मृत्यु वि. सं. १७९१ फाल्गुनमा भयो भनी लेखिएको छ[१] । परन्तु यस घटनावलिमा जगज्जय मल्लको मृत्यु समय ने. सं. ८५६ (वि. सं. १७९२) फागुन लेखिएको छ । जयप्रकाश मल्लको ने. सं. ८५६ (वि. सं. १७९२) को टक पाइन्छ[२] । यस कारण यस घटनावलिले दिएको जगज्जयमल्लको मृत्यु समय भरपर्दो देखिन्छ ।

वि. सं. १७३७ को जेठमा १८ वर्ष ७ महीनाको उमेरमा नृपेन्द्र मल्लको मृत्यु हुँदा ९ जना सती गएका थिए । परन्तु उनकी रानी जयलक्ष्मी सती गएकी थिइनन् । वि. सं. १७३८ को मङ्सीरमा ती रानीले भवानीशंकरको स्थापना गरेकी थिइन्[३] । जयप्रकाशको शासनकालसम्म पनि तिनी जीवित थिइन् । नृपेन्द्र मल्लको मृत्यु भएको ६३ वर्षपछि ने. सं. ८६३ (वि. सं. १८००) श्रावणमा रानी जयलक्ष्मीको मृत्यु भयो । यो कुरा यस घटनावलीमा लेखिएको छ । उनको मृत्यु हुँदा राजा जयप्रकाशलाई पनि आशौच पऱ्यो भन्ने वर्णन यहाँ गरिएको छ । जगज्जय मल्ल र जयप्रकाश मल्लको मुद्रामा प्रतापमल्लका कान्छा छोरा

---

१. "जगज्जय नाम गऱ्याका···राजा नेपाली संवत् ८५५ (वि. सं. १७९१) फागुनवदि पञ्चमीका दिन परलोक भया ।"

२. नेपाली राष्ट्रिय मुद्राको ९० पृ. हेर्नुहोस् ।

३. "सं. ८०२ मार्ग्गशिर कृष्ण: । प्रतिपदा रोहिणीमृगशिर नक्षत्र वुधवार···थ्वकुन्हु नृपेन्द्रमल्लया करात श्रीश्रीजयलक्ष्मी राणीया देवरस श्रीभवानीशंकर देवस्थापना याङाव गजुरि छायाव दिन ।"

(चन्द्रमान जोसीको ठ्यासफुबाट)

[ने. सं. ८०२ (वि. सं. १७३८) मार्ग कृष्ण प्रतिपदा रोहिणी उप्रान्त मृगशिरा नक्षत्र वुधवारको दिन नृपेन्द्र मल्लका रानी श्रीश्रीजयलक्ष्मीले भवानीशङ्कर स्थापना गरी गजूर चढाउनुभयो ।]

महीपतीन्द्रका नामोल्लेख भएको हुनाले जगज्जय मल्लहरूको प्रतापमल्लका सन्तानहरूसँग नाता हुनुपर्छ भन्ने अनुमानलाई यसले पुष्टि गरेको छ ।

मल्ल राजाहरू गोरखालीहरूभन्दा कमजोर थिएनन् । परन्तु आखिरमा गोरखालीहरूले मल्लहरूहाई हराए। मल्लहरूको हार किन भयो । त्यस विषयमा विचार गर्न यस घटनावलिले हामीलाई केही मद्दत दिन्छ ।

पृथ्वीनारायणले वि. सं. १८०१ मा कान्तिपुरको राज्य नुवाकोटमा हमला गर्दा कान्तिपुरमा सैनिक तयारी हुन लागेको थिएन । यो कुरा यस घटनावलीमा उल्लिखित एउटा घटनाबाट थाहा हुन्छ । गोरखालीहरूले नुवाकोट कब्जा गर्दा कान्तिपुर राजदरबारमा नाचगान (सांस्कृतिक कार्यक्रम) चलिरहेको थियो । बाडवानल, उषाहरण आदि विभिन्न नाच देखाइन लागेका थिए। नाच चलिरहेकै दिन गोरखालीहरूले नुवाकोट कब्जा गरे भन्ने खबर कान्तिपुर राजदरबारमा आइपुग्यो। हारेका कान्तिपुरेहरूलाई नुवाकोटबाट निकालेर पठाइयो भनी यसमा वर्णन गरिएको छ । मल्लहरूको पतन किन भयो भन्ने विषयमा यस वर्णनले केही प्रकाश पारेको छ ।

यस घटनावलिको अन्त्यमा अर्को एउटा चाखलाग्दो घटना टिपिएको छ । जयप्रकाशले कोटिपार्थिव पूजा[1] गर्ने विचार गरी पुरोहितवर्गलाई बोलाई आजभोलि पुरोहित्याइँको पालो कसको छ भनी सोधे । पुरोहितत्याइँको पालो विद्यानन्द उपाध्यायको थियो। परन्तु जयप्रकाशले विद्यानन्द उपाध्यायको सर्वस्वहरण गरेका हुनाले भक्तपुर राज्यभित्र पर्ने बनेपामा गई उनी बस्न गएका रहेछन् । धनचा नामक आफ्नो अङ्गरक्षकलाई पठाई जयप्रकाशले तिनलाई बोलाउन पठाए। मेरो त्यहाँ कान्तिपुरमा घर छैन, जग्गा छैन म कसरी आऊँ भनी विद्यानन्द उपाध्यायले भनिपठाए । सर्वस्व फिर्ता दिन्छु भन्ने वचन दिई जयप्रकाशले फेरि बोलाउन पठाए । राजाको वचनमा भर परी उनी कान्तिपुर आए। यसपछिको घटना पनि यसमा केही लेखिएको छ । परन्तु वाक्य पूरा नहुँदै पत्र टुङ्गिएको हुनाले यसपछि के घटना भयो भन्ने कुरो बुझिदैन ।

जयप्रकाश मल्लको पालामा घटेको यो घटना ने. सं ८५१ (वि. सं. १७८८) चैत्रमा भएको हो भनी यहाँ लेखिएको छ, परन्तु जयप्रकाश वि. सं. १७९२ मा मात्र राजा हुन्छन् । यस कारण यस घटनाको संवत् लेख्दा भ्रमवश बिग्रन गएको देखिन्छ ।

माथि चर्चा गरिएका घटनाहरूबाहेक अरू पनि केही इतिहास लेखन काम लाग्ने वर्णन यस घटनावलिमा परेका छन् । परन्तु विशेष परिश्रम विना प्राचीन नेवारी भाषाको अर्थ नखुल्ने हुनाले राम्रो अध्ययन गरी ती सबैको व्याख्या पछि दिइनेछ ।

---

१ जयप्रकाशले कोटिपार्थिवपूजा गरेको वर्णन यस घटनावलिमा ठाउँठाउँमा लेखिएको छ। भाषावंशावलीमा यस विषयमा यस्तो उल्लेख पाइन्छ—

"(जयप्रकाशले) यस्ता तरहसँग देवताका स्थानमा रहेका माल लिई बेची खर्च तुल्याया। मेरा काम फत्ते भइगयो भन्या देवताहरूलाई दोबर द्रव्य चढाउँला भनी लियाको हो। याहाँपछि तिनै धन खर्च गरी धेरै पार्थिवपूजा गर्‍या ।"

# मूलपाठ

सं. ८६२ ज्येष्ठ शु द्वादशी स्वातिनक्षत्र वृहस्पतिवार थ्वकुन्हु श्रीगुणानन्दराजया वुदान तया । थ्व वेलस श्रावण शु ४ सनौ, ङय नेन्हु दुकुन्हु दवुछेया श्रीपूर्णानन्द भाजुचा सिक ।। थ्व वेलस वुदान तयागु छेया जुक्व दुख मानय मयाङा, मेव छेया मानय याक । जिन्हु कुन्हु लुसिभति धेङाओ, मोड भति भति जुक्व न्हुया छेयाओ वुदान तयाह्मयाओ जुक्व छुं मयाङा. थ्व वेलस उपाकर्म गोलया याङा तपिनया जुक्व, श्रीसुंदरमल्ल थाकुरसिक जिमछन्हु तुनि दत धकाओ राजाया उपाकर्म धकाओ स्नानया विधि जुको याङा, होमादि मयाक वुदान तयाह्मया जुक्व सकतां विधि थ्यं याङा समावर्त्तनं संवाजन दायकाओ लित हया, थ्व वेलस चतुर्थी कुन्हु गथे याय धकाओ साहुति याङा । यवोदक याङाओ तयधुनो थुका धकाओ कर्म आरंभ याङाओ तय धुसेनलि समाप्ति मजुओतोले मकेङ धकाओ चतुर्थी सूर्यन दृष्टव्रतं कुमारी भुजां विधिथ्यं याङा राजायाके आशिष तयके एङा कथनं लुकना चोङा. अडपो दुने कुन्हु दुहाओया. संति वेनका लुसि धेङा मोड न्हुया पिनेया थुका धक, पंचगव्य मकाया । थ्व वेलस लत्यान केङाओ चोले श्रीभवानन्दराजया अ…तदु लत्या मधुनि धकाओ व्रत यात । मेलेछेस मेव पलिक तया धर्म दनका उपासन चोङाओ व्रत का....या. वजिन पारण याङा संतिया पुगी खण्ड पारण यात ।

सं. ८५६ माघ शु, श्रीपंचमी वुधवार थ्व कुन्हु पचोस, श्री ३ सरस्वतीया मूर्ति पिकायाओ प्रतिष्ठा याक, श्री २ जुजु यजमान चोङाओ यात्रा दयकु, यज्ञ याक, तपादेओवदे संतिकुन्हु खत दयकाओ देशस दक्व वाजन दयकाओ यात्रा याङाओ देश फुयकु चछि इतुंवालस तयाओ, देशस दक्व दाफा थातकु राजा विज्याक थ्वन सतिकुन्हु न्हिछिं अनन्तयाओ न्हिनसं दक्व दाफा थातकु थ्वन सतिकुन्हु सुथ राजा विज्याङाओ द्वारस लं सोचकाओ दुथुवहिलीस देओ तल । थ्वननलि ङान्हु कुन्हु श्री २ जुजु मछिन मछिङान च्यान्हु कुन्हु यानस चास अभाक जुल श्री २ जगज्जयमल्ल जुजु ।। मूर्त्ति पिकाओह्म यात्रान वालछि न्हओ सिक अथेनं मानय मयाक । थ्वगुलि दन शिवरात्रि मङाओ श्री ३ पशुपतिस्के प्रहर २ या पुजा जुको याङा वाजन मदयका उत्रव मदु. मेलेसं पूजा मात्र दुनेनं यातका ।

सं. ८५६ माघकृष्ण द्वितीया शनैश्चर थ्वकुन्हु जुजु मछिङाओ चोले अकस्मात् देशस चला छह्म दुहाओओ कतकन लाङाओ लायकुल हओ । थ्व वेलस शान्ति याङा, देशस वलि वियका, इहाओ थासस गुर्व्वाहालन ।। राजकुल दुतहओ थास कलश पूजा याङा उपाध्यान आचार्यन वलि वियका ।। श्री २ या तिलगर्भदान यातका अथेनं ङान्हु कुन्हु अभाग जुलं ।।

थ्वगुलि दन हत गङाओ तले चकन पुन्हिसि कुन्हु गंधुलिदेओ ङायकु सतिकुन्हु तानादेओ हयकु, गथं थाक देओ दुकाओ देको वाजं जुक्व थात ।। थ्वगुलि दनं धुधुच्या देओ हओ देशस जुक्व वाजन मथाक ।।

सं. ८५६ फा. कृ. त्रयोदशी प्र. चतुर्दशी शनैश्चरवार लत्यानपले हत गङाओ तले, श्री ३ तलेजुस्के लच्छि २ या चतुर्दशीया कथनं पूजामात्र याङा, दुगुह्म ६ दयका मेवन मसियका ।। मेले २ पूजा मात्र यातका देओ दिओ तदुखेलस वोल देवकमजुक्व मया मगावर्व याङा ।। ङत प्याखन हुयका ।। मेवता जुको यात ।। सतिकुन्हु लुमढीया कह गया सकभिन यां देव खतस

तयाओ छेतो छेतो हल । यात्रा मदु । ओगलस मदलनकु, राजा मविज्याक ।। श्री ३ वत्सला-देवीयात ग्वल दक्षिणा जुक्व विसे छोत पूजाभल मछोक ।।

सं. ८६३ श्राव, शुद्धि अष्टमी प्र नवमी सोमवार थ्वकुह्नु श्री २ नृपेन्द्रमल्ल जुजुया रानि श्री २ जयलक्ष्मीदेवी मोक ।। थ्व वेलस लत्या मानय मयाक मि तओह्नया जुक्व. लत्यातो तल । श्री २ पनिस ह्नु १२ न वेनकल, श्री ३ तलेजुस्के पूजां सकतां ह्नु १३ निसे यात ।। थ्व वेलस उपाकर्म तपिनस मङाओ राजाया दुख मवेङ धक ।। स्नान जुक्व ब्राह्मणया धक महिङा ।। थ्व वेलस थ्वया मितओह्न श्रीभिखवाल थाकुल मछिङाओ अडप्व दुतैया तओए मफयाओ सपिण्डी ह्नकुह्नु थ्वया किजान तुनि यातका । सपीण्डीसमान सुन्ग धुनकाओ ओया किजा छे ओसेनलि वलह्निया पेघलि ङा घलि जाओ वेलस दाजुह्न गोलस सित, थ्व वेलस महनि पनिओ धक श्री २ पनिस्त मकसे तयाओ नवरात्र स्वङा । पंचलिमण्डल कुह्नु सुथ कङाओ दुख वेनका लुसि धेनका स्नान जौना हिलका पंच गव्य वियाओ मालक्व महनि कर्म धुनका लओतं थाकुलपनि ज्यास गेक्व लुकना तया जुरो ।।

सं. ८६२ कार्तिक शुक्ल द्वादशी प्र. त्रयोदशी थ्वकुह्नु श्रीविश्वानन्द भाजुया ह्मचाच वुल । थ्वन ह्नस ह्नु आदित्यवार कुह्नु ओया केहे श्रीचन्द्रलक्ष्मीदेवीया काय वुल । मखनस मामया थओछेस यङाओ थ्व वेलस मजियाओ जय व्याली नेह्नस मालाओ लिपावुओ कथं वेनका नाम-करण निखेदों याङा जुरो ।।

सं. ८६६ माघ शु. १४ शनिवार थ्वकुह्नु श्री ३ तलेजुस्के पिवने घण्टया थास दक्षिण-द्वारया तोरणस भुलुखा छह्न चोङ खँङाओ दायाओ स्याक थ्व वेलस थ्वन च्याह्नु कुह्नु शान्ति यज्ञ कओसिसं यात आहुनि दो १० मूलनं मालक्व वैदिक क्रमनं यात ; चौस वृहस्पतिवार जोरण पूजा यात ।।

थ्वन ह्नयह्नु ह्नओ श्री ३ चगुनानजुस्के वलह्निया आरति यात । खापा चालकु वेलस अकस्मात् घण्ठ दको थाक. थ्वया शान्ति यज्ञ आहुति दो १० मन्त्रशन्नोदेवी सादान सद्य यात ।।

सं. ८६६ माघामावास्या कुह्नु श्री ३ पशुपतिस शान्ति यज्ञ आहुति दो १० पाशुपतन समिध व्याल पात फा ओयाओ श्री ३ वासुकिया नित्यपूजा लोप जुयाओ ।।

सं. ८६१ भाद्रकृ १३ शनिवार थ्वकुह्नु श्रीसिद्धानन्द उपाध्याया काय लक्ष्मीराज भाजु स्वर्गी जुल । थ्व वेलस श्रीविद्यानन्द उपाध्याया ग्वलया शाद्ध पाल जुयाओ चोले दुखन पङाओ पेह्नु तो समाप्ति मजुक्व समाप्ति याङा श्राद्धस गेक्व दुख मालछे मछोया । मालक्व चोछेया भण्डिल वालकृष्ण लाहातीस वियाओ. ग्वलसं ताल लातकाओ, मधुक्व सुमकं धुनका छेन छु मयाङा ग्वच दक्षिणा जुक्व विसे छोया वृद्ध शाद्धकुह्नु न कछायात वजि जुक्व थननं विसे छोया । घेल साखल चुलि पालु ङा ग्वच दक्षिणा थ्वते थननं विसे छोया चोछे भंडिन दुख मालथास मछोया ओमिसेनं अनं वाले इले यातका ।। थ्वगुलि दन महनिन छेस छुँमयाङा लत्या मधुङाओ सोह्नु तिनं मयाङा ।। लत्या मधुङाओ सो ह्नतिनं मयाङा थ्वगुलि दन ग्वलस महनि यातका । जि नेह्नु मद तोले अननं ताल लातका दाम जुक्व विया छोया । महादशमी कुह्नु जि सोह्नु तदे धक।

कललपूजा छोयमालगु छातथें छोया । नओमिकुह्न स्याङागु लालि सकलें तोक पुयाओ सुमुक ह्ल । थ्व वेलस मितओ श्रीब्रह्मराज भाजु ङानिह्म कुह्न निसे देश क्रिया यात । सिककुह्न निसे क्रिया यातसा ह्लापा खुसिसनि धुनके माल, ङानिह्म ह्लयनिह्म कुह्न निसे क्रिया यातसा छेस वियधुंकाओ तुनि खुसि ओनेमाल ।

सं. ८८३ पौ. शुक्ल रेवती शुक्र थ्वकुह्न श्री ३ पशुपतीस कोटि पार्थिवपूजा संकल्प यात श्री २ जयप्रकाशमल्लदेवन श्री ३ गुह्येश्वरीस्के स्वल्प पूजा ॥

सं. ८८२ श्रावण कृ. ९ प्र. दशमी रोहणी शनिवार थ्वकुह्न श्री ३ गुह्येश्वरीस पूतका छायाजा ॥

सं. ८८२ श्रावण कृ. ९ प्र. दशमी रोहणी शनिवार थ्वकुह्न श्री ३ गुह्येश्वरीस पूतका छायात श्री २ जयप्रकाशमल्लदेवन । थ्व वेलस अतपा ३२ स यज्ञ याङा वैदिकनं यथाकर्मस पूतका शोधन याङाओ छोया । मूलया दुकु १ तुं १०८ गुं ४ थां ४॥ दुकु १ तुं १०८ ग्रं ३६॥ दु अं ९ तुं १०८ ग्रं ९ चाक ॥ भैरवया दुकु १ तुं १०८ ग्रं ५ थां ५॥ त्रिदेवस दुकु १ तुं २७ ग्रं १८ पू ३॥ वसिकया दुकु १ तुं १०८ ग्रं १८॥ दु अं १२ तुं २७ ग्रं ४ थां ४ मातृका ॥ दुकु १ तुं ५४ ग्र १८ इताथिता गणेश ॥ दुह्म तकु १ तुं १०८ ग्रं १८ पू ८ घातया देओ ॥ दुकोला १ तुं २७ ग्रं १८ माले २ पु ४ द्वार सुद्धां ॥ अग्नियात दु अं १२ तुं १२ ग्रं १८ । किंकीणीपू ४०॥ पूटमालको का ग्वडा २ आत्मपु ४ दुकु १× अं ८ ग्रं ३२ कर्मयाको जुक्व ॥ पुतकाय जमानन छायका ॥ विधिह्लापां चेत स्वान खेलाओ अद्य ह्लथुकुह्न या वोष्य । तंत्रमतन मालका आचार्यन पूजा यातका । दुगुह्म ३ त्रिदेवस्के हसह्मं मेसह्म १ सुथं हि फओयाके यातकाओ ताल लातकु ॥ विधिथ्यं वैदिक यज्ञ धुंका ॥ पूजा धुनकाव मजांतथ्यं समय भोज्य ॥ संतिदेवस गुण वियाओ पूतका कोकाया उपाध्यासेनं जुरो ॥

सं. ८२० वैशा शु ४ आदित्यवार थ्वकुह्न श्री ३ तलेजुया मातृका हिलाया लक्षाहुतिया अग्निस्थापन ॥ थ्वंलि पूर्णिमा रात्रिकर्म ॥ संति आहुति ॥ सन्ति द्वितीया मातृगणस्नान ॥ सन्ति वैशा कृ ३ प्र चतुर्थी सिद्धियोग वृहस्पतिवार धनुरासि जीवन्यास ध्वजाछा याङा ॥ सन्ति चतुर्थीरात्रिकर्म ॥ स्वपोल खनक रात्रि ॥ श्रीभुवनलक्ष्मीमाजुन जुरो ॥

नेपालाब्दगतेऽन्तरीक्षभुजगस्तम्वे रमाङ्के सिते

शुक्रे मासि च पंचमीतिथियुते पुष्ये विधौ वासरे ।

प्रत्यग्रं सगणाष्टमातृसहितं कृत्वा स्वमूर्त्तिं चतु-

द्वारं चापि जयप्रकाशनृपतिर्ल्लक्षाहुतिं चातनोत् ॥

सं. ८५५ चैत्र शु ८ शुक्रवार थ्वकुह्न श्रीजमलबाहालदेओया रथया घरचाकर पुखुल ङ्वागरा याङा वेलस मनुष नेह्म नयाओ सिक । थ्व वेलस वलि वियाओ होम याङाओ शान्ति याक ॥

सं. ८६३ फार्गुण शुक्र थ्वकुन्हु श्रीजमल वाहालदेवया जटपोलस मिन नयाओ चोङ । थ्व वेलस यज्ञ वलि यासे शान्ति यात वदेनं ।।

सं. ८६३ फार्गु शु थ्वकुन्हु गंधुलिदेवया चुकस मण्डलपातस, फा छेल छगोल चोङ थ्वया शान्ति यज्ञादि वलि पूजा यात देव पूत मतओ गुर्व्वाहालन यात ।।

सं. ८६४ भाद्रव ६ आदित्यवार थ्वकुन्हु वाधवानल प्याखनया अंकचाल पूजा नाशलचुकस उकुन्हु कन्हे होल सिक्व सं उषाहरण प्याखन लितल ग्रन्थगुरुनिखे दों उह्यं थ्वकुन्हु नवक्वा थस गोर्षारि हथाल ओल, थ्वन सतिकुन्हु नवक्वाथ गोर्षारिन काल । इथाल ल्वाक पनि जुक्व स्याक मल्वाक्व पितिङाव हओ ।

सं. ८८७ चै कृ. १५ अंगार कुन्हु श्री ३ पशुपतिस ओहोया जलधरी लिकाल ।।

सं. ८८६ वैशा, शु ६ थ्वकुन्हु श्री ३ महीपतीन्द्र नारायणजुस्के खुयाओ यन, थ्वया शान्ति याङा देवपूजा वरी पूत तया ङान्हकुन्हु वेनका होम याङा समुद्रकलश ग्व ४ मूर्ति चोया शिवशक्ति ताहाप्वनं तया मृत्तिका जोरण तीर्थलंख गंगाजल दयकाओ प्रतिष्ठाकथनं शान्ति कथनं याङा दान तिलपात्र लुँ ८१ रति । षत्तिशत्तत्त्वन सोधन याङा देवस्त ।।

सं. ९०६ वैशाष शुक्ल पूर्णिमा शनिश्चरवार थ्वकुन्हु स्वपहल तिन्हि जाओ वेलस थंक्वाठ कुलन नाग लिङाओ हल···हिति ताया थासंनिसे चि भायतुया वुस छोमाछ झोलं छपुं मदु धोलखापंतुया लख छेदुछि तिंति ह्नुओ लुखु तीर्थया लिओने वुस फयग्वडा वाकव्वालं जुयाओ, धूंवाहाखेल लूओनें आतपा इखेथिखे तितिह्नुओह मदु. धुंवाहाखलया देओल नापं चोङगु चपालया पलि छुति मदु सिमा छमां लप लप द्याङ सङाओ कोखंह्म ७ कयह्मिचा चखुंचा दको सिक गोकुलनंदया फलेया आपासेंङ थ्वनको खुसिस लंख पङाओ लंख चिचिल अनथें थनथें मदु, हनो तमासिक्वस चित वाहालया पश्चिमखे चोंगु चपाल हितुहिलाओ लिओने वुस चतावाङाओ थिस चोङ मनुष ह्मं ३ उल्यं सिक ह्मं घाल जुओ होलचोमि ह्मं ३ वोयक यङाथे तापाले वुसं जुङाओ गां मदु । हनो वुधांखेल क्वस चों उझानसं सिमा कचा चल हाओ । वुधांखेल उत्तरस चोङ चपालस कामिछह्म सगान फायाओ देङ चोह्मया सगां छुति मदु, ग्वगोल ह्मं ७ छति मदु पलिया आपां मदु । हनं इखापुखुलिस आपातोल फियाओ ताथु थवहिलीस छेखा चुतुचुलाओ अंगोल नओ २ मूव हनो याका ह्मुसिनस किसिह्म स्वकथने जिओथिं ।

सं. ९०६ ज्ये. व. थ्वकुन्हु वुगदेव ज्यावयात भति मङासे देव मसालकं आलसि तोक वुल

सं. ९०६ ज्ये शु ६ थ्वकुन्हु पोदे मुगलया कोच्चा थयापनिस मोचा वुओह्मया मिखा चाक चाक लाक कपालया चोस सतपतन हुओ छेलस लायांस पोल ह्मुतुस धंवा थेनिखे दु जर्मकिकर थें वुओ धाल । थ्व वेलस वाग्मती तेखुसं विष्णुमती खुसिसं लख सुक वालछिति फि जकं जुओ ।

सं. ९०६ आषाढ शुक्ल एकादशी शुक्रवार थ्व कुन्हु एलया स्वनिह्म अतवछेस थ्यातकाओ तवह्म श्रीविष्णुधर भाजुया काय श्रीविद्याशंकर भाजुचा वुदान तयाओ तयाह्म स्वर्गी जुओ ।

थ्व वेलस निर्णयसिंधु सफुलिसं स्वयाओ ह्लापां ह्लापां थथ जुओ दु थुका धकाओ कर्म्म आरंभ याङाओ तय धुनो, समाप्त मजुओ तोले सिक धाय मखु धक समावर्त्तनया होम गुरुह्मन यास्य, विधि मालको धुनकाओ मूंज त्वय विधि समस्तं यजपूर्णानं मालको धुनकाओ थ्व वेलस सिकया ह्म गेलाओ सिकथन । थ्व समानवर्त्तनया होमकुण्डस चोङ मिं एनेमाल थुगुसिनं चितास संस्कार धक सफुलिस ह्लात थ्वं लि वटुया जोरण दण्ड कालसाछे गुल योगपट्टा कुण्डचा थ्वते खुस चुयकु ओसत कोपति एवा थ्वतेनापं छोयकु ममुक तोले श्रीब्राह्मणजुपनिसेनं यात गुथिजनन मथियकु पञ्च तीर्थ लातके गुलि थओ थओनं याक जुरो ।।

सं. ९०७ माघवद्धि १५ आदित्यवार थ्वकुह्न दवुछेया श्रीभास्करराज भाजुचाया इहियात पीठपूजा यवोदक याङा । फार्गुणशुक्ल द्वितीया पर तृतीया अंगारवार थ्वकुह्न मामह्मया मुचा त्रओ । थ्व वेलस गथे याय धक धायाओ यवोदक याङा तय धुनो, जिओछे धक चापूजा ओङा दुसलं यात । थ्वनं सति चतुर्थी वुधवार कुह्नं कंन्यादान संतिवग यात । थ्वकुह्नं पिछितका फागुणस निवार...इनाय लिताकथनं छेमछोसे लुकनातया इहि याङा पति दयं तया श्रीदेगुलि ।

संवत् ८५१ मिति चैत्रकृष्णया परिजोकुह्न श्री ३ जयप्रकासमल्लन कल्यहल चूकस कोटिपार्थिव पूजा याये धक प्रोहित वोनकल छोयाओ आज्ञा दयेकल कोटिपार्थिवपूजा याय धक मनस्वभा याना प्रोहितया पाल आमकन षला धक नेन पालजा जिमि मखु विद्यानंद भाजुया पाल धक राजयात कना थओगु छेसं विज्यात. प्रोहितपिं श्री ३ जयप्रकास राजान धंचा को-षामचाया ह्लओने आज्ञा दयकल । विद्यानंदपाध्यायात ह्मीसेन सर्व्वस्व काय तया पाल धासा ओयागु पाल जुल ओयुला धक धंचायाके नेन । राजान नेस्यंलि धंचां धाया ओयागु छे वकसये जुयेमाल छपोल निपोल सकस्यातं क्षमा यायेमाल धक विंति यास्येलि जयप्रकास महाराजान आज्ञा दयकल ग्वसाहियात वियागु दाम काये धुन अंन्याल यायेला धक थुगु नेना माहाराजाजुया प्रोहितयात थथे याये मतेओ धास्यंलि आसाकिलं दामकाया विचा धओ धक आज्ञा वियाओ विद्यानंद पाध्या वोनकल छोतं खपजुजुया लागास भोतस चोनह्म वोनकल छोतं । आमकन छे मदु वु मदु गथे ओये धक धाल । थुगु ष राजायात लिसल कना । ह्लापायागु छे विये भोगं विये थन वोना हकि धक धंचायात छोत । धंचा ओनाओ विद्यानन्द उपाध्यायात रांजां धाको ष कनाओ वोनाहल स्वपहरया घरि वितय जुओ अन थेनगु नापं लानाओ महाराजा हर्ष जुया विज्यात राजाया हजुरिस विद्यानंदपाध्यान हाथ जलपा विंति यातं विंतिया⋯

# वि. सं. १८५७ को
# एउटा ऐतिहासिक कागत

—शङ्करमान राजवंशी

वि. सं. १८५२ को सरकारिया आम्दानीखर्चसम्बन्धी केही विवरण भएको एक ताउ कागतको उतार पूर्णिमा १८ पूर्णाङ्कमा मैले छपाएको थिएँ । अहिले वि. सं. १८५७ को सरकारिया आम्दानीखर्चसम्बन्धी केही विवरण भएको एक ताउ कागतको उतार यहाँ छपाउँदैछु । हाल यो कागत पनि संशोधनमण्डलको संग्रहमा छ ।

सं. १८५७ साल

**चिठा आमदनि षर्च नुलछेका कौसिको मार्फत गजिद्रलछिमन—**

बैसाषबदि ४ रो १ के[1]

**आमदनि—**

**षर्च—**

**श्रीस्वामिका[2] जिउनारके हस्ते सबुजका[3] बाजबर्न थापा च्या माना–२**

बैसाषबदि ६ रोज ३ के[4]

**आमदनि—**

**षर्च—**

---

१. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको संग्रहमा रहेको वि. सं. १८५७ को पात्रोसँग रुजु गरी यहाँ परेका तिथिमिति जाँचिएका छन् । यहाँ वैशाखवदि ४ रोज १ वैशाख ३ गते पर्छ ।

२. श्रीस्वामी=श्री ५ रणबहादुर शाह । वि. सं. १८५५ फाल्गुन २८ गते डेढ वर्षका छोरा गीर्वाणयुद्धलाई गद्दीमा राखी रणबहादुर शाहले संन्यास लिएका थिए । यस कारण उनी श्रीस्वामी कहलाएका थिए । (त्रिरत्नसौन्दर्यगाथाको २८५ पृष्ठ)

३. सबुज=श्री ५ पृथ्वीनारायण शाहले खडा गरेको ५ कम्पनीमध्येको एउटा कम्पनीको नाम (श्री ५ पृथ्वीनारायण शाहको उपदेश ८४४ पृष्ठ)

४. वैशाखवदि ६ रोज ३ वैशाख ५ गते पर्छ ।

पू० फ० ३.

नुवाकोटबाट काजि षजांचिले[1] माषादि तेलमा हालन भनि मागि पठाउदा हुलाकमा पठाइदियाको रास्ना[२] तोला— ३५।७

श्रीस्वामिजिका हजुर दाषिल हस्ते बांका भिमसेनकपुर मासा— २

बैसाषबदि ९ रो ५ के[३]

आमदनि—

षर्च—

श्रीस्वामिजिका मर्जि भयो भनि समसेर सुबेदारले पाटन लैगयाको लस्करी बंदुक— ८

दफे श्रीस्वामिका मर्जिले मछिन्द्र षवासले पाटन लैगयाका तरवार— ५

फलाम्या कबुजा[४] चादिको ठठि भयाको षुर्सान तरबार[५]— १

रुपौला[६] कबुजा भयाको बंदर— १

सुनौला कबुजा भयाको चिनिया— १

सुनौला कबुजा भयाको बंदर निम्चा— १

रुपौला कबुजा भयाको षाडो[७]— १

दफे निगाल्या चामुहस्ते गयाको तरवार— २

कंदकारि कबुजा भयाको— १ फिर्ता

फलाम्या कबुजा भयाको सुर्हि— १ फिर्ता

बैसाषबदि १० रो ६ के[८]

आमदनि —

षर्च—

पाटनबाट कपर्दार र षजांचिले मागि पठाउदा भाजुमचाहस्ते पठायाको लाल मषमल षगाम[९]— ३ अंगु ३

---

१. यी खजांचीको नाम जगन हो। यसको उल्लेख यही कागतमा तल आएको छ।

२. रास्ना=गाइतिहारे (वात नाश गर्ने औषधि)।(यहाँ परेका औषधिको अर्थ वैद्य दिव्यवज्र वज्राचार्यले गरिदिनुभएको हो।)

३. वैशाखवदि ९ रोज ५ वैशाख ७ गते पर्छ।

४. कबुजा=तरवार समात्ने ठाउँ। यस निबन्धमा शब्दका अर्थ प्रायः बालचन्द्र शर्माको नेपाली शब्दकोशबाट दिइएका छन्।

५. षुर्सान तरबार=खुरासान देशको तरबार।

६. रुपौला=चाँदीको रङ्गको।

७. षाडो=खड्ग (तरबार)।

८. वैशाखवदि १० रोज ६ वैशाख ८ गते पर्छ।

९. षगाम=लमाइ र चौडाइ बराबर भएको कपडाको टुक्रा।

हस्ते ऐजन पुलादि ढालको फुलि जोर— १

बैसाषबदि ११ रो ७ के[१]

आमदनि—

षर्च—

दाषिल श्रीस्वामिजिका हजुर हस्ते कासिनाथ पाध्या भिमसेनकपुर मासा— १

बैसाषशुदि ३ रो १ के[२]

आमदनि—

षर्च—

नेपाल र नुवाकोट बाटो थुनियापछि पाटन् लंगयाका ४० हजार रुपैयामध्य ३६ हजार फिर्ता भयो. बाकि कपर्दार भोटूपाडेका[३] हस्ते गरि बलभद्र साहिलाइ[४] बकस्याका रुपैया चारहजार. छापसमेत— ४०००

| | | |
|---|---|---|
| पटना थैला— | २ के— | २००० |
| महिंद्रमलि थैला— | २ के— | २००० |

बैसाषशुदि ४ रो २ के[५]

आमदनि—

षर्च—

दाषिल श्रीस्वामिजिका हजुर हस्ते मछिंद्र षवास् पितल्या पेस्तबल— १

सिंगको कमान[६]— १

बैसाषशुदि ५ रो ३ के[७]

आमदनि—

षर्च—

---

१. वैशाखवदि ११ रोज ७ वैशाख ९ गते पर्छ ।

२. वैशाखशुदि ३ रोज १ वैशाख १७ गते पर्छ ।

३. यिनको परिचय पूर्णिमा १८ पूर्णाङ्कको १२७ पृष्ठमा हेर्नुहोस् ।

४. यी बलभद्र शाह श्री ५ पृथ्वीनारायण शाहका माहिला भाइ महोद्दामकीर्ति शाहका माहिला छोरा हुन् (पूर्णिमा १ पूर्णाङ्कको ४३ पृष्ठ) । प्रतापसिंहका समयमा यिनी बिदेसिएका थिए । पछि बहादुर शाहद्वारा यिनी झिकाइएका थिए । (ऐतिहासिक पत्रसंग्रह १ भागका ४१–४२ पृष्ठ) । सिह्लान्चोकमा चौबीसीसंगको लडाइँमा यिनले नाम कमाएका थिए । (जयरत्नाकरनाटकका १३२–३३ पृष्ठ) ।

५. वैशाखशुदि ४ रोज २ वैशाख १८ गते पर्छ ।

६. सिंगको कमान=सीङको धनु ।

७. वैशाखशुदि ५ रोज ३ वैशाख १९ गते पर्छ ।

दाखिल श्रीस्वामिजिका हजुर हस्ते रार्मसि खिरवादारको छोरा बिरभद्र अंगरेजि बारुद माना— २

श्रीस्वामिजि राजा भयापछि हजुरमा गयाको पाटन्मा हस्ते रनजित् कवरको छोरा बाल्या[1]—

सुनौला तोडावाल बंदुक— २

रुपौला तोडावाल बंदुक्— २

सादा तोडावाल बंदुक— २

पथरकला बंदुक्[2]— २

दफे. पाटन् गयाको हस्ते जया गुरुको छोरा रनकेसर लस्कर्रि बंदुक—

वैसाषशुदि ६ रोज ७ के[3]

आमदनि—

षर्च—

दाखिल श्रीस्वामिजिका हजुर हस्ते टिक्या षवास सफेद नमदाको[4] मोजा जोर—१

वैसाषशुदि १० रोज १ के[5]

आमदनि—

षर्च—

श्रीस्वामिका षाडोका मियान[6] के हस्ते हकर्या बोहोरा मषमल हात— १

कर्पर्दार भोटूपाडेहस्ते डसनाकन गयाको लाल लिहु[7]— १

जेष्टबदि ३ रो १ के[8]

आमदनि—

षर्च—

---

१. यी बाल्या बालनरसिंह कवर हुन् । यिनको परिचय पूर्णिमा १६ पूर्णाङ्कको ४०६ पृष्ठमा हेर्नुहोस् ।

२. पथरकला बंदुक्=चकमक र पत्थर घोटी आगो निकाली बारुद सल्काई पड्काउनुपर्ने बन्दूक ।

३. वैशाखशुदि ९ रोज ७ वैशाख २३ गते पर्छ ।

४. नमदाको=जमोठ गरेको ऊनी ।

५. वैशाखशुदि १० रोज १ वैशाख २४ गते पर्छ ।

६. षाडोका मियान=तरबारको म्यान (तरबारको दाप)।

७. लिहु=कपडाविशेष ।

८. ज्येष्ठवदि ३ रोज १ ज्येष्ठ १ गते पर्छ ।

दाषिल पाटन्का तोसाषाना हस्ते सिबनारां पाध्या. दिनानाथ पाध्याले[1] कलकत्ताबाट पठायामध्ये—

लाल तासि किमषाब थान— १

बैगनि[2] सानुबुटि किमषाब थान— १

सबुज[3] सानुबुटि किमषाव थान— १

जेष्टबदि ५ रो ३ के[4]

आमदनि—

षर्च—

पाटन् हजुरमा गयाको हस्ते चंदन घोटन्या महिंद्र पंचरंगि षाता[5] हात— ३

जेष्टबदि ६ रोज ४ के[6]

आमदनि—

षर्च—

जगन्[7] षजांचि आइ श्रीस्वामिजिको मर्जि भयाका छ भनि बुर्जाबाट झिकिदियाका छापसमेत थैला १७ के पटना रुपैया सत्र हजार— १७०००

बलभद्र साहलाई दिनु भनि षजांचि आफैले लैगयाको हजारदस—१०००० 

गंड्या सर्दारलाई दियाका हजारसात— ७०००

---

१. यी दीनानाथ उपाध्याय मणिधर उपाध्यायका नाति, सत्यधर उपाध्यायका छोरा हुन् (चित्तरञ्जन नेपालीको श्री ५ रणबहादुर शाहको १२३ पृष्ठ)। यिनले पृथ्वीनारायण शाहको समयदेखि नै कलकत्तामा नेपाली राजदूतको रूपमा काम गरेका थिए (श्री ५ पृथ्वीनारायण शाहको उपदेश ११८८ पृष्ठ)।

२. बैगनी=बैजनी रङ्गको ।

३. सबुज=हरियो रंगको ।

४. ज्येष्ठवदि ५ रोज ३ ज्येष्ठ ३ गते पर्छ ।

५. षाता=खाता (एक किसिमको बही लेख्ने लामो कागत)।

६. ज्येष्ठवदि ६ रोज ४ ज्येष्ठ ४ गते पर्छ।

७. यी खजाञ्ची जगन, बलभद्र उपाध्यायका नाति, बैजनाथ उपाध्यायका छोरा हुन् (श्री ५ रणबहादुर शाहको १२२ पृ.) वि. सं. १८६३ मा रणबहादुरशाह मारिएपछि त्यस काण्डमा यिनी पनि मारिएका थिए (पूर्णिमा १२ पूर्णाङ्कको ४८ पृष्ठ)।

जेष्टबदि १० रोज १ के[1]

आमदनि—

षर्च—

जगत् षजांचिले कोठाबाट झिकि जालिम डिठ्ठाहस्ते पुलचोकमा श्रीस्वामिजिका हजुर पठाइदियाका छापसमेत थैला ३ के पटना रुपैया हजारतिन्— ३०००

जेष्टशुदि ६ रोज ५ के[2]

आमदनि—

षर्च—

दाषिल बालानिलकंठको तोसाषाना हस्ते श्रीनिधि पाध्या च्या माना— ३

जेष्टशुदि ८ रोज १ के[3]

आमदनि—

षर्च—

चौतारा रनउद्योत[4] साहका छुरिके मियान मोहनाके हस्ते बिष्णुसि पुतबार गज अंगुल ७ लामु बित्ता १ अंगुल २ को स्याहा मषमल टूकुरा— १

आषाडबदि १ रो १ के[5]

आमदनि—

षर्च—

जहरसिंका महतारिके जहरसिंका महतारिके[6] श्रीमाहिला महारानि[7]बाट बकस हस्ते र प्रमागि मातु[8] च्या ठूलो मापच्या— १

आषाडबादे ८ रो १ के[9]

आमदनि—

षर्च—

१. ज्येष्ठवदि १० रोज १ ज्येष्ठ ८ गते पर्छ ।
२. ज्येष्ठशुदि ६ रोज ५ ज्येष्ठ १९ गते पर्छ ।
३. ज्येष्ठशुदि ९ रोज १ ज्येष्ठ २२ गते पर्छ ।
४. यी चौतारा रणउद्योत शाहको परिचय पूर्णिमा १६ पूर्णाङ्कका ४०७-८ पृष्ठमा हेर्नुहोस् ।
५. आषाढवदि १ रोज १ ज्येष्ठ २९ गते पर्छ ।
६. यिनी जहरसिंका महतारी केहरसिंह बस्नेतकी पत्नी चित्रादेवी हुन् (इतिहासप्रकाश पहिलो अङ्कका १७-२० पृष्ठ) । यहाँ लेखकको भूलले जहरसिंका महतारी भन्ने पद दोहोरिएको छ ।
७. माहिला महारानी=सुवर्णप्रभादेवी ।
८. त्यस वेला राजदरबारमा प्रभाव भएकी केटी (त्रिरत्नसौन्दर्यगाथा १६६-६७ पृठ) ।
९. आषाढवदि ९ रोज १ आषाढ ४ गते पर्छ ।

चिनबादसाहका[1] सौगातके हस्ते सर्बजित पाडे[2] रुपौला तास तोल ३२ मासा २ का थान— १

लासाका अंबाका[3] चिठि बेहि पठाउनाके हस्ते भाजुमनि षाता— १

पालपालि राजाका[4] इलाजके प्रमांगि किर्तिमान[5] काजी. सनाम[6]कं तोला— ३

*आषाडबदि ३० रो १ के[7]*

आमदनि—

षर्च—

अभिमानसिं[8] काजिका इलाजके प्रमांगि किर्तिमानसिं काजि. हस्ते जैसिं पुतुवार सुनको तबक बरक[9] ५

श्रीमैया साहेबका बिछाउनाके हस्ते मातु धर्माबाल लिहु— १

दाषिल तोसाषाना हस्ते भास्कर पाध्या. भोटचा धुप मुठा— १

भडारषालमा संषद्राव[10] बनाउनाके हस्ते जसिबंत अधिकारि आतसि सिसि[11]— २

---

१. यस वेलाका चीनबादशाह जेन-त्सु (चिअ-च इङ) थिए। (मार्गरेट डब्ल्यू. फिशर र लिओ इ. रोजको इङ्गल्यान्ड, इन्डिया, नेपाल, टिबेट, चाइनाको ३ पृष्ठ)

२. यी सर्वजित् पाँडे रणशूर पाँडेका छोरा हुन् । वि. सं. १८५४ मा यिनी दूत भई भोट गएका थिए (श्री ५ रणबहादुर शाहको १११–१५ पृष्ट) । वि.सं. १८५५ मा यिनी भोटसंग चिठीपत्र गर्ने काजमा नियुक्त गरिएका थिए (उही १३१–३२ पृ.) ।

३. अम्बा=चीनसरकारले लासामा राखेको प्रतिनिधि ।

४. यी पाल्पाली राजा पृथ्वीपालसेन हुन् । वि. सं. १८५५ मा गीर्वाणयुद्धविक्रमको राज्याभिषेकमा यिनी डाकिएका थिए । पछि नजरबन्द भई यिनी यहीं रोकिएका थिए । (पूर्णिमा २ पूर्णाङ्कको ७४ पृष्ठ)

५. यिनी केहरसिंह बस्नेतका माहिला छोरा हुन् (इतिहासप्रकाश १ अङ्कको ७८ पृष्ठ)। वि. सं. १८५५ मा अभिमानसिंह बस्नेतको खायल कजाइँ पछि यिनले पाएका थिए (इ. प्र. १ अङ्कको ११० पृष्ठ) । वि. सं. १८५८ मा यिनको ज्यान गएको थियो । (इ. प्र. १ अङ्कको १५–१६ पृष्ठ) ।

६. सनाम=(सनाय)=सनाइपत्ती (दिसा खलास गर्ने औषधि ।)

७. आषाढवदि ३० रोज १ आषाढ ११ गते पर्छ ।

८. यिनको परिचय पूर्णिमा १८ पूर्णाङ्कको १२३ पृष्ठमा हेर्नुहोस् ।

९. बरक=सुनको तपक ।

१०. संषद्राव=संखत्रो (अमिल्याएको अचारविशेष ) ।

११. आतसि सिसि=शीशीविशेष ।

## आषाडशुदि ३ रोज ४ के[1]

आमदनि—

षर्च—

श्रीस्वामिका हजुर कासि पठाउनाकन तकिया सुजनी[2] सियाउनाके हस्ते फरासका[3] मानिस् सिताराम कोचिन षगाम— १६।

रातो कोचिन षगाम— ५

सुनौला बिजुलिवाल कोचिन षगाम— ४।।

तासि बत्तुवाल बेस् कोचिन षगाम— ६।।

श्रीमहाराजाका इलाजके मार्फत जग्येबलभ[4] बैद्ये हस्ते रत्नबिर सनामकै तोला— २

गुलकंद[5] तोला— २

## आषाडशुदि ७ रोज १ के[6]

आमदनि—

षर्च—

श्री महाराजा र चौतारा भाइ[7] २ के जामा अलफि[8] सियाउनाके हस्ते कपर्दार तंजेब[9]थान—

## आषाडशुदि १० रोज ४ के[10]

आमदनि—

षर्च —

सेरबहादुर[11] चौताराके हस्ते भाजुबिर च्या माना— १

---

१. आषाढशुदि ३ रोज ४ आषाढ १४ गते पर्छ ।

२. सुजनी=सानो लम्पट ।

३. फरास=बिछ्याउनासम्बन्धी काम गर्ने अड्डा।

४. यस ताकाका यी राजदरबारका वैद्य हुन् (श्री ५ रणबहादुर शाहको १२६ पृष्ठ)

५. गुलकंद=गुलाफका पातलाई मिश्रीको चास्नीमा पकाएर बनाएको मगजको गर्मी हटाउने औषधि ।

६. आषाढशुदि ७ रोज १ आषाढ १८ गते पर्छ ।

७. यहाँ उल्लिखित २ भाइ चौतारा रणोद्योत शाह र समरशेर शाह हुन् भन्ने देखिन्छ ।

८. अलफि=बाहुला नभएका कुर्था ।

९. तंजेप =तन्जेब(एक प्रकारको मिहीन सूती कपडा, उत्तम जातको मलमल ।)

१०. आषाढशुदि १० रोज ४ आषाढ २१ गते पर्छ ।

११. यी रणबहादुरका भाइ हुन् । यिनीद्वारा वि. सं. १८६३ मा रणवहादुर मारिएका थिए । यसै काण्डमा यिनी पनि बालनरसिंहद्वारा मारिएका थिए (त्रिरत्नसौन्दर्यगाथाका १९२–९३ पृष्ठ) ।

*आषाढशुदि १२ रोज ६ के*[1]

आमदनि—

षर्च—

बिछाउना बनाउनाके हस्ते मानु लिहु— २

श्रीमहाराजाका बिछाउनाके— १

श्रीमाहिला महारानिका बिछाउनाके १

*श्राबनबदि ३ रोज ४ के*[2]

श्रामदनि—

षर्च—

जिमा फरास हस्ते रनबिर फरास्—

चिनिया सतरंज— १

जर्द[3] बुटादार बानातको ठूलो सुजनि— १

प्रामाणिक कागत हुँदा तात्कालिक राजकाज र अरू लौकिक कुरा बुझ्न यो कागतबाट केही मद्दत पाइन्छ । यस कारण यस विषयमा केही विचार गर्नुपरेको छ ।

वि. सं. १८५६ कार्तिकमा महारानी कान्तवतीको मृत्यु भयो । यसबाट स्वामी महाराज रणबहादुर शाहको मनमा ठूलो चोट पर्‍यो । यस वेला रिसको आवेगमा रणबहादुर शाहबाट भएको काम कारवाइले निकै खलबली मच्चाइदियो । यसो हुँदा भारादारहरूले वि. सं. १८५६ माघमा राजा गीर्वाणयुद्धविक्रमलाई नुवाकोट लगी राजधानी नै उहीं सारेका थिए । (पूर्णिमा १० पूर्णाङ्कको ५० पृष्ठ हेर्नुहोस्) यसैले नुवाकोटबाट काजी खजांचीले रास्ना (जडीबूटीविशेष) मागी पठाउँदा हुलाकद्वारा पठाएको चर्चा यहाँ परेको हो ।

यसको लगत्तै घटनाले अर्कै रूप लियो । यसको आभास यस कागतबाट पनि पाइन्छ । यहाँ वैशाखवदि ९ रोज ५ (वैशाख ७ गते) श्रीस्वामीको मर्जीअनुसार केही हतियार पाटन लगेको कुरा टिपिएको छ । फेरि यसको लगत्तै वैशाख शुदि ३ रोज १ (वैशाख १७ गते) को टिपोटमा नेपालउपत्यका र नुवाकोटको बाटो थुनिएको, चालीस हजार रुपियाँ पाटन लगेको तथा वैशाख शुदि ५ रोज ३ ( वैशाख १९ गते) को टिपोटमा स्वामीज्यू राजा भएको,

१. आषाढशुदि १२ का दिन रोज ५ आषाढ २२ गते पर्छ । द्वादशी टुटेको छ । आषाढशुदि १३ रोज ६ चाहिं आषाढ २३ गते पर्छ । यस कारण लेखकको गल्तीले आषाढशुदि १३ लेख्नुपर्नेमा १२ लेखेको हुनुपर्छ ।

२. श्रावणवदि ३ रोज ४ आषाढ २८ गते पर्छ ।

३. जर्द=सुर्ती रंगको ।

केही बारुद बन्दूक पाटन लगेको चर्चा परेको छ । यी उल्लेखबाट यस वेला के घटना भएको रहेछ त्यो चाहिँ यताबाट राम्ररी खुल्दैन । तर तात्कालिक पत्रहरूबाट यस वेला घटेका घटनाको राम्रो विवरण पाइन्छ। ती पत्रहरू अन्त प्रकाशित भएका छन् । (त्रिरत्नसौन्दर्यगाथाका २८६–८८ पृष्ठ) । तिनका आधारमा यहाँ यस विषयमा संक्षेपमा चर्चा गर्नु आवश्यक देखिन्छ।

भारादारहरूले राजधानी नुवाकोटमा सारेका हुँदा यसबाट स्वामी महाराजलाई रिस उठ्नु स्वाभाविक थियो । यस्तैमा बलभद्र शाहले 'हजुरलाई नजरबन्द गर्न नुवाकोटमा भारदारहरूले सल्लाह गरिरहेको मैले आफ्नै कानले सुनें' भनी स्वामी महाराजलाई सुनाइदिदा उनी हुनसम्म क्रुद्ध भए । अनि नुवाकाटमा आक्रमण गर्छु भनी उनी तम्से । त्यस वेलाका भारादारमध्येमा केही भारादार स्वभावतः स्वामी महाराजमा भक्ति राखी उनको पछि लागे । केही भारादार यस मौकाबाट फाइदा लिन उनको पछि लागे । यसरी केही भारादारहरूको सहायताले नुवाकोटमा आक्रमण गर्ने तयारी हुन लाग्यो । यसका लागि बाटोको सुबिधा हेरी पाटन पुलचोकमा र काठमाडौं पकनाजोलमा ठाना हालिए। रणबहादुर शाह पाटनमै रहन लागे । उनले 'म फेरि राजा भएँ' भनी घोषणा गरे । ठाउँ ठाउँका फौज तथा प्रजालाई आफ्नो पक्षमा मिलाउने कोशिश गरियो । यसका लागि स्वामी महाराज, जेठी बडामहारानी राजराजेश्वरी तथा स्वामी महाराजको पछि लागेका ठूलठूला भारादारहरूको नाउँबाट विभिन्न ठाउँमा पुर्जी पठाइए ।

यसरी नुवाकोटमा आक्रमण गर्ने तयारी हुन लागेको खबर नुवाकोट पुगेपछि त्यहाँका भारादारहरूलाई यो ज्यादै चिन्ताको विषय बन्यो । रणबहादुर शाहको स्वभावअनुसार रिसको झोंकमा उनले आक्रमण नगर्लान् भन्ने पनि थिएन । त्यसमा पनि जेठी बडामहारानी र अरू ९,१० जना ठूलठूला भारादारहरू उनको पछि लागेको तथा केही सैन्य र ठाउँ ठाउँका प्रजा उनको साथ दिन तयार भएको समाचारले नुवाकोटमा आक्रमण हुने धेरै सम्भावना छ भन्ने कुरा त्यहाँका भारादारहरूले स्पष्टै बुझे ।

यसरी गृहकलह केही गरी भइदिएको भए यसबाट ठूलो हानि हुने सम्भावना थियो । यस्तो छिद्र बाहिरकाले पाएको खण्डमा राष्ट्रमा खतरा आइपर्ने सम्भावना पनि थियो । यस परिस्थितिमा नुवाकोटमा भारादारहरूले लिएको नीति र गरेको प्रचार आदिको व्यवस्था बुद्धिमत्तापूर्ण थियो । नुवाकोटबाट ठाउँठाउँमा पठाइएका पत्रहरूबाट यो कुरा बुझिन्छ । एक डेढ महीनासम्म भइरहेको यस काण्डमा बाहिरका शक्तिले पनि हात हाल्न पुगेको भए राष्ट्रको लागि यो ठूलो दुर्भाग्यको कुरा हुने थियो । तर यसो हुन नपाओस् भनी भारादारहरूले सिंधुलीगढी आदि मुख्य मुख्य ठाउँमा कडा रक्षाप्रबन्ध गरेका थिए। सर्दार चामु भण्डारीलाई लेखिएको पत्रमा परेको—

"देसबाट चिठिपत्र सौगात उकिल आया तिनलाई मानिस साथ लाई नुवाकोट हाम्रा हजुर पठाइदिनु···

काठमाडौं पाटनबाट चिठीपत्र लैगयाको चिठि र मानिससमेत्कन पक्री मानीस हाम्रा हजूर पठाइदिनु"

यस अंशबाट यहाँको खबर विदेशसम्म पुग्न नदिन पूरा प्रबन्ध गरिएको थियो भन्ने स्पष्ट छ । गृहयुद्ध हुन नपाओस् भनी प्रभाव पर्ने ढङ्गले कुरा खुलाई राम्ररी प्रचार गरिएको थियो । यसो हुनाले यस नुवाकोटकाण्डले गृहयुद्धको रूप लिन पाएन । पछि नुवाकोटबाट फौज हिंड्यो भन्ने खबर आएपछि वि. सं. १८५७ ज्येष्ठ ८ गते स्वामी महाराज केही भारादार-साथ काशीतिर लागे (पूर्णिमा १० पूर्णाङ्क ५०–५१ पृष्ठ) ।

रणबहादुर शाह काशी पुगेपछि उनलाई तकियाहरू यताबाट पठाइदिएको चर्चा यस कागतमा परेको छ । इत्यादि तात्कालिक कुरा बुझ्न यो कागत उपयोगी हुंदा यहाँ प्रकाश गरिएको छ ।

(क्रमागत)

# वीर भक्ति थापा

*—महेशराज पन्त*

नेपाली सेनाले यसपछि घेरा झन् कसी किल्लाभित्र रसद छिर्न नदिएकोले खान नपाई काँगडाको सैन्यमा हाहाकार भयो । अनि अहिलेलाई म मालकाढा छोडिदिन्छु ; ११ दिनको भाका पाए आफ्ना जहानबच्चा र मालताल किल्लाबाट निकासेर कोटकाँगडा पनि छोडिदिने थिएँ भनी संसारचन्दले आफ्ना मन्त्री नौरङ्गको हातमा अमरसिंह थापालाई चिठी पठाए । यस वेला काँगडासँग लडाइँ चलिरहेको ४ वर्ष नाघिसकेको थियो तापनि विशेष लाभ हासिल गर्न नसकेकोले अमरसिंह थापाले संसारचन्दको कुरा पत्याई उनले राखेको शर्त मञ्जूर गरे । यसपछि अमरसिंह थापाले घेरा झिकिदिएकाले संसारचन्द दिउँसोदिउँसो किल्लाबाट जहानबच्चा र मालताल बाहिर लैजाने गर्थे । रातिरातिचाहिं उनी किल्लाभित्र सुटुक्क रसद भित्र्याउने गर्थे । यसरी उनले किल्लाभित्र रसदको पर्याप्त बन्दोबस्त गरे । यही मौकामा संसारचन्दले किल्लाभित्र फौज थपी आफ्नो सामरिक अवस्था पनि मजबूत पारे । यसरी पूरापूर बन्दोबस्त गरी एक दिन राति संसारचन्द किल्लाबाट बाहिर निस्की पंजाबका राजा रणजित्सिंहकहाँ मदत माग्न पुगे । यही समयमा म्याद पुगेकोले किल्ला छोड भनी अमरसिंह थापाले कोटकाँगडाका किल्लेदारलाई भने । तर काँगडाका सैनिकहरूले किल्ला नछोडी किल्लाभित्रबाट गोली बसाउन लागे ।[1]

१. किल्लाकाँगडा घेरी तंग पारी गालि रानी रनिबास् निकासनालाई ११ दीनको भाका मागी ३ पत्र लेषिदिदा ११ दिनको भाका दिदा अघि रानि रनिवास् असबाप् निकासि पछि

**संसारचन्द आफु किल्लामा किल्लेदार राषि रातमा निस्कि सिंह ल्याउंदा पछाडिका राजाहरू पनि उतै मिलन गया.**

(काजा अमरसिंह थापाले ज. अमरसिंह थापालाई वि. सं. १८७० मंसीर १० गते लेखेको चिठीबाट । पूर्णिमा ९ पूर्णाङ्कको ५२ पृष्ठबाट)

**किलाकांगडा घेरिकै, कीन्यो सब मजबूत ।**
**अकुलाये तब ही तहां, सब रांडीके पूत ।।**
**रस्त बंद करी तहां ही । खलबल पड़ी किलाके मांही ।।**
**खाली भये भँडार कुठारा । बाहरसों अन्न नआवे भारा ।।**
**त्राहि त्राहि गढ भीतर भई । नर नारी सब मूच्छित रही ।।**
**घास फूस सब खानहि लागे । एक एक कर जात हें भागे ।।**
**जो कोई दिन जीया चाहो । काजीसें कछ सूत्र मिलाओ ।।**

× × ×

**प्रान काहुविध सौं रख लीजे ।**
**प्रान रहे जो घटके मठ ही । फेर करें हमहूं नटखट ही ।।**
**सो परतीत शत्रुकौं दीजे । अपनो काम काढि सब लीजे ।।**
**कह्यो वचन मृदु मधुर महाई । हौं राजा ने दियो पठाई ।।**
**कायल हो नृप बिनती कीनी । इह अरजी करि तुमसौं दीनी ।।**
**किला कांगडा हमहूं छाड्यो । अब हमकौं तुम बाहर काढ्यो ।।**
**अपना करिकें हमकों राखो । वचन यहें नौरंगा भाखो ।।**
**किलाकांगडा छाडिके आओ हमरे पास । रहो चाकरीमांहि तुम पूर्न होय सब आस ।।**
**किला गोरखा जो इह पावें । धुर काशी कस्मीर दबावें ।।**
**पुनि लहौरमें लगे न बारा । लेहि पिसौर हिंद इह सारा ।।**
**ताते तुम जो किल बचाओ । रणजितसिंहको सिघ्र बुलाओ ।।**
**किला सौंपि पालायन कीजे । अपनो बोझ ताहि सिर दीजे ।।**
**किलाकांगडा सिंह दबावें । तो कोई दिनमें हम पावें ।।**
**इह मसलत सबके मन भाई । पाती सिंहपें सिघ्र पठाई ।।**
**पातीमहिं हाथी लिखिदीन्यो । आसपास ही कीचर कीन्यो ।।**
**कीचहिंबीच फंसे जब हाथी । काढे गधा न काढे साथी ।।**
**सिंह सिंहको काज सुधारें । सूर सूर सौंही ललकारें ।।**
**साह साहको काज चलावें । राजा राजा मदतको आवें ।।**
**हमहूं बहोत आज लों थामी । पूरब वेरी पश्चिम जामी ।।**
**तातें याको करो विचारा । पाती बांचि लगैनहिं बारा ।।**

**किला कांगडा तुमको दीन्यो । नातर इहै गोरखा लीन्यो ।।**

(मोलारामको गढराजवंशका इतिहासबाट । राहुल सांकृत्यायनको "गढवाल"का २२३–२४ पृष्ठबाट ।)

[ (अमरसिंहले) किल्लाकाँगडा घेरेर सबैतिर मजबूत पार्नुभयो । अनि त्यहाँ राँडीका सबै छोराहरू आत्तिए । त्यहाँ बाटाघाटा बन्द गरिए । किल्लाभित्र खलबली भयो । भँडारमा राखिएका भाँडा रित्तिए । बाहिरबाट अन्न आएन । गढभित्र त्राहि त्राहि भयो । सब मानिस मूर्च्छा परे । सबैले झारपात खान लागे । एकएक गरी (मानिसहरू) भाग्न थाले । केही दिन बाँच्न चाहने हो भने काजी (अमरसिंह)सँग सूत्र मिलाउनुपर्‍यो; कुनै प्रकारले भए पनि प्राण जोगाउनुपर्छ ; प्राण रहे सबै कुरा हुन्छ ; पछि हामीहरू फेरि ऊधुम मच्चाऔंला ; शत्रुलाई पत्यार पारी आफ्नो सबै काम सिद्ध गर्नुपर्छ (भनी संसारचन्दले विचार गरे) ] ।

हामीलाई बाहिर निस्कन दिनुहोस्; हामी किल्लाकाँगडा छोड्छौं, हामीलाई आफ्ना बनाएर राख्नुहोस् भन्ने भाकाको अर्जी लिएर जाऊ भनी नौरङ्गलाई (संसारचन्दले) दूत बनाई पठाए। हाम्रा राजाले कायल भई हजुरलाई यस्तो बिन्ती चढाई मलाई पठाउनुभएको छ भनी नौरङ्गले नम्र भई (अमरसिंहसँग) मीठो कुरा गर्‍यो ।

किल्लाकाँगडा छोडी हामीकहाँ आई हाम्रो चाकरी गरेर बस; तिम्रो सबै आशा पूरा हुनेछ (भनी अमरसिंहले जवाफ दिनुभयो ।)

गोर्खाले किल्लाकाँगडा पायो भने (उसले) काशी काश्मेर दबाउनेछ; फेरि (गोर्खालाई) लाहोरमा पनि कसैले रोक्न सक्नेछैन; पेशावर र सारा हिन्दुस्थान यसले लिनेछ; त्यस कारण किल्ला बचाउने हो भने रणजित्‌सिंहलाई चाँडै बोलाउनुपर्‍यो; (हामी रणजित्‌सिंहलाई) किल्ला सुम्पी भागौं; आफ्नो बोझ तिनको [ रणजित्‌सिंहको ] टाउकोमा राखिदेऔं; सिंहले [ रणजित्‌सिंहले ] किल्लाकाँगडा दबाए भने कुनै दिन हामी फिर्ता लिऔंला भन्ने कुरा उनीहरूको मनमा फुर्‍यो ।

(अनि) रणजित्‌सिंहकहाँ चिठी चाँडै पठाइयो । चिठीमा हात्ती लेखिएको थियो । त्यसको वरिपरि हिलो लेखिएको थियो । हिलोमा जब हात्ती फस्छ, गधाले साथी भएर (उसलाई हिलोबाट) झिक्दैन ; सिंहको काम सिंहले सपार्छ ; शूरोले शूरोलाई हाँक दिन्छ ; शाहले [ राजाले ] शाहको (राजाको) काम गरिदिन्छन् ; राजाको मद्दत गर्न राजै आउँछन् ; हामीले आजसम्म (किल्ला) थाम्यौं ; पूर्वतिर वैरी छ ; पश्चिमतिर सम्बन्धी छ ; त्यस कारण यो कुराको विचार गर्नुहोस् ; चिठी बाँचेर बार नलागोस् ; किल्लाकाँगडा तपाईंलाई दियौं ; नत्र यो गोर्खाले लिनेछ (भनी त्यस चिठीमा लेखिएको थियो ।)

काँगडाको किल्ला आफूलाई सुम्पने कुरा गरी संसारचन्दले मदत मागेकाले रणजित्सिंहले यो मौका छोड्नु उचित ठानेनन् र उनलाई मदत दिन मञ्जूर गरे । यसपछि वि. सं. १८६६ जेठ १७ गतेको दिन रणजित्सिंह फौज लिई पठानकोटमा आइपुगे । नेपालसँग मिलेका केही स्थानीय राजाहरू त्यस ताका नेपालको विरोधी भई नेपाली सैन्यलाई चाहिने रसद रोक्ने प्रयत्नमा लागेका थिए ।

नेपाली सैन्यको रसद रोक्न सकेको खण्डमा नेपालको मस्ती गल्नु स्वाभाविक भएकोले यो काम रणजित्सिंहका लागि पनि अभीष्ट थिया । यस कारण स्थानीय राजाहरूले गरिरहेको यस कामका मदतका लागि उनले आफ्नो फौज पठाए ।

यसरी रणजित्सिंह आई आफ्नो विरोधमा लगेको थाहा पाएर अमरसिंह थापाले संसार चन्दलाई मदत नगर; यसको साटो म पैसा दिउँला भन्ने कुरा गरे । तर कोटकाँगडा हात पार्ने इच्छा भएकोले अमरसिंह थापाको कुरा रणजित्सिंहले सुनेनन् ।

ससारचन्दको भित्री इच्छा रणजित्सिंहलाई किल्ला सुम्पने नभई खालि उनको मदत लिई नेपालीलाई धपाउने मात्र थियो । यस कारण सीख सैन्यलाई किल्लाभित्र लैजाने कुरामा संसार-चन्दले आलटाल गरिरहेका थिए । रणजित्सिंहको बूझ भने जसोतसो गरेर भए पनि किल्ला हात लाउने भएकोले भदौ महीनामा उनी किल्लातिर बढे । रणजित्सिंह यसरी किल्लातिर बढेकाले संसारचन्दले उनलाई रोक्न खोजे । अमरसिंह थापालाई छक्याए जस्तै गरी आफलाई पनि संसारचन्दले छक्याउन खोजेको चाल पाएर रणजित्सिंहले संसारचन्दका आफसँग रहेका छोरा अनिरुद्रचन्दलाई कैद गरिदिए । यसपछि केही नलागेर संसारचन्दले रणजित्सिंहलाई किल्ला सुम्पिदिए ।

---

तहाँपछि राजा संसारचन्दलाई रसद बन्द भै सकस लाग्दा अहिले मालकाडा छाडिदिन्छु किल्लाका अर्थलाई २२ दिनको* भाका दिया रानी रनेबास आलमाल लैजान्छु र २२ दिन-पछि* किल्ला छाडिदिन्छु भनी संसारचन्दले भन्दा बढिया. २२ दिनमा*क्या गर्ला. रस्ता खोलिदिन्या हो भन्न्या सल्लाह ठहर्दा रस्ता खोलिदिया र दिनमा रानी रनेबास लैजान्या र रातमा रसद बोकन्या गरी २२ दिनमा* किल्लामा रसद भरी लश्कर थपी आफ्ना रानी ली लाहुर गयाछन्. त्यस दिनमा किल्ला छाडिदेऊ भनी गोर्खालीले भन्दा संसारचन्दको क्या लाग्छ. हामी छाड्दैनौं भनी जवाफ दिया. किल्लाबाट गोली चलाउन लाग्या. किल्ला सर भएन ।

(भाषावंशावलीबाट)

---

* यहाँ संसारचन्दले २२ दिनको भाका मागे भनी लेखिएको छ । तर माथि उद्धरण गरिएको काजी अमरसिंह थापाले ज. अमरसिंह थापालाई वि. सं. १८७० मंसीर १० गते लेखेको चिठीमा ११ दिनको मात्र भाका मागेको कुरा लेखिएको छ । त्यो पत्र तात्कालिक भएकोले त्यसैलाई प्रामाणिक मानी ११ दिनको भाका मागेको कुरा माथि लेखिएको हो ।

रणजित्सिहले रसद आउन नदिएकाले नेपाली सैन्यलाई खान मुश्किल पर्दै गएको र अर्कोपट्टि खजाना पनि रित्तिदै गएको यही मौका छोपी छनौट पल्टन लिई रणजित्सिह कोटकाँगडातिर बढे । सीख सैन्यलाई रोक्न खोज्दा नसकी नेपाली सैन्यको हार भयो । यसपछि वि. सं. १८६६ भदौ ११ गतेको दिन सीख सैन्यले कोटकाँगडाभित्र प्रवेश गऱ्यो[1] ।

यसपछि रणजित्सिहले अमरसिंह थापाकहाँ दूत पठाए । कोटकाँगडाको दावी छोडी नेपाली सैन्य टिहिरामा गई बसे पहिलेदेखि रहेको हाम्रो मैत्री अझ दरो हुनेछ; गोर्खाली र सीख मिलेर अंग्रेजलाई धपाउनुपर्छ भन्ने कुरा त्यो दूतले अमरसिंह थापासँग गऱ्यो ।

शतरुद्राको बायाँ किनाराको प्रदेशमा आफ्नो अधिकार देखाउँदै कम्पनीसर्कारले रणजित्-सिहसँग वि. सं. १८६६ वैशाख १५ गते सन्धि गरेको थियो[2] । यसको मतलब शतरुद्राको दायाँ किनारामा रहेको प्रदेशमा कम्पनीसर्कारले रणजित्सिहको प्रभुत्व मानेको थियो । यसरी शतरु-द्राको दायाँ किनारामा रहेको काँगडामा कम्पनीसर्कारले रणजित्सिहको स्वामित्वमा बाधा नगरेको हुनाले नै रणजित्सिह त्यहाँ आउन समर्थ भएका थिए । अहिले आएर रणजित्सिहले तिमी र हामी मिलेर अंग्रेजलाई धपाउनुपर्छ भन्ने कुरा साखुल्ले भएर भन्न पठाएको सुनी अमरसिंह थापालाई हुनसम्म रिस उठ्यो र उनले त्यस दूतलाई कैद गरिदिए ।

अमरसिंह थापाले आफ्ना दूतलाई कैद गरिदिएकाले रणजित्सिहलाई पनि झोंक उठ्यो र उनको आज्ञाले सीख सैन्यले दुइ मुख भई किल्लाकाँगडाको दक्षिणपट्टि रहेको गणेशघाटीमा हमला गऱ्यो । गणेशघाटीको रक्षाको लागि सर्दार गन्धर्वसिंहको मातहतमा पहिलेबाटै फौज रहेको थियो । पछि रणजित्सिह काँगडामा आइपुगेपछि काजी जसपाउ थापा सर्दार चन्द्रवीर कवर र सर्दार इन्द्रसिंह थापा गणेशघाटीमा मदतको लागि खटिएका थिए । यस कारण रणजित् सिंहको सैन्यले गणेशघाटीमा हमला गर्दा नेपाली सैन्यले पनि २ मुख भई शत्रुसैन्यको मुकाबिला गरी उसलोई धपायो । यस लडाइँमा नेपाली पक्षको विजय भए तापनि सर्दार गन्धर्वसिंहलगायत ६०।७० नेपाली सैनिकले ज्यान गुमाउनुपरेको थियो ।

फेरि त्यही दिन सीख सैन्यले दिउँसोको ४ बजेतिर गणेशघाटीमा हमला गऱ्यो । पहाडको

---

१. हेनृ टी. प्रिन्सेपको अर्इजिन् अभ् द सीक् पाउअर् इन् द पंजाब्, यान्ड पल्इट्इकल् लाइफ् अभ् महाराजा रण्जित् सिङ्घ" (पंजाबमा सीख शक्तिको उदय र महाराज रणजित्-सिंहको राजकाजी जीवनी) का ७६–७७ .पृ.

खुशवन्तसिंहको अ हिस्टरि अभ् द सीक्ज् (सीखको इतिहास) को पहिलो भागका २३२–३३ पृ.

२. **रणजित्सिहले पहिलेबाट दखल गरेको शतरुद्राको बायाँ किनारामा रहेको प्रदेशमा अबदेखि उहाँको अधिकार रहनेछैन ।**

(वि. सं. १८६६ वैशाख १५ गते भएको कम्पनीसर्कार र रणजित्सिहको सन्धिको एक अंशको भावानुवाद । यो सन्धिपत्र जोसेफ डेवी कनिङ्घमको हिस्टरि अभ् द सीक्ज् (सीखको इतिहास)को वि. सं. २०२३ को संस्करणको ३५२ पृष्ठमा छापिएको छ ।)

टिपामा रहेको घोऱ्याटिपा र उसमनिका २ गढी हात लाई तलतिर ओर्ल्ही सीख सैन्य गणेश-घाटीको आडनिर पुग्यो । आडबाहिरबाट सीख सैनिकले छोडेका गोलीको जवाफ आडभित्रबाट नेपाली सैन्यले दिन थाल्यो ।

यसपछि गणेशघाटीमा बसेको नेपाली फौजको मदतको लागि हाम्रा सर्दार भक्ति थापा टिहि्राबाट फौज लिई गणेशघाटीतिर हिंडे । अनि यसै वेला गणेशघाटीको रक्षाको सम्पूर्ण भारा चन्द्रवीर कवरलाई सुम्पी घोऱ्याटिपा र उसमनिका २ गढी उकास्न भनी जसपाउ थापा आए। ती २ गढीभन्दा पनि तलको टिपामा आइपुग्दा रात परेकोले भक्ति थापा त्यहीं आड बार्न लागे ।

यसै वेला जसपाउ थापाले तलका २ गढी उकासी टिपामा पुग्दा सीख सैन्य र नेपाली सैन्यको फेरि एक बाजि भिडन्त भयो। यस भिडन्तमा नेपाली सैन्यसँग लड्न नसकी सीख सैन्यले भागभाग गऱ्यो । यसरी ओह्रालो लाएको शत्रुसैन्यलाई जसपाउ थापाको अधीनमा भएको नेपाली सैन्यले दपेट्न थाल्यो । यसै वेला हाम्रा भक्ति थापाको अधीनमा भएको सैन्यले पनि जसपाउ थापाको अधीनमा भएको सैन्यसँग मिली शत्रुपक्षलाई दपेट्न थालेकोले केही सीख सैनिक मारिए तथा बाँकीले भागाभाग गरे ।

यसरी गणेशघाटीमा आएको शत्रुसैन्यलाई धपाएपछि काजी अमरसिंह थापाले मालकाढा घेरी भवनमा बसिरहेको विशाल सीख सैन्यको मुकाबिला गर्ने विचार गरे । यसको लागि उनले काँगडाको वरपर रहेको नेपाली सैन्यको एक गठ बनाई सीख सैन्यउपर हमला गरे । धेरै दिन बितिसक्दा पनि कुनै पक्षको युद्धमा विजय हुन नसकेकोले शतरुद्रा साँध मानी नेपालको र रणजित्सिंहसँगको सन्धि भयो । यसपछि शतरुद्रा तरी नेपाली सैन्य सुघाठोर भन्ने ठाउँमा आई बस्यो[1] ।

(क्रमशः)

-※-

१ स्वस्ति श्रीसर्वोपमायोगेत्यादि सकल गुणगरिष्टराजभारासामर्थः श्रीजर्नैलभीमसेन थापा श्रीकाजीरणधोज्थापाकेषु ईत श्रीचन्द्रवीरकुवरकस्य आसिषःपुर्वकपत्रमिदं.

श्रीगणेशमा बिहानदेषि सांजसंम लडाञि भैरह्यो. ४।५ सय बैरिका खेत राषिउ. श्रीगणेश-घाटि थामिजु. काजिबाट गुहार पठायाका भक्ति थापा घोऱ्याटिपा र उस्मनिका २ गढि बैरिले लि राष्योथ्यो. श्रीगणेशघाटिका आडमा दोहोरा बन्दुक् हुदै थिया. वाहा थामनालाई केहि फौज लि म बस्या: काजि जस्पाउ थापा घोऱ्याटिपा र २ गढि उकासनालाई केहि फौज लि गयो: घोऱ्याटिपामा आगो लाग्याको देषि श्रीगणेशघाटिको फौज नपचि तांहां आयेनहो भन्या लषि वल्लै टिपामा कपतान भक्ति थापाको लस्कर कोहि आड बार्न लाग्या. कोहि भात पकाउन लाग्या. काजि उसपाउ थापाले तलका २ गढि उकासि घोऱ्याटिपामा पुग्दा बैरि

भाग्यो. बैरि भाग्याको देषि हाम्रा तासा नगराको सब्द सुनि भात घोप्टचाउदै दगुरदैं सिपाहीले गऱ्या. दस् बिस् जना सिपाही आईपुगि वोह्राला लाग्याका वैरिसग तर्बार जोरियो. उनका मुषमा सबै ११ जना काटिया: उ आईपुग्दा साज परिगयो: १७ सय मान्या भनि सर्कारमा अर्जि लेषियो. टिपामा आड बार्न नलाग्याका भया र ४ घरिअघि आई पुग्याक भया सत्र सय तक्या ३४ सय मारिन्या थियो. बाजि पनि टेकिन्यै थियो. ताहा पनि पाति आफैले लाया.

श्रीगणेशघाटिबाट तिम्हिरुले लस्कर सुकोटमा ल्याउ. ताहाको जाहाको बोलगोल मिलाई मालकाढा घेर्न्या भबनमा बस्याका बैरिलाई हान्नुपऱ्यो भन्या चिठि काजिबाट आउँदा श्रीगणेश-घाटिबाट लस्कर उठाई सुकोटमा आञ्युं. आजै राति श्रीबानगंगा तऱ्या हामि तर्न पाउ छौं मालकाढाको गुहारिलाई पुग्छौ भनि अनेक तरहसग मैले भन्या. बुढा पनि जानन्या पनि उनै थिया. भोलि जाउला भनि भक्ति थापाले भन्या: आज गया हामि जान पाउछौ. नतर हामि जान पाउदौन भनि फेरि मैले भन्या: सबैले भक्ति थापालाई पत्याईराष्याथ्या. सबैले उनैका कुरा पछि लाग्या. हाम्रा कुरा कसैले षायेनन्. सबै सुकोटमा थुनिई रहीञुं.

ई कुरा सबै जान्या जस्पाउ काजि छन्. सुकोटबाट लस्कर उठाई गुहार दिन्या छप नदेषिदा सुबेदार रिपुमर्दन थापाले र मैले मतो गरि सबुज र सिंघनाथ जाहां छन्. ई २ कम्पनि लि त र म जाउ. तारागढिबाट ४ कम्पनि लि आ भनि बिरभद्रलाई झिकाई पठाञुं. कम्पनि लि बिरभद्र आयो. तहांदेषि ओढो हामिले र अरूले गऱ्याको सबै कुराको बिस्तार बीरभद्र जांदछ. सोध्या बुझ्नुहोला.… … … … … …ईति सम्वत १८७० साल मिति पौषवदि १४ रोज ३❀ मुकाम नाहान शुभम्

(चन्द्रवीर कवरले भीमसेन थापा र रणध्वज थापालाई वि. सं. १८७० पूस ९ गते लेखेको चिठीबाट । यो चिठी श्रीशङ्करमान राजवंशीद्वारा सम्पादित 'शाहकालीन चिट्ठीपत्रसंग्रह'को पहिलो भागका १७–२२ पृष्ठमा छापिएको छ । मूल चिट्ठीसंग रुजु गरी यहाँ शुद्ध पाठ दिइएको छ।)

वि. सं. १८७० को यस पत्रमा चर्चा गरिएको गणेशघाटीको लडाइँ वि. सं. १८६६ मा भएको हो भन्ने कुरा भाषावंशावलीको तल उद्धरण गरिएको अंशबाट बुझिन्छ। खुशवन्तसिहको 'अ हिस्टरि अभ् द सीक्ज्, (सीखको इतिहास) को २३३ पृष्ठबाट पनि गणेशघाटीको लडाइँ वि. सं. १८६६ भदौ ११ गतेपछि भएको हो भन्ने बुझिन्छ ।

तुपक तीर तलवार सिरोही । लीनै चक्र चढे सब कोई ।।
तोफनकी गिनती कछु नाई । अंधाधुंध सरबत्र हि छाई ।

❀ वि. सं. १८७० पौषकृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पूस | ९ | मङ्गल | चतुर्दशी | ३८ । ३२ |

(पात्रोबाट)

फौजनको कछु नाहि सुमारा । जित कित सिह फिरे असवारा ।।

× × ×

तबें गोरखा बात चिताई । फौजें जब सिर पें चढि आई ।।
दल बादल चहुं दिस चढि आये । बरषा रितु ज्यों नभ घन छाये ।।
सिह कहैं उठि घर कौं जाओ । कं तो लडने सनमुख आओ ।।
रस्त बन्द चहुं गिरदसों कीनी । पौन सरीखी जान नवीनी ।।
जलबिन सब ही अत अकुलावें । अन्न मिलें नहि घासहि खावें ।।
सबें गोरखा अत अकुलाये । काजीसहित मिलन तब आये ।।
रणजितसिहको सीस नवायो । जीवनदान तब सब ही पायो ।।

× × ×

अमरसिह तव सीस नवायो । कर सलाम सतलजकौं आयो ।।
सूखीठौरमें बैंठ्यो जाई ।।

(गढराजवंशका इतिहासबाट । गढवालका २२४ पृ. बाट)

[बन्दूक, बाण, तरबार, सिरोही ? चक्र (पांग्राको आकारको फलामे हतियार) लिएर सबैले चढाइ गरे । तोपको केही गिन्ती नै थिएन । अन्धाधुन्धसँग सर्वत्र तोप छाएर राखिएका थिए । फौजको केही गिन्ती नै थिएन । घोडा चढेर सीखहरू जताततै हिँडिरहेका थिए ।

जब (सीखको) फौज टाउकोमाथि चढाइ गरेर आयो; तब गोर्खालीले विचार गरे । वर्षा-ऋतुमा आकाशमा जसरी बादल छाउँछ, (त्यसै गरी) सीखको फौज चारैतिरबाट चढाइ गरेर आयो । कि उठेर घर जाओ कि लड्न सामुन्ने आओ भनी सिंहले (रणजित्सिंहले) भने । पानी खान नपाएर सबै आत्तिएलान्, अन्न नपाएपछि घाँस खालान् भन्ने विचार गरी रणजित्-(सिंहले) चारैतर्फ बाटो बन्द गरी हावा पनि छिर्न दिएनन् । यस कारण सबै गोर्खाली आत्तिए । [अनि काजी अमरसिंह थापा]समेत (सबै गोर्खालीहरू) रणजित्सिंहलाई भेट्न आए । (उनीहरूले) रणजित्सिंहको अगाडि टाउको निहुराए । अनि सबैले जीवनदान पाए । अनि अमरसिंहले टाउको निहुराए । (उनी) सलाम गरेर शतरुद्रा आए, सुघाठोरमा गएर बसे । ]

नेपालसर्कारले दिएको वृत्ति खाई गढवाली कवि मोलारामले नेपालका राजा र भारादारहरूको प्रशंसात्मक कविता लेख्ने गरेका थिए । मोलारामले आफ्ना यी प्रशंसात्मक कवितासंग्रहको नाउँ गीर्वाणयुद्धप्रकाश भन्ने राखेका छन् । गीर्वाणयुद्धप्रकाशको केही अंश मैले पूर्णिमा १६, १७ र १८ पूर्णाङ्कमा नेपाली अनुवादसहित प्रकाश गरेको छु । नेपाललाई गिराएर माथि उद्धरण गरिएका यी कविता लेखिएकाले नेपालले अंग्रेजसँग हारेपछि (वि. सं. १८७२ पछि) यी कविता लेखिएका देखिन्छन् । यस कारण यी मोलाराम पनि चाटुकार कविहरूको श्रेणीमा पर्न आएका छन् ।

अघि जहाँ जहाँ बस्याका थिया. तहाँ तहाँ जाई घेरा दिई बस्याका बेलामा ६६ साल भदौका १२ दिन जाँदा १०।१२ हजार सबार लाख डेढ लाख फौज लिई लाहुरबाट महाराज रणजित्सिह र राजा संसारचन्द किल्लाकाँगडाका मदतलाई आई दौलथपुरमा खलंगा हाली बस्या.

तस्तै बीचमा काजी जसपाउ थापाले गणेशगढीमा पातलो छ. हामी जान्छौं भनी भन्या र काजी अम्बरसिंह थापाले बढिया भन्यौ. जाऊ भन्या र श्रीनाथ र गढका बस्याका २ कम्पनी लिई काजी जसपाउ थापा सर्दार चन्द्रबीर कुवर सर्दार इन्द्रसिंह थापा गणेशगाटीमा मदतलाई गया. सर्दार गन्धर्वसिंहसँग सामेल भया.

तहाँपछि महाराज रणजित्सिहले तिमी गोर्खा भन्याको हिजोदेखिको दोस्ती हो. हामीलाई संसारचन्दले किल्ला सौंपन आयो. यो किल्ला यसले दिन्या भया हिजै दिंदो हो. आज तिमी-हरूले सिकिस्त गर्दा पो सौंपन आयो त हामीलाई किल्ला दिन्या भन्याका गोर्खाली हुन्. संसारचन्दले होइन. तसर्थ गोरखासितको बन्दोबस्त बाँधिदिनुपऱ्यो. हिजोदेखिको तम्रो हाम्रो धर्म छ. किल्लाको दावा तिमीहरूले छोडी टिहिरा सुफलमा जाई बस. तम्रा हाम्रा सल्लाहले अंग्रेजलाई हटाउनुपर्छ भनी रणजित्सिहका बकीलले भन्दा नमानी किल्लाको दावा नछोडी झन् वकीललाई पक्रंदा यो विस्तार रणजित्सिहसँग गर्दा बढिया भनी लड्न अघि सऱ्या. सीखका लश्कर २ मुख गरी बढ्दा गणेशघाटीमा हान्न पठाया. गोर्खाको लश्कर पनि दुइ मुख गरी बढ्दा बन्दूकको भारी लडाइँ भयो. २ मुखबाट तरबार पऱ्यो. गोर्खाका सर्दार गन्धर्वसिंहसमेत ६०।७० खेत रह्या. ५।७ सय घायल भया. जित गोर्खाको भयो.

फेरि उसै दिन गणेशघाटी सोह्लटिप्पामा गोर्खाका २ कंपनी बस्याका थिया. चौथा प्रहरमा तिनीहरूलाई मिची गणेशघाटीसम्म आउँदा सो घाटीका लश्करसँग जोरियो र गोहारीलाई सुफ सर्दार लबाट भक्ति थापा आउँदा लडाइँको सोर सुन्यानन् र काजी पनि गयाछन् र रात पनि पऱ्यो. यहीं बसूँ भनी आड बलियो गर्न लाग्या. तस्तै बेलामा काजी जसपाउ थापाले बन्दूकमा एक सलक लगाई तर्बार मार्दा सीखका बजीरसमेत ४।५ सय खेत रह्या । घायल भयाको रातमा केही ठेगान रहेन । सर्दार भक्ति थापाका लश्करले पनि २०।२२ जना तर्बारले माऱ्या । जित गोर्खाके भयो ।

काजी अम्बरसिंह थापाले वैरी ठूलो छ. एकै जगामा बाटुलो भै बसौं. आव भनी जगा-जगामा चिठी लेखी पठाया र सबै लश्कर मालकाडामा काजी अम्बरसिंह थापासंग सामेल भया ।

तहाँपछि सीखको लश्कर पनि मालकाँडामा चढेर लडाइँ जोरियो र २०।२२ दिनसम्म घेरा दियो र फेरि रणजित् सिंहले भन्न पठाया । अघि हामीले भनी पठायाको मानेनौ तापनि गोर्खासंग हिजोदेखि हाम्रो दोस्ती छ; शतरुद्रापार तम्रो, शतरुद्रावार हाम्रो, रस्ता पनि खोलिदिन्छौं; हामीमाथि बलियो वैरी आयो भन्या तिमीले मदत दिनू; तिमीमाथि बलियो वैरी आयो भन्या हामीले मदत दिनू भनी कुरा हुँदा बढिया भनी बन्दोबस्त गरी रणजित् सिंहसँग धर्म गरी गोर्खाका लश्कर शतरुद्रा तरी सुघाठोरमा आई बस्या ।

(भाषावंशावलीबाट)

# ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना

—*देवीप्रसाद भण्डारी*

ऐतिहासिकशिरोमणिज्यूले रचना गरी प्रकाश गराउनुभएको "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" पहिलो भागको ५६ पृष्ठमा—

"गोर्खामा अमान्तमासको व्यवहार भएको कहीं पनि देखिएको छैन । सर्वत्र पूर्णिमान्त मासको व्यवहार देखिन्छ ।"

भनी लेखिएको छ । यताबाट गोरखामा अमान्तमासको व्यवहार हुँदै हुदो रहेनछ तथा पूर्णान्तिमासको मात्र व्यवहार हुँदोरहेछ भन्ने देखिन्छ । परन्तु गोरखाकै राजा पृथ्वीनारायण शाहले अमान्तमासको तिथिमिति व्यवहार गरेको पनि पाइन्छ। उदाहरणार्थ सो तल दिइन्छ—

**"स्वतिश्रीगिरिराजचक्रचूडामनिनरनारायनेत्यादिविविधविरुदावलि विराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायनसाहदेवानां सदा समरविजयीनां—**

**आगे गिन्दुन् पाम्वार्लामाके पुंडि घुंबा बांथली घुंबा नागन्या घुंबा लिस्यांषु घुंबा डुंबा घुंबा चरिकोट घुंबा ल्होभा लामाले भारा बकसि पठायाछन्, सो हामीले थामिबकसिउ घुंबा घुंबाका सिष्य साखामाथिको अंबल गिन्दुन् पांवार्लामाले गर्नु घुंबा घुंबाको पुरानु बायल बिर्त्तासमेत थामिबक्सिउं.**

**इति संवत् १८१८ फाल्गुनवदि ९ रोज ६ शुभम् ।"**

{ 'पृथ्वीदर्शन' प्रदर्शनीमा राखिएको सकल प्रतिबाट यो प्रतिलिपि लिइएको हो । यो पत्र श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १११४–१६ पृष्ठमा र पूर्णिमा १३ पूर्णाङ्कका ३०–३१ पृष्ठमा व्याख्यासहित प्रकाशित भएको छ । }

**यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—**

बि. सं. १८१८ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी । पला |
|---|---|---|---|---|
| फाल्गुन | १० | बुध | नवमी | २७ । ३३ |

वि. सं. १८१८ फाल्गुनकृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घडी । पला |
|---|---|---|---|---|
| चैत्र | १० | शुक्र | नवमी | ११ । ५८ |

यस पत्रमा संवत् १८१८ फाल्गुन महीना नवमी तिथि शुक्रवारको उल्लेख स्पष्टसंग गरिएको छ । तर पूर्णान्तिमानले गणना गरी हेर्दा यस दिन शुक्रवार आउँदैन, बुधवार आउँछ । अमान्तमानले गणना गर्दा मात्र शुक्रवार मिल्न आउँछ । त्यस कारण वि. सं. १८१८ अमान्तमानले फाल्गुनकृष्ण (पूर्णान्तिमानले चैत्रकृष्ण) नवमी चैत्र १० गते शुक्रवारका दिन यो पत्र लेखिएको देखिन्छ । यस कारण "गोर्खामा अमान्तमासको व्यवहार भएको कहीं पनि देखिएका छैन । सर्वत्र पूर्णिमान्तमासको व्यवहार देखिन्छ" भन्नु सट्टा "गोर्खामा अमान्तमासको व्यवहार भएको धेरैजसो देखिएको छैन । प्रायः पूर्णिमान्तमासको व्यवहार देखिन्छ" भनेर लेख्नुमा नै श्रेय होला कि भनी ऐतिहासिक शिरोमणिज्यूसँग प्रार्थना गर्दछु ।

गोरखाका राजा रुद्र शाहका छोरा पृथ्वीपति शाहको विषयमा भाषावंशावलीमा—

"तनका (रुद्र शाहका) पुत्र श्रीपृथ्वीपति शाह शाके १५९१ (वि. सं. १७२६) मा राजा हुँदा भया ।...राज्यभोग वर्ष ४७ सम्म गर्दा भया ।"

यस्तो लेखिएको छ ।

ऐतिहासिक शिरोमणिज्यूले रचना गरी प्रकाश गराउनुभएको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" पहिलो भागको १३ पृष्ठमा—

रुद्र शाहपछि उनका नवयुवक छोरा पृथ्वीपति शाह गोरखाका राजा भए। (ई. सं. १६-६९–१७१६) ।"–भनी लेखिएको छ ।

त्यही पुस्तकको अर्को ठाउँमा दिइएको "गोर्खाराजवंशको वंशवृक्षमा" पनि

रुद्र शाह

(ई. सं. १६५८–१६६९)

|

पृथ्वीपति शाह

(ई. सं. १६६९–१७१६)

यस्तो लेखिएको छ ।

यताबाट गोरखाका राजा रुद्र शाहको राज्यकाल ई. सं. १६६९ (वि. सं. १७२६) सम्म र उनको शेषपछि अर्थात् वि. सं. १७२६ देखि १७७३ तक जम्मा ४७ वर्षसम्म उनका छोरा पृथ्वीपति शाह गोरखाका राजा भए भन्ने देखिन्छ । यस कुराको मुख्य आधारचाहिं ऐतिहासिकशिरोमणिज्यूले भाषावंशावलीलाई नै मान्नुभएको रहेछ । परन्तु रुद्र शाह वि. सं. १७२६ भन्दा पछिसम्म (वि. सं. १७३० सम्म) पनि राजा भइरहेकै देखिन्छन् । उनको एउटा स्याहामोहर पाइएको छ । सो स्याहामोहर तल दिइन्छ—

छाप

(१) " स्वस्तिश्रीगिरिराजचक्रचूडामनि (णि) नरनारायने (णे) त्या-
(२) विविधु (वि) धविरुदावलिविराजमानमानोन्नतमहारा-
(३) जाधिराजश्रीश्रीमद्रुद्रसाहदेवानां सदा समरविजइ (यि)
(४) नां लि— — — — — — — — — —
(५) श्रीपर्त्तिमन पाध्याका कर्ज लिहल रुपैया येक सय वि-
(६) स अंकेपि १२०। भाका ब्याज अर्द्ध सवाइ देना, संवत्
(७) १७३० ज्येष्ठ शुदि १४ रोज २ मुकाम गार्षा शुभं"

{मोहननाथ पाँडेको पुख्यौंली संग्रहमा यसको सकल प्रति छ । यो पत्र ऐतिहासिक-पत्रसंग्रह दोस्रो भागका १०–१५ पृष्ठमा व्याख्यासहित प्रकाशित भएको छ । श्री ५ पृथ्वीनारायण शाहको उपदेश ५९७ पृष्ठमा र पूर्णिमा २ पूर्णाङ्कको ५४ पृष्ठमा पनि यो प्रकाशित भएको छ ।}

यसमा लेखिएका तिथिमितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १७३० ज्येष्ठशुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| ज्येष्ठ २१ | सोम | चतुर्दशी | ३१ । ३४ |

यस स्याहामोहरबाट रुद्र शाहको राज्यकाल वि. सं. १७३० सम्म पनि देखिन आएको हुनाले रुद्र शाहको राज्यकाल र पृथ्वीपति शाहको राज्यकालका विषयमा फेरि एक पटक ऐतिहासिक-शिरोमणिज्यूले विचार गर्नुपर्ला कि भनी उहाँसँग प्रार्थना गर्दछु ।

—+—

# केही ऐतिहासिक पत्रहरू

—दिनेशराज पन्त

कौसी॰ तोसाखानामा पाइएका २५ वटा महत्त्वपूर्ण पत्र व्याख्यासहित पूर्णिमा १७ अङ्कमा मैले प्रकाश गरेको थिएं । अहिले यस अङ्कमा९ वटा महत्त्वपूर्ण पत्र दिंदैछु । यहाँ यी पत्रका मूल मात्र दिइएका छन् । यिनको व्याख्या पछि दिइनेछ ।

(१ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादूरसम्से(रज)ङ्‌देवानां सदा समरविज-यिनाम्—

आगे मंथलीका घिमिन्या उदयनारायण उपाध्यायके अग्नीधर उपाध्यायको अंस बिक्रम षत्रिको दाम महीन्द्रमलि तिन सय ३०० हालि पछिन्न गरि लियाको बिर्तिटार मुरि तीस् ३० माटो उदयनारायण उपाध्यायले सिक्का १२० अक्षरेपि एक सय बीस बीरभद्र उपाध्याय षजांचिहस्ते सिंधुलिमा फिरंगि आइलाग्दा षर्चनिमित्त सर्कार लाग्यो. सो बिर्तिटार तिम्रा सन्तानस्मं तेस षेतको घडचारि लगासमेत थामि पाको गरिबक्स्यौं. आजउप्रान्त यसको दाम पऱ्याको रहेछ भनि कसैको दाबा धक्का नास्ति. सुष भोग्य गर भनि सम्वत् १८२६ साल मिति आषाढवदि १३ रोज ७ का दिन *श्री ५ जिज्युबाज्या पृथ्वीनारायण साहले* मोहोर गरिबक्सनुभयाको रहेछ. तेस जग्गाको सांध पूर्व भोर्ल्याषोलो उंधो सुकाजोरषोलो दक्षिण भोर्ल्याषोलाका सिह्लानका बाध्याढुंगो उसैको सोझो लुहुंकील् उसैको सोझो अर्को बाध्याढुंगो पश्चिम आहाल्याडांडाका पूर्वतिर कोल्सो ताहांदेषि उधो सिमिलाषोल्यो उत्तर भट्टराइका बृत्ताको सांध एति सांधभित्र बाबियाषरक् घडचारि घडचारि मोचाबारिको साटो औ बिह्लौटो मुरि दस १० षेत औ पश्चिम गडुंबारि जान्या मूलबाटाको कुलो उत्तर माझिका किपटको सांध पूर्व घिमि-न्याका बृत्ताको सांध दक्षिण रुणजोरषोलो एति सांधभित्रको कुमालटार षेत मुरि साठि ६० जषनि मुरि चालीस् ४० डिहिको सांध पूर्व शन्न्यासिका बृत्ताको षोल्सो तेस्का सिह्लानको चौर तेसैदेषि गुबाषोला जान्या तेर्छो बाटो दक्षिण घिमिन्याको सांध पश्चिम बारिका पुछारको षोल्सो लुहुंकील् उत्तर सुकाजोरषोलो एति सांधभित्रको भ्यागुन्याडिहि बिह्लौटो षेत मुरि दस १० सब जम्मा षेत मुरि एक सय पचास १५० एसको मोहोर ताबापत्र गरिबक्स्यौं. हाम्रा सन्तानपर्यंत शुभ चिन्तना गरि तम्रा संन्तानपर्यंत बृत्ता जानि भोग्य गर. यो किलाभन्दा अर्ध्यालो ब्राह्मणले नचापनु. बिनातक्सीर श्रीराजाले हरन् नगर्नु. यो बंधेजमा जो रहँन सो एस श्लोकमा भन्याको पातकी होला.

स्वदत्तां परदत्ताम्वा यो हरेद्वै वसुंधराम् । षष्ठिवर्षसहस्राणि विष्ठाया जायते कृमि ॥ इति सम्वत् १८५८ साल मिति कार्तिकशुदि १२ रोज ३ शुभम्.

(२ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादूरसम्सेरजङ्‌देवानाम् सदा समरविजयीनाम्

आगे श्रीकेदारनाथजिका सदाबर्तनिमित्त जिल्लै श्रीनगरका अञ्चलमध्ये मैषण्डा गर्षा तस्को साँध पूर्व कालिदिगंगा दषिन भ्युंगढ् पश्चिम मनुषण्डा उत्तर त्रिजुगि बाँसु गर्षाको सांध पूर्व कालिदिगंगा दषिन कुरुषेत पौंलागिधार पश्चिम अछाणिपाणि उत्तर जोस्काणिबडा र प्रकण्डि

गर्षाको सांध पूर्व धोतिधार पत्थरउकाल दषिन कुसमीषोला पश्चिम श्रीकालिदिगंगा उत्तर बागणिपढालि भैरु चुच्यालोतालि षरक् येति चार किलाभित्र श्रीत्रिजुगिनारानको नित्य-पूजा भोग हांम्रा तरफबाट नित्यपूजाके त्रिजुगिनारान्लाई रुपैया ९० र बाभनहेरुका बिर्त्ता ब्रह्म थाति गर्षाको जिमि जग्गह र श्रीतुंगनाथ श्रीकेदारनाथ रासिदेवि दुर्गादेवि ललितादेवि पंचवक्त्र बाणासुर क्षत्रपाल त्रिजुगिनारायण महिषमर्दनि जषभैरव इसान महादेव चण्डिकादेवि नन्दादेविजिका जलधारा दीपमालाको जिमिबाहिक् सम्वत् १८६१ सालदेषि उकासजांच अस्मानि फर्मानि मोरोअपुतालिबमोजिम् तपसिलका रकम र सर्वकर अकर सर्बाङ्क मारि मेटि कुशपानि हल्लो संकल्प बिर्ताबितलप गरि सालिन्ना पन्ध्र सय यक् १५०१ रुपेया पैदा हुन्या जग्गह सदा-वर्त गुठि राषि मोहोर तांबापत्र गरि चह्राञ्यु.

## जग्गहको तपसिल

| असामि | गाउ | ज्यूला | | दर रु. | जमा रुपैंया | पगरिसलामि | सालसिर्तो | साउन्याफागु | दफदरी | मिझारि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकण्डिगर्षा | १ | १२ | १२॥ | ३२ | ४०० | १०० | १८० | ४३ | १५ | १५ |
| वामसुगर्षा | १ | १० | ८॥ | ३२ | २७० | ७६॥ | ११३ | ३२॥ | ११ | १५ |
| मैषण्डागर्षा | १ | ५ | ४ | ३१ | १२४ | ३६ | ५० | १५ | ४ | १ |
| | ३ | २७ | २५ | | ७९४ | २१२॥ | ३४३ | ९०॥ | ३० | ३१ |

यस जग्गहको आम्दानि लि गर्षाका सरहमा वाजिब भावसंग चावल आटो घिउ तेल नुन मास हर्दि किनि सदाबर्त्तका जग्गहमा राष्नु. वैसाषसुदि १५ सौं लगायेत् कार्तिकसुदि १५ सम्म मैहिना ६ रोजिन्ना श्रीकेदारनाथजिमा आउन्या जाँन्या जात्रु अतीत् अभ्यागतलाई तपसिलमा लेष्यामाफिक सदाबर्त्त बाड्नु. परिआयाको षतपत् गर्दा रयतको अनुस्वार हेरि षतमाफिक पटक् पार्नु. आफुले आट्न नसक्यांको काज श्रीनगरमा बस्न्या भारादार सांधि काम गर्नु. कामगर्न्या मानिसलाई बमोजिम तपसिलको षानगी गरिबक्स्यौं. आफ्ना षातिरजामासँग देह्राइत्बमोजिमको सदावर्त बाडि आषिर साल पुग्यापछि श्रीनगरमा रहन्या भारादारछेउ बहि बुझाई फारक् लिनु. सदाबर्त्त बाड्नाको देहाइ. मुर्त्त १ पिछे चावल माना १॥ दाल मुठि ५ पैसा २ भर घिउ पक्का पैसा १ भर नुन चावल नलिन्यालाई मुर्त्त १ पिछे आटो माना २ तेल घिउ सराजाम अन्सार हर्दि येहि बिहोरासंग बाडिदिनु. श्रीतुंगनाथका भोगनिमित्य रुपैञा ३२ वार षोला उनि रुपैया ६ दिनु. चिताईदार गर्षाका रकमि पंडाहेरुका षानगिके बमोजिम तपसिलका जमा रुपैंया दुई सय पैतालिस २४५ षानु. येति गरि बाकि रह्याको श्रीकेदारनाथजिका भन्डार भन्डार उषिमठमा जगेरा राषि कुंभका मेलामा आउन्या जान्या जात्रु अतित अभ्यागत् दिन अनाथ तिर्थवासिलाई बाडिदिनु.

चिताईदार रकमदार पण्डाहेरूका षानगिको तपसिल

वामसुका पंडा सयानाके रु. १२।

सदाबर्तका चिताईदारके रु. १००।

गर्षाका पोतेदारके रु. १००।

पातिखर्च प्रकंडिको रु. ७।

मैखण्डाका पंडा सयानाके रु. ८।

प्रकंडिका पंडा सयानाके रु. १५।

पातिखर्च मैखंडाको रु. ३।

यो गुठि संकल्प हुदाका साक्षि श्रीआदित्य चन्द्रादि देवता मनुष्येमाका साक्षि श्रीचौतरिया प्राण साह श्रीचौतरिया रणउद्योत् साह काजि रणजित् पाँडे काजि रणध्वज थापा काजि बहादूर भडारि काजि बालनरसिं कुँवर कपर्दार भोटु पाँडे षजांचि उदे गिरि संकल्पवाक्यवक्ता प्रोहित यदुनाथ अर्ज्याल पानि हाल्न्या काजि भिमसेन थापा साँध लगाईदिन्या सुब्बा हस्तदल् साहि काजि चामु भडारि काजि जसपाउ थापा लेष्याबमोजिम सदाबर्तको धर्म घटाई खण्डित गर्नामा जो पसला. तश्लाई माहापातक् श्रीकेदारनाथजिको कोप कुदृष्टि होला. लेष्याबमोजिम्को धर्म थाभि जो सदाबर्त चलाउनामा पश्ला. तश्लाई पंचमहायग्यको पुन्य र श्रीकेदारनाथजिको कृपा सुदृष्टि होला.

स्वदत्ताम्परदत्ताम्वा यो हरेच्च वसुन्धराम् । षष्टिवर्षसहस्त्राणि विष्टायां जायते क्रिमिः इति सम्वत् १८६५ साल मिति श्रावणशुदि ११ रोज ३ शुभम्.

(३ संख्या)

स्वस्तिश्रीगणपतये नमः श्रीबदरीनाथाय नमो नमः ।।

अद्य श्रीसालिवाहनीयशकेऽतिधृत्यष्टि १७१९ मिते विभवनामसंवत्सरे श्रीसूर्ये उत्तरायणे माघमासे कृष्णपक्षे चतुर्दश्यां पुण्यतिथौ सोमवासरे मूलनक्षत्रे व्याघातयोगे गर (?) करणे शिवमुहूर्ते मकरराशिस्थिते दिनकरे धनूराशिस्थिते हिमकरे मीनराशिस्थिते देवगुरावन्येषु यथास्थानस्थितेषु सत्सु ।। स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरना(रा)यणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धबिक्रमसाहबहादूरसम्सेरजङ्देवानाम् सदा समरविजयीनाम् ।

श्रीमज्जनन्या श्रीकान्तवतीदेव्या श्रीबदरीनाथप्रीतये तत्सन्निधौ प्रत्यब्दं वैशाखमासमारभ्य कार्तिकमासपर्यन्तं सति संभवे षट्शताधिकपञ्चविंशतिसहस्रसंख्याकेभ्यो ब्राह्मणादिसमस्ताभ्यागतजनेभ्यो मुष्टित्रयपरिमितद्विदलतोलकद्वयपरिमितलवणतत्परिमितघृताद्युपकरणयुक्तः पञ्चदशमुष्टिपरिमिततण्डुलप्रदानरूपसदाव्रतविधानाय पूर्वोक्तमासेषु तस्मै जगदीश्वराय प्रतिदिनं यथासंभवोपचारपूजनपूर्वकमहाभोगनैवेद्यनिवेदनाय च निरुपमप्रतापास्मदीयजनकश्रीमन्महाराजाधिराजरणबहादूरसाहविक्रमोपार्जितकूर्माचलभूमागान्तर्गतससस्यक्षेत्रविसस्यस्थलीगृहपुष्पवाटिकादिसहितपूर्वदिग्वर्तमानमौनुबेरौलिदक्षिनदिग्वर्तमानबाजग्रामपश्चिमदिग्वर्तमानकांकरघट्टावारिरणगनरसमनरसग्रामोत्तरदिग्वर्तमानसिरसग्रामप्रान्तस्थितकीलकचतुष्टयविद्यमानो भूदेववितीर्णतत्तद्देवतार्पितप्रपावाटिकाप्रणाल्यादिसंरक्षणार्थसमुत्सृष्टग्रानक्षेत्रादिभिन्नः स्वदेशभाषावक्ष्यमाणनृपादिकर्तृकतत्तत्करग्रहदण्डादिविनिर्मुक्तकोटौलिगर्षाभिधानःससीमग्रामः एकः स्वसीमान्तर्गततत्तद्ग्रामक्षेत्रादिसहितो भगवते श्रीबदरीनाथाय

सर्मपितः इदानीमस्माभिरपि स्वकीयनामाङ्कितताम्रपत्रेणालङ्कृत्य स एव धर्मः प्रतिपालितः अथ लोभादिना ये केचिद् तद्धर्मलोपं करिष्यन्ति ते पञ्चविधमहापातकिनो भविष्यन्ति तेषुच पूर्वोक्तदेवस्य त्रयस्त्रिंशत्कोटिदेवानां च कुदृष्टिपातो भविष्यति ।। ये चैतद्धर्मरक्षणं विधास्यन्ति ते पञ्चविधयज्ञजन्यपुण्यभाजस्तद्देवकृपाकटाक्षनिलयाश्च भविष्यन्त्यत्र साक्षिण: आदित्यचन्द्रादयो देवा पृथिव्यादिमहाभूतानि च मानवा अपि चौतरियेति प्रसिद्ध एकश्चत्वारो मन्त्रिणश्चेति ।।

अत: परं देशभाषा ।।

श्रीमुमाज्यू श्रीकान्तवतिदेविले संवत १८५४ साल मिति माघवदि १४ रोज २ का दिन श्रीबदरीनाथका प्रीति संकल्प गरि गुठि चह्राउनुभयाको जिल्लै कुह्राउमध्ये कोटौलि गर्षा १ अबादि वैरानि ससीमसमेत तस्को सांध पूर्व मौनुबैरोलि दषिन बाजगाउ पश्चिम कांकरघाटबार गनरस मनरस गाउ सिरिस गाउ येति चार किल्लाभित्रको कुशबिर्ता र देवदेवता पाटि पौवाको गुठ् अरु गर्षाको जिमिबाहेक् औ हांम्रो अम्बल भयादेषि वढो कोटौलि गर्षामा दरियाको जिमि गाउ ज्यूलाघर द्रव्यभंडार गंजभंडार कचहरि ड्यौढि भन्डार कमिन कुशहि मुनसिफि सायेर षयेर साल जगात करिया अंकरिया डन्डकुन्ड मऱ्योअपुतालि पंचषत् सुबाङगि फौजदारि मिझारि घिउकर रागो बोक्या षसि सर्बाङ्ग मारि मेटि सदावर्तका निमित्त बिर्ता बितलप गरि श्रीबदरीनाथलाई चह्रायाका जग्गाको षसोषास पैदावार लि वैशाषदेषि कार्तिकसम्म मैह्ना सात् सदावर्त दिनु. अतिथ अभ्यागत बैरागि संन्यासि जात्र् ज्मा जना पचिस हजार छ सयलाई जन्हि चांवल माना डेढ् १।। दाल मुठि तिन ३ नुन तोला २ घिउ तोला २ यैस हिसाबले सदावर्त दिनालाई चांवलके रुपैया छ सय ६०० दालके रुपैया यक्सय बिस १२० नुनके रुपैया चौउन्न ५४ घिउके रुपैया यक्सय अठाईस १२८ देवतालाई सात महिनासम्म नित्य भोग चह्राउनाके रुपैया ३४ चौतिस सराजाम बोकि लंजान्या भरियाके रुपैया जनहि आना आठ् ।। का हिसाबले ज्मा रुपैया तिन सय छ ३०६ सदावर्तको जिमि अबाद तहसिल गरि नगद् लैजाई जिनिस षरिद गरि सदावर्त बाड्न्या चिताईदारके षर्च रुपैया यक्सय ज्मां रुपैया तेह्र सय बयालिस १३४२ येति रुपैयाले लेष्याबमोजिमको षर्च लाईकन यस्मा संषि बांकि रह्याको र गर्षाको पैदावारमा तेह्र सय बयालिसभन्दा अधिक जति पैदावार हुन्छ. यो दुवै थोक्को किफाईत रुपैया ज्मा गरि सालवसाल गुठियारका जोम्मा षजना राषि कुंभका मेलामा षर्च गर्नु. यस्मा जो लोभानि पापानि गर्ला. तस्लाई पंचमहापातक् लाग्ला. श्रीबदरीनाथको कुदृष्टि पर्ला. जो लेष्यावमोजिमको षर्च लाई धर्म चलावला. उसश्लाई पंचमहायज्ञको पुण्य र श्रीबदरीनाथको सुदृष्टि होला. जिनिस षरिद गर्दाको किफाईत र पचिस् हजार छ सय अतिथ् अभ्यागत् जात्रुको घट्ति बढ्ति हिसाव गर्षाको पैदावार तेह्र सय बयालिसभन्दा बढता यो तिनै थोक्को वहि राउल दफदरिलाई सालवसाल बुझाई रसिद लिनु ।।

अथ मधेशिया भाषा ।।

श्रीमुमाज्यू श्रीकान्तवतिदेविने सम्वत् १८५४ साल मिति माघवदि १४ रोज २ मों संकल्प कर्के चढायेका जमिन जिल्लै कुह्राउमध्ये कोटौलिगर्षा १ अवादि वैरानि ससिम्समेतका

साँध पूर्व मौनुबेरोलि दषिन बाज्गाउ पश्चिम काफरघाट्वार गनरस मनरस गाउ उत्तर सिरिस गाउ इस चारौतरफ मेड्बन्दि चकलाबन्दिका जग्गहमों कुशबिर्ता देवदेवता पाटिपौवाका गुठ औ दोश्रा गर्षाका जमिन्शिवाऐ हमरा अब्बल भयेसौं इधर कोटौलि गर्षामों दरियेका जमिन गाउ ज्यूलाघर द्रव्यभन्डार गंजभण्डार कचहरि औढिभण्डार कुशहि मुनसिफि कमिन सायेर षयेर साल जगात् करिया अकरिया डन्डकुन्ड मन्योअपुतालि पंचषत सुर्बाङ्ग फौजदारि मिझारि भेंस छागर षसि सर्वाङ्क षसोषास सदाबर्त्तके वास्ते बिर्ता बितलप कर्के चढाये श्रीबदरीनाथको चढायेका गर्षाका पैदावार लेके वैशाषसौंलगाइत कातिक मैह्ले साततक् सदाबर्त्त देना. अतिथ् अभ्यागत वैरागि संन्यासि जमा जवान पचिस हजार छ सय २५६०० कौं फि जवान् चावल माना डेढ् १।। दाल मुठि ३ निमष तोला २ घि तोला २ यह हिसाबसें सदाबर्त देना. कौं चावरका रुपैया ६०० दालके रुपैया १२० निमषके रुपैया ५४ घिके रुपैया १२८ देवताके मैह्ले साततक् नित्ये भोग चह्राउनेका वास्ते रुपैया ३४ सरसाराजाम लेजानेवाले बोझियेकौं फि जवान् आने आठका हिसाबसौं जमा रुपैया ३०६ सदाबर्त्तका जमिन अबाद तहसिलकौं नगदसौं जिनिस षरिद कर्के सदाबर्त देनेवाले कारोबारिकौं षर्च रुपैया १०० गोसवारा जमा रुपैया तेह्र सव बयालिस १३४२ इस रुपैया लेषाबमोजिम् षर्च करके जो बाकि रहै औ गर्षाका पैदावार तेह्र सव बयालिसकौं शिबाए पैदावार होए. यह दोनु रकम्का किफायेत जमा कर्के सालबसाल गुठियारके जिम्मैं षजना रषिके कुंभका मेलामों षर्च कर्ना. यस्मों जन न लोभ पाप करें. तेस्कों महापंचपातक लंगा ओ श्रीबदरीनाथका कुदृष्टि होगा. जो लेषाबमोजिम् षर्च लगाईके सदाबर्तका धर्म चलावैंगा उस्कों पंच महायज्ञका पुण्य औ श्रीबदरीनाथका सुदृष्टि होगा. जिनिस षरिद कर्तेका किफाईत् अतिथि अभ्यागत् जात्रिका घटति बढतिका हिसाब गर्षाका पैदावारमौं तेह्र सव बयालिससौं शिवाय यह तिनु रकमका वहि राउल दफरिकौ सालबसाल बुझायेके रसिद लेना. मोहोर तांबापत्र कर्के चढाये यह सदाबर्तका जग्गा संकल्प होनेका साक्षि प्रोहित दैवज्ञकेसरि चौतरिया बम साहका भाइ हस्तदल काजि त्रिभुवनसिं काजि दामोदर पांडे काजि किर्तिमानसिं काजि नरसिं षरिदार सुकदेव जोसि सिरिराम जैसि द्वार्या भवानन्द भैरवसिं षवास्.

स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् ।<br>
षष्टिवर्षसहस्राणि विष्टायां जायते क्रिमिः ।।

इति सम्वत् १८६६ साल मिति आश्विन वदि ६ रोज ६ शुभम्.

(४. संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधबिरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजंङ्देवानां सदा समरविजयिनाम्.

आगे थाकका बुढा झुंमन ठालु गैह्ल सब रैयतके हामिहरूलाई अपुतालि माफ गरिबक्सनुभया मोहर रुपैया ३ हजार सलामि चह्राउछौं. थाकमा हामि अमालि भया पनि अरु कोहि अमालि भया पनि साढे बाह्र हजारको ठेक घटाउन्याछौन भनि लिठू बुढा सुनामच्यांङ बुढा चन्द्रढाक झुमतू निम्बुम गैह्र २२ ठालु आई हामा हजुरमां बिन्ति गर्दा मर्न्याका छोरा छैनं

भन्या स्वास्नि छोरिहरु छन्ज्यालसम्म उनैले घ्वाङ थामि आलमाल षानु. स्वास्नि र छोरिहरू पनि कोहि छैनन् भन्या दाजुभाईले घ्वाङ थामि अपुताली षानु. मर्न्याका जात भाइमा अपुतालि षान्या कोहि पनि नीस्केनन् भन्या त्यो अपुतालि हामा हजुर दाषिल गर्नु. मानु छुट्टिन्या र देवता भिन्न पुजन्याले थाकका सरहमा लाग्याका रुपैंया भिन्नै तिर्नु भन्न्या थिति बाधि अपुतालि-माफको मोहर ताम्वापत्र गरिबक्स्यौं. आफ्ना षातिरज्मासग् अपुतालि माफ् जानि बस्.

इति सम्वत् १८७८ साल मिति फागुन सुदि १३ रोज ३ शुभम्.

(५ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेर्जंङ्गदेवानां सदा समरविजयिनाम्

आगे भेरिपूर्व मेचिपश्चिम भरमुलूक्का मगरहरुके श्रीबुबाज्युबाट अपुतालि चाकचकुइ माफ गरिबक्सनुभयाको रहेछ. आज हांमिबाट फर्न्याउलो बाक्स्योग्बास्योसमेत माफ गरि औ बिराउं-माफिक्का षतमा दंड सासना गर्नु. जीय नमासनु भनि थिति बाँधि तावापत्र गरिबक्स्यौं.

इति संवत् १८७९ शाल द्वितीय आश्विन वदि ८ रोज शुभम्.

*(पछिल्तिर)*

मार्फत् रणोद्योत साह — मार्फत् प्राण साह

मार्फत भीमसेन थापा — मार्फत भक्तवीर थापा

मार्फत रणगम्भीर पाँडे — मार्फत प्रसादसिं(ह बस्न्या)त

मार्फत् बा(लन)रसिं कुव(र) — मा(र्फ)त (उ)दय गिरि

(६ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्.

आगे हाम्रा भरमुलुकका गुरुं घले लामा चार जात सोह्र जात गैह्रके श्रीबुबाज्यूबाट अपुतालि चाकचकुई फर्नेडलो माफ गरिबसवनुभयाको रहेछ. आज हामीबाट पनि तिमिहरु का अघिदेषी चलीआयाको रितिथिति अपुतालि चाकचकुई फर्नेडलो हाम्रा दर्बारमा पस्याका पसुई-बाहिक माफ गरि लामा घ्यांव्रिले गर्नुपर्न्या काम लामा घ्यांव्रिबाट गराऊनु. ब्राहर्मणबाट गराउनुपर्न्या काम ऊपाध्या ब्राह्मणबाट गराउनु औ बिरावमाफिकका षतमा डंड सासना गर्नु. जिय नमासनु भनी थिति बंदेज बाधि ताम्वापत्र गरिबक्स्यौं.

ईति सम्वत १८८३ साल मिति वैसाष सुदि १० रोज ४ शुभम्.

*(पछिल्तिर)*

मार्फत् प्राण साह — मार्फत् रणोद्योत साह

मार्फत् दलभन्जन पांडे — मार्फत् भीमसेन थापा

मार्फत् बालनरसिंह कवर — मार्फत उदय गिरि

मार्फत भक्तवीर थापा — मार्फत् प्रसादसिंह बस्न्यात्

(७ संख्या)

स्वस्तिश्रीब्रह्मशिवेन्द्रादिवृन्दारकवृन्दवन्दितचरणहृत्कमलेषु श्री६जनार्दनपंडितचरणेषु स्वस्ति-श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेर्जङ्गदेवानां सदा समरविजयीनाम् प्रणामपूर्वक-पत्रमिदं.

आशिर्वादले जाह्रा कुशल छ. ताहाको कुशल मङ्गल सर्वदा चाहीये. आगे जाहाको समाचार भलो छ. उप्रांत अध्ययनका निमित्त हाम्रा हजूरबाट बिदा भै गयाको हो. ३।४ वर्ष पनि भैगया. विद्या भन्याको समुद्र छ. कल्हे पनी अध्ययन भै सकीदैन. तसनिमित्त लालमोहर पुग्नीमात्र चांडै गरि हाम्रा हजूर आउन्या काम भया बढिया होला. किमधीकं विज्ञेषु.

इति सम्वत १८९० साल मिति ज्येष्ठ शुदि १ रोज ३ मुकाम कांतिपूर शुभम्

(८ संख्या)

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे सदर दफदरषानामा काजकाम गर्न्या भारादारप्रति. सम्वत् १८९५ सालका फागुन वदि ५ रोज १ देषि सम्वत् १९०५ साल फागुन वदि ४ रोज तक वर्ष १० सम्म गुरु प्रोहित बिर्ता पाउन्या गैह्र ब्राह्मण कसैलाई पनि बिर्ताको सांग्र नलाउनु. जसलाई संकल्प भयाका जगाको मोल बिनु भन्न्या हुकुम बक्सीयेला. तस्को संकलपको पुर्जी लि षेत १ को गुरु प्रोहितलाई मोहोर रुपैया अरुलाई पैसा रुपैया ५०० का दरले रुपैया दिनु भन्न्या बन्देज गरिबक्स्यौं.

इति सम्वत् १८९५ साल मिति फागुन वदि ४ रोज ७ शुभम्

(पछिल्तिर)

मार्फत् पुष्कर साहः मार्फत रणजंग पांडे

(९ संख्या)

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे हाम्रा भरमुलुकका राजा असल रजपूत गैह्रप्रति. श्रीनानीका बिवाहनिमित्त कंन्या हेर्नालाई थरघर काजि रणगंभीर पांडेलाई हुंकुम बक्सी पठायाको छ. तसर्थ जसका बढिया बढिया कंन्या छन्. काजि रणगंभीर पांडेलाई बढिया तरहसित हेर्न दिनु. जौन् जौन् कंन्याका चिन्हा काजिले माग्छ. उचाहि कंन्याको सच्चा चिन्हा सौंपन्या र कंन्याका बाबुतरफ् चार पुस्ता मांवलीतरफ् चार पुस्ता पनि षलोषास लेषिदिन्या काम गर्नु.

इति सम्वत् १८९६ साल मिति आश्विन सुदि १४ रोज २ शुभम्

(पछिल्तिर)

मार्फत् पुष्कर साह रुजु रणपं(जं)ग पांडे

# प्रतिसंस्कृत सर्वानन्दकरण

*—नयराज पन्त*

## प्रस्तावना

### *पञ्चाङ्ग–संशोधनको संक्षिप्त इतिहासको उत्तरार्ध*

मेरा मातामह पं. भुवननाथ पाँडे माहिला गुरुज्यू हेमराजज्यूको आश्रयमा हुनुहुन्थ्यो । उनताका पण्डितहरूको तलब नाम मात्रको हुन्थ्यो । राजदरबारबाट हुने दानप्रदान नै पण्डितहरूको मुख्य वृत्ति हुन्थ्यो । मेरा मातामहले सोही वृत्तिको भरमा माहिला गुरुज्यूको आज्ञानुसार पञ्चाङ्गसंशोधनको ज्यौतिषविषयको काम गर्नुभएको थियो । वि. सं. २००० मा मेरा मातामहको स्वर्गवास भयो । त्यसपछि माहिला गुरुज्यूको आज्ञानुसार मैले पञ्चाङ्गसंशोधनको काम गरें । (मेरो सहायक भई भाइ रामजी तेवारीले काम गरे । पछि अलिकता सहायता नानी देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीबाट पनि भएको थियो ।) यसको पुरस्कारस्वरूप हेमराजज्यूको पुस्तकालयका छापा पुस्तकहरू स्वेच्छापूर्वक हेर्न म पाउने भएँ । यसबाट मेरो अध्ययनमा निकै लाभ भयो । गुप्तसंवत्‌को निर्णय विद्वान्‌हरूले कसरी गरेका रहेछन् भन्ने कुरो मैले सोही पुस्तकालयबाट बुझें । यस्तै अरू पनि निकै कुरा बुझें । इतिहाससंशोधनहरू निकाल्न यसबाट ठूलो सहायता भइरहेछ ।

---

१. अमलेखगञ्ज

२००० पौष २९

पण्डित नयराज पन्तके नमस्कार.

पण्डित भुवननाथ पाँडेले अकस्मात् देहत्याग गरेको खबरले तिमीहरूलाई मात्र होइन मलाई पनि अत्यन्त अपसोस लाग्यो. पुरानो कुरा जान्ने, बयोवृद्ध असल ज्योतिषी थिए, बडो भरपर्दो काम गर्थे मलाई पनि बखत बखतमा धेरै मदत गरेका थिए, प्रतिवर्षको पञ्चाङ्ग हेर्ने सोध्ने काममा त धेरै जसो उनैको साहारा थियो. के लाग्दो रहेछ देवको लाठो सहनै पर्दो रहेछ. ८१ वर्षको उमेर पुगी आफ्नो धर्मकर्ममा निरन्तर लागी तिमीहरू जस्ता छोरा नाती छोडी गएकोले उनको असल गति हुने कुरामा त सन्देहै छैन. तिमीहरूले पनि उनको मार्गबाट हिड्नाले इहलोक परलोकमा कल्याणै हुनेछ, उनी गए ता पनि तिमीहरूबाट पूरा मदत पाउँला भन्ने मलाई पनि पुरा विश्वास छ । दैवले पारेको कुरामा आफ्नो देहलाई ज्यादा चिन्तामग्न गराइ राख्ता अब हानिशिवाय केही नपाइने हुनाले धैर्य धारण गरी शोकलाई क्तलो पार्दै लैजान्येछौ भन्ने पूरा मलाई विश्वास छ.

तिमीहरूलाई परेको दुःखले दुःखी—

हेमराज शर्मा

वि. सं. २००८ मा तात्कालिक शिक्षानिर्देशक गुरुज्यू नयनराजज्यूले मलाई पञ्चाङ्गसंशोधनको ज्यौतिषविषयको काम गर्ने आज्ञा दिई पुरस्कारस्वरूप २०० रु. दिने कुरा गर्नुभयो । पञ्चाङ्ग-संशोधन गर्ने अनुकूल शिक्षा चलाई आकाशको स्थितिसँग गणना मिलाउने परम्परा बसाउन पाए पञ्चाङ्गसंशोधनको काम राम्ररी चल्थ्यो भनी मैले भनें । त्यसको पनि प्रबन्ध म मिलाइ-दिउँला; अहिले काम गर्नुहोस् भनी उहाँले भन्नुभयो । नानी शङ्करमान राजवंशीले केही वर्ष-अगाडिदेखि पञ्चाङ्ग प्रकाश गरेका थिए । तर विशेष लाभ नभएकोले उनी उत्साहहीन थिए । शिक्षानिर्देशकज्यूको कुरा सुनाउँदा उनी लहसिए । म, रामजी, शङ्करमान भई २००९ को पञ्चाङ्गसंशाधनको ज्यौतिषविषयको काम गर्‍यौं । पुरस्कारमा आएको २००। दुइ सय रु. बराबर तीन भाग लाई बाँडी लियौं । यसपछि संस्कृतमहाविद्यालयको स्थापना भएको र सो महाविद्यालयबाट मासिक तलब २००। रु. मैले पाउन लागेकोले सो पुरस्कारको २००। रु. रामजी र शङ्करमानलाई मैले बराबर बाँडिदिने गरें । कामको रेखदेख भने मैले नै गरेको थिएँ । यसै गरी २०१०, ११, १२ को पञ्चाङ्गसंशोधनको काम चल्यो ।

विशेष प्रबन्ध केही भएन । आशाआशामै दिन बिते । सो पुरस्कारको २०० रु. पनि ठीक समयमा नपाएकाले शङ्करमान उराठ हुँदै गए । २०१३ को पञ्चाङ्गसंशोधन नगर्ने इच्छा उनले गरे । कसैलाई उसको इच्छाविरुद्ध काम लाउन म सक्तिनँ । यस कारण वि. सं. २०१३ को पञ्चाङ्गसंशोधन गर्न लैजानुहोस् भनी मलाई शिक्षानिर्देशक गुरुज्यूले आज्ञा दिनुहुँदा मैले सबै यथार्थ कुरा भनी आफ्नो असमर्थता देखाएँ । मेरो कुरा उहाँलाई रुचिकर भएन । काम गरेको ज्याला (२०० रु.) आयो । मैले रामजी र शङ्करमानलाई बाँडिदिएँ । मबाट पञ्चाङ्गसंशोधनको काम झिकियो ।

काम गरेको ज्याला ठीक समयमा नपाइएकोले शङ्करमानको आग्रहअनुसार मैले काम छोड्नु-परेको थियो । तर सिंहस्थ बृहस्पतिमा दिन नहुने साइत दिएकाले नयराजकहाँबाट काम झिकिएको हो भन्ने बाहिर प्रचार गराइयो । त्यसको प्रतिवाद गर्नु आवश्यक भयो । यस कारण मेरो निर्देशनअनुसार तीनवटा पञ्चाङ्गसंशोधनपत्र रामजी, देवीप्रसाद, शङ्करमान मिली निकाले । यही प्रसङ्गमा नानी भोलानाथ पौडेलले व्याकरण–संशोधनपत्र निकाले । प्रचारकहरूले तिनको खण्डन गर्न सकेनन्[१] । मलाई पनि सुबिस्तै भए जस्तो भयो । शङ्करमान पनि पुरातत्त्ववि-

१. हामीले निकालेका पञ्चाङ्गसंशोधन-–पत्रको खण्डन गर्ने भनी ठूला ठूला पण्डितजीहरूले हूल गरी मलाई शिक्षाविभागमा पुर्जी काटी वि.सं. २०१३ बर्खामा बोलाउन लाउनुभएको थियो । मैले त्यहाँ पञ्चाङ्गसंशोधनपत्र तथा व्याकरणसंशोधनपत्र बाँडिदिएँ । यी बदमाशहरूलाई सजाय गर्नुपर्छ भन्ने पण्डितजीहरूको आग्रह थियो । तात्कालिक शिक्षानिर्देशक शारदाप्रसाद उपाध्यायज्यूले तपाईंहरू त्यसको खण्डन लेख्नुहोस्; सरकारले प्रकाश गरिदिन्छ भनी पण्डितजी-हरूलाई भन्नुभयो । यी बदमाशहरू फेरि पनि लेख्छन्; सजाय गर्नु नै बढिया छ भन्ने आग्रह पण्डितजीहरूले गर्नुहुँदा प्रजातन्त्रयुगमा यस्तोमा सजाय गर्न ऐनसवालले दिँदैन; तपाईंहरू पनि लेख्नुहोस् भनी शिक्षानिर्देशकज्यूले फेरि पनि भन्नुहुँदा पण्डितजीहरू राता राता मुख लाई फर्कनु-भएथ्यो ।

—देवीप्रसाद भण्डारी

भागतिर जागीरे भए । रामजी देवीप्रसादको जागीर छँदै थियो । त्यसपछि पञ्चाङ्गविषयमा के भयो, सो कुरा बुझ्ने चेष्टा मैले गरिनँ ।

काल बित्तै भयो । वि. सं. २०१८ मा पण्डित गङ्गाधर पराजुलीज्यूले पञ्चाङ्गसंशोधनको काम गर्न मलाई भन्नुभयो । मैले सबै कुरा भनें । ५।७ महीना यसै बिते । उहाँको प्रयत्नले तलको प्रशंसापत्र आयो—

श्री

'धर्मो विश्वस्य जगतः प्रतिष्ठा'

श्रीधर्मरक्षामहामण्डल

नेपाल

केन्द्रीय कार्यालय

फोहरा दरबार

काठमाडौं, नेपाल

प. सं. ३४।०१८ दिनाङ्क २०१८।६।२२।१

'भवन्ति भव्येषु हि पक्षपाताः'

श्री पं. रामजी तिवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य आदिद्वारा इतिहास, व्याकरण, पञ्चाङ्ग आदि विषयमा विभिन्न लेखकहरूले गरेका त्रुटिहरूको सप्रमाण निर्देशन गरी गम्भीर अनुसन्धानपूर्वक कतिपय संशोधन–पुस्तिकाहरू प्रकाशित गरिएका छन् ।

धर्मरक्षामहामण्डल उक्त संशोधन परिपाटीको पूर्ण समर्थन गर्छ र यथाशक्य सहयोग गर्न पनि सदा तत्पर रहनेछ ।

पद्मप्रसाद भट्टराई

श्रीमाधवसंशेर ज. बा. रा. उपसभापति

सभापति गङ्गाधर पराजुली

मन्त्री

भविष्यको केही आशाले नानी भोलानाथ पौडेलसमेत पञ्चाङ्गसंशोधनको काममा संमिलित भए र रामजी देवीप्रसाद भोलानाथ शङ्करमानहरू मिली मेरो देखरेखमा वि. सं. २०१९,२० को पञ्चाङ्गसंशोधनको ज्यौतिषविषयको काम गरे । वि. सं. २०१९,२० मा हाम्रो कामउपर आक्रमण भयो[१] । हामीले आफ्नो पक्षको रक्षा त गऱ्यौं; तर सो काम गर्न पञ्चाङ्ग–संशोधन र विद्या–रक्षा निकाल्दा निकै मानस तथा आर्थिक बोझ सहनुपऱ्यो । वि. सं. २०२१ को पञ्चाङ्गसंशोधनको कामको विषयमा पञ्चाङ्गविवेचकसमितिका तात्कालिक अध्यक्ष पण्डितवर

१. विद्या–रक्षा १३,१४,१५ संख्या तथा पूर्णिमा १५ पूर्णाङ्क हेर्नुहोस् ।

पद्मप्रसाद भट्टराईज्यूले मसँग कुरा गर्नुहुँदा यो कलहमा फस्ने इच्छा मलाई छैन; किनभने यो कलह विद्याबाट उठेको छैन; स्वार्थबाट उठिरहेछ; अतः पञ्चाङ्गसंशोधनको काममा हात हाल्न म असमर्थ छु भनें ।

२०२० मार्गमा त्रिभुवन–विश्वविद्यालयमा वाराणसेय संस्कृतविश्वविद्यालयका प्राध्यापक अवधविहारी त्रिपाठीसँग रही आयोजकको हैसियतले प्रश्नसंशोधनको काम गर्दै थिएँ । तपाईंलाई शिक्षामन्त्रालयबाट बोलाहट आयो; तुरुन्त गइहाल्नोस्; यहाँको काम भोलि गर्नुहोला भनी त्रिभुवन–विश्वविद्यालयका कर्मचारीले मलाई शिक्षामन्त्रालयमा पठाइदिए । त्यहाँ शिक्षासचिवज्यू, शिक्षाउपसचिवज्यू, शिक्षानिर्देशकज्यू, पञ्चाङ्गविवेचकसमितिका अध्यक्षज्यू, सो समितिका मन्त्रीज्यू तथा २ जना गणकहरूको पनि उपस्थिति रहेछ । शिक्षासचिवज्यूले २०२१ को पञ्चाङ्गको काम गर्न मलाई आज्ञा दिनुभयो । यो काम राजगुरु, राजपुरोहित, राजज्योतिषीहरूको हो । यी तीनमध्येमा कुनैमा पनि म पर्दिनं; मैले धेरै वर्ष काम गरें; मेरो उपरमा आक्रमण हुन लागिरहेछन्; नयाँ मानिस काम गर्न तम्सेका छन्; उनीहरूलाई काम गर्ने मौका दिनु बढिया छ भनी मैले भनें । शिक्षासचिवज्यूले अहिले तपाईं काम गर्नुहोस्; तपाईंलाई चाहिने मदत सरकारले दिन्छ भनी भन्नुभयो । मैले सरकारिया विभिन्न सेवामा रहेका रामजी, देवीप्रसाद, शङ्कर-मानहरू पञ्चाङ्गगणनाको काजमा खटियून् भनी प्रार्थना गरें । उहाँले हुन्छ भन्नुभयो । यहाँहरूले पञ्चाङ्गविषयको एउटा योजना बनाई सरकारमा पेश गर्नुहोस्; सरकारले तपाईंहरूको योजनामा विचार गरिदिनेछ भनी शिक्षासचिवज्यूले भन्नुभयो । मैले मन्जूर गरें ।

रामजी, देवीप्रसाद, शङ्करमान मिली वि. सं. २०२१ को पञ्चाङ्ग तयार गरे[1] । पञ्चाङ्ग-विवेचकसमितिले सो पञ्चाङ्ग प्रकाशित गऱ्यो ।

पञ्चाङ्गविवेचकसमितिले योजना बनाई सरकारमा चढायो[2] । त्यसको सार कमसेकम राजपत्रअनङ्कित प्रथम श्रेणीका चार जना गणकको स्थायी प्रबन्ध गरियोस् भन्ने थियो । त्यसमा मैले विनापैसामा आफूले काम गर्न मन्जूर गरेको थिएँ ।

२०२२ को पञ्चाङ्गको काम पनि त्यसै गरेर टऱ्यो ।

२०२३ सालको पञ्चाङ्गको काम २०२२ मा बडागुरुज्यू खगेन्द्रराजज्यूकहाँ गएछ । बडा-गुरुज्यूकहाँबाट मलाई बोलावट आयो । पण्डितवर पद्मप्रसादज्यू पनि उहीं हुनुहुँदो रहेछ । २०२३ को पञ्चाङ्गको काम गर्न मलाई बडागुरुज्यूले आज्ञा दिनुभयो । मैले उहाँ (पद्मप्रसादज्यू)-लाई सबै कुरा थाहा छ; हाम्रो योजना यही हो भनी पञ्चाङ्गविवेचकसमितिले प्रकाश गरेको २०२१ को पञ्चाङ्ग चढाएँ[3] । पद्मप्रसादज्यूलाई कुरा मिलाइदिनू भनी बडागुरुज्यूले आज्ञा

१. व्रतपर्वचाहिं ती विषयका विद्वान्हरूबाटै निर्णय भई सो पञ्चाङ्गमा समावेश गरिए । प्रत्येक वर्षको यही नियम हो ।

२. पूर्णिमा १५ पूर्णाङ्कका ३२३–२५ पृ. हेर्नुहोस् ।

३. सो पञ्चाङ्गमा पनि सो योजना प्रकाश भएको छ ।

दिनुभयो । कुरो फेरि शिक्षामन्त्रालयमै पुग्यो ।

निकै दिनपछि पद्मप्रसादज्यूले कुरा मिल्ने भएको छ; भोलानाथलाई पनि ल्याई काम गराउनुहोस् भनी मसँग भन्नुभयो । भोलानाथलाई ल्याउन त श्रीबडागुरुज्यूबाट इतिहास-संशोधन, पञ्चाङ्ग-संशोधन, व्याकरण-संशोधनको प्रशंसापत्र पाए सजिलो हुन्थ्यो भनी मैले भनें । त्यो पनि आउने भएको छ भनी उहाँले भन्नुभयो । उहाँको प्रबन्धबाट रामजी र देवीप्रसाद पञ्चाङ्गको काममा खटिई पनि हाले । उहाँ रुद्रयागमा जानुभयो । उतैबाट उहाँ प्रबन्ध मिलाउँदै हुनुहुन्थ्यो । दुर्भाग्यले गर्दा उहाँ उहीं अचेत भई थला पर्नुभयो । भोलानाथ तथा शङ्करमान दुवै आएका थिएनन् । वीरपुस्तकालयका शङ्करमान आफ्ना अधिकारीको आज्ञाविना आउन सक्तैनथे । अधिकारीको पठाउने इच्छा थिएन; उनका पनि आउने इच्छा थिएन । बडागुरुज्यूकहाँबाट ज्यादै जोड लागेपछि उनी आए ।

बडागुरुज्यूबाट—

श्री:

**पं. भोलानाथ पौडेलले गरेको पञ्चाङ्ग व्याकरण इतिहासका विषयको कामले लोकहित गर्छ भन्ने मलाई लाग्दछ । यस किसिमका कामको म समर्थन गर्दछु । यसको उत्तरोत्तर वृद्धि हुँदै जाओस् भन्ने मेरो कामना छ ।**

**श्री ब. गु. खगेन्द्रराज**

**२०२२।९।१५**

यस्तो प्रशंसापत्र पाएपछि भोलानाथ पनि आए । माघ लाग्दा नलाग्दा बल्लतल्ल राम्ररी काम चल्यो । २०२३ को पञ्चाङ्ग तयार भयो । ग्रहणको काम चल्दै थियो । सित्तैमा काम गर्नु परेकाले भोलानाथले ४ महीना जति काम गरी सो काम छोडिदिए । ग्रहणको काम सिद्धिए-पछि शङ्करमान आफ्ना अधिकारीका आज्ञाअनुसार पञ्चाङ्गको काम छोडी गए । रामजी र देवीप्रसादले मात्र २०२४ को पञ्चाङ्गको काम गरे । बल्लतल्ल काम सिद्धियो । व्यवस्था केही भएन । यसपछि व्यवस्था होस् अथवा छुटकारा मिलोस् भनी मैले शिक्षामन्त्रालयमा तथा बडागुरुज्यूमा निवेदन दिएँ ।

२०२४ का हिउँदमा शिक्षामन्त्रालयमा तात्कालिक शिक्षामन्त्रीज्यूको अध्यक्षतामा पञ्चाङ्ग-विषयको प्रबन्ध गर्ने सभा बस्यो । त्यहाँ बडागुरुज्यू, शिक्षासचिवज्यू, शिक्षामहानिर्देशकज्यू, शिक्षा उपनिर्देशकज्यू, पं. बुद्धिसागरज्यू तथा मेरो पनि उपस्थिति थियो । पछि रामजी देवी-प्रसाद पनि त्यहाँ बोलाइए । हाम्रो प्रार्थना स्वीकार भयो । त्यहीबमोजिम काम हुनेछ भन्ने निर्णय भयो । भोलानाथले आफूले काम गरेको समयको मासिक २५०। दुइ सय पचासका दरले पुरस्कार पाए । रामजी देवीप्रसाद प्रत्येकले १०४०। एक हजार चालीस पुरस्कार पाए । भोलानाथलाई पनि पञ्चाङ्गको काम गर्न महानिर्देशकज्यूले बोलाउनुभयो । तर उनले आउन मञ्जूर गरेनन् । गणक खोजी काम लाउन मलाई महानिर्देशकज्यूले भन्नुभयो । तर मैले त्यहाँ

लान उपयुक्त गणक पाउन सकिनँ । महानिर्देशकज्यूको प्रयत्नले शङ्करमान बल्लतल्ल पञ्चाङ्गको काममा आए । उनले पनि रामजी देवीप्रसादसरह पुरस्कार पाए । रामजी देवीप्रसाद शङ्करमान भई २०२५ को पञ्चाङ्गको काम गरे ।

२०२६ को पञ्चाङ्गको कामको लागि नयाँ बन्दोबस्त भयो भन्ने कुरा बुद्धिसागरज्यूले २०२५ कार्तिकमा मलाई सुनाउनुभयो । ३ जना निर्णायकहरूको पञ्चाङ्गनिर्णायकसमिति बस्ने, त्यस समितिले बर्षको ६०००। छ हजार रु. पाउने, पञ्चाङ्गकर्ताहरू ५ जनालाई जनही पाँच पाँच सय पुरस्कार दिने, यसरी साढे आठ हजार रुपियाँ सो समितिले आफैंले खर्च गर्न पाउने आदि कुरा त्यहाँ छन्; तपाईं पनि त्यसमा एक निर्णायक भई बस्नुहोस् भनी मलाई उहाँले भन्नुभयो । पञ्चाङ्गगणना कसले गर्छ भनी मैले सोधें । सोही समितिले गर्छ भनी उहाँले भन्नुभयो । अहिले आएका गणकहरू के हुन्छन् त भन्दा यिनीहरू आफ्नो आफ्नो अड्डामा जान्छन्; यिनीहरूलाई नै विशेष पुरस्कार दिई घरमा पञ्चाङ्ग गनाउने प्रबन्ध गर्नुपर्छ भनी उहाँले भन्नुभयो । उनीहरू घरमा बसेर काम गर्छन् वा गर्दैनन्, त्यो त उनीहरू नै जानून्; म दिनहुँ आएर एक घण्टा जति उनीहरूको कामको निरीक्षण गर्छु त राम्ररी काम चलेको छैन; घरमा काम गर्दा कसरी काम सफल होला; मैले पैसा कमाउन पञ्चाङ्गसंशोधनको काममा हात हालेको होइन; विद्यापरम्परा चलाउन हो; अहिलेका गणकहरू पञ्चाङ्ग गन्न त सक्छन्, तर सारणी सुद्धयाउन सक्तैनन्; सारणी सुद्धयाउन सक्ने गणक तयार नगरी शुद्ध पञ्चाङ्गको परम्परा चलाउन सकिंदैन; म अहिले ५५ वर्ष पुगिसकें; पञ्चाङ्गको काम राम्ररी गर्न सक्ने कुनै योग्य गणक तयार गर्न अहिलेसम्म म समर्थ हुन सकेको छैन; यस कारण विशेषज्ञ गणक तयार गर्नु आवश्यक हुन आएको छ; सो कामको लागि एउटा प्राचीन करणग्रन्थ (ग्रहलाघव भास्वती रत्नदीप आदिमध्ये एउटा), एउटा नवीन करणग्रन्थ (ज्योतिर्गणित सर्वानन्दकरण आदिमध्ये एउटा), सिद्धान्तशिरोमणि यी तीन ग्रन्थ क्रियाहित कण्ठस्थ भएको र सारणी (मकरन्द आदि) र त्यसको उपपत्ति (गोकुलनाथीय आदि) राम्ररी बुझेको गणकको जिम्मा यो काम लाउन पाए पञ्चाङ्गको काम राम्ररी चल्थ्यो; त्यति योग्यता भएको गणकलाई राजपत्राङ्कित तृतीय श्रेणीको पद दिनु आवश्यक छ भनी शिक्षामन्त्रालयमा प्रार्थना गर्नुपर्ने अवस्था पर्न आएको बेलामा पहिलो योजनाअनुसार प्रबन्ध हुने ४ जना गणक पनि नराखी म कसरी काम गर्न सक्छु भनी मैले उहाँसँग भनें । महानिर्देशकज्यूको समाचार तपाईंलाई मैले सुनाएको हुँ भनी बुद्धिसागरज्यूले मलाई भन्नुभयो । तपाईं विद्वान् हुनुहुन्छ; तपाईंलाई सबै कुरो थाहा छ; आफैं विचार गर्नुहोस् भनी मैले भनें । हुञ्ज्यालसम्म म कोशिश गर्छु भनी उहाँले भन्नुभयो ।

यसको केही दिनपछि शिक्षामन्त्रालयमा महानिर्देशकज्यूले मलाई बोलाउनुभयो । उहाँले पनि बुद्धिसागरज्यूले भनेकै कुरा भन्नुभयो । तपाईंको सल्लाहअनुसार अरू निर्णायक रहनेछन्; अहिलेका गणकलाई नै घरमा लगी काम गराउनुहोस् भन्ने उहाँको भनाइ थियो । मैले माथिकै कुरा सुनाएँ । त्यसो गर्न लोकसेवाआयोगको नियमले मिलेन भनी उहाँले भन्नुभयो । अहिलेकै गणक फेरि पनि आऊन् भन्ने मेरो आग्रह होइन; लोकसेवाआयोगले गणकको विज्ञापन देओस्; जो योग्य होलान्, उही आउलान् भनी मैले प्रार्थना गरें । कुरो टुङ्गो लागेन ।

राष्ट्रिय अभिलेखालयमा पञ्चाङ्गको कामको शिक्षा गणकहरूलाई दिन म जाँदै थिएँ । एक दिन ज. माधवशमशेर ज. ब. रा. ज्यूले २०२६ को पञ्चाङ्ग किन नगनेको ? चाँडै गन्न लाउनुहोस् भनी भन्नुभयो । गणकहरूको प्रबन्ध भएको छैन; यसैले काम नचलेको हो भनी मैले भनें । यसको लागि म प्रबन्ध गर्दछु; काम चाँडै थालियोस्; सर्कारलाई पनि बोझ पार्नु हुँदैन' भनी उहाँले भन्नुभयो । मैले विनापैसामा काम गरिआएकै छु तथा गरी पनि रहनेछु, गणकहरूको प्रबन्ध होस् भन्ने मात्र मेरो भनाइ हो; अन्तभन्दा बढ्ता काम गर; थोरै खाऊ भनी गणकहरूलाई मैले उपदेश दिंदा मेरो कुरा कसले सुन्ला ? यति मात्र मेरो प्रार्थना हो भनी मैले भनें । म उद्योग गर्छु भनी उहाँले भन्नुभयो ।

यसपछि के भयो, मलाई थाहा भएन । यसको केही दिनपछि मकहाँ यस्तो पत्र आयो—

**श्री ५ को सरकार**
**शिक्षा मन्त्रालय, शिक्षा विभाग**
**(प्रशासन शाखा)**

**सिंहदरबार,**
**काठमाडौं**

**पत्र संख्या:— ६६३४।०२५** **मिति २०२५।८।१३।**

**विषय**–काजबाट फिर्ता ।—

**पंचाग निकाल्ने काम पंचाग बिबेचक समिति मार्फत गराइ रहेकोमा सो काम पंचांग निर्णायक समितिबाट गराउने भन्ने श्री ५ को सरकारको मिति ०२५।५।१८ को निर्णयानुसार निर्णायक समितिको गठन भई ०२६ सालको पंचाग निकाल्ने काम उक्त समितिबाट गर्न थालिएको तथा ०२५ सालको पंचाग गणनाको काम समेत समाप्त भएको हुंदा तपाईलाई अब पंचागको कामको लागि काजमा राखि रहन नपर्ने भएकोले आफ्नो आफ्नो दरबन्दी भएको ठाउँमा हाजिर हुन जान निर्णयानुसार सूचित गरिन्छ ।—**

**श्री पं. देवीप्रसाद–ठिमी प्राथमिक पाठशाला ।—**
**श्री पं. रामजी तिवारी–शिक्षा विभाग ।–**

**सेक्सन अफिसर**

---

१. अरूले यसै कामलाई ४ लाख रुपियाँ मागेथे ।

(पूर्णिमा १५ पूर्णाङ्कको २७६ पृ. हेर्नुहोस् ।)

बोधार्थ:—

श्री स. बडागुरूज्यू, अध्यक्ष पंचाग बिबेचक समिति ।—

श्री पं. नयराज पन्त, पंचाग बिबेचक समिति ।—

श्री पं बुद्धिसागर पराजुली, " " ।

श्री ठिमी प्रा. पाठशाला ।—

श्री प्राथमिक शिक्षा शाखा ।—

यसबाट मलाई हर्ष बिस्मात दुवै भयो । किनभने पञ्चाङ्गको काम छुटेकोले शङ्करमानले सुबिस्ताको अनुभव गरे; मंसीर महीनाको बेलुकाको स्याँठ मैले खानु नपर्ने भयो[1] तथा गल्लीमा बकबाद सुन्नुपर्ने कारण पनि हटचो । यो हर्षकै कुरा भयो । योग्य गणक तयार होऊन् भनी आफूले धेरै वर्षदेखि चिताएको कुरा बीचैमा भताभुङ्ग भयो । यो बिस्मातकै कुरा भयो ।

अर्थविषयमा त यस कामबाट मलाई हानि लाभ केही भएन । किनभने पञ्चाङ्गविवेचक-समितिले सरकारबाट पाएको वर्षको ५००। पाँच सय रु. ग्रहण तथा साइतका पुस्तिकाहरू छपाउँदै खर्च हुन्थ्यो ।

यस कारण पञ्चाङ्गसंशोधन गर्ने गणकहरूलाई मैले निर्देशन दिन परेन र ज्योतिर्गणितको प्रतिसंस्कार गर्ने काम अहिले नगरे पनि हुने भयो ।

अब सर्वानन्दकरणको प्रतिसंस्कार गर्नुपर्नाको कारण सुनाउँछु ।

## *त्रिभुवन-विश्वविद्यालयमा मेरो अध्यापकत्व*

गणक गोविन्द आपटेले बनाएको सर्वानन्दकरण पनि त्रिभुवन-विश्वविद्यालयको सिद्धान्त-ज्यौतिषको आचार्य परीक्षाको अन्तिम वर्षमा पाठ्यपुस्तक बनेको छ । त्रिभुवन-विश्वविद्यालयको सिद्धान्तज्यौतिषको म अध्यापक भएको छु । यस कारण सर्वानन्दकरण मैले पढाउनुपर्छ । सर्वा-नन्दकरण क्लिष्ट संस्कृतभाषामा लेखिएको छ तथा त्यसको उपपत्ति अत्यन्त कम मात्रामा त्यहाँ दिइएको छ । गणितको विषय उसै गाह्रो, त्यसमा पनि भाषाको क्लिष्टता र उपपत्तिसमेत प्रायः नभएकोले पढ्ने पढाउने दुवैलाई सो पुस्तकबाट काम लिन चाहिनेभन्दा बढ्ता परिश्रम गर्नुपर्छ । बिरलाकोटि विद्यार्थी तथा अध्यापकको हृदयमा सो ग्रन्थको सोपपत्तिक आशय चढेको होला भन्ने कुरा अनुभवले बताएको छ । यस कारण सो पुस्तकको सोपपत्तिक अर्थ सुबोध होस् भनी मैले सर्वानन्दकरणको प्रतिसंस्कार गर्न लागेको हुँ । त्रिभुवन–विश्वविद्यालयमा म अध्यापक नभएको भए यो काम अहिले मैले नगरेको भए पनि हुन्थ्यो । यस कारण त्रिभुवन–विश्वविद्यालयको मेरो अध्यापकत्व र यस प्रतिसंस्कारको गाढा सम्बन्ध छ । यस कारण त्रिभुवन–विश्वविद्यालयको अध्यापकत्वको विषयको आफ्नो कुरा सुनाउँछु । यी कुरा तलका आठ पत्रले स्पष्ट गराउँछन् ।

---

१. त्रिभुवनविश्वविद्यालयमा साढे पाँचसम्म पढाई त्यहाँबाट फर्कनुपर्थ्यो । पञ्चाङ्गको काम छुटेपछि साढे चार बजे फर्कन पाइने भयो ।

१ संख्या

## त्रिभुवन–विश्वविद्यालयका उपकुलसचिवज्यूको पत्र

त्रिभुवन विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय
काठमाण्डौ, नेपाल

पत्र संख्या च. नं. ८४२।०२२ दिनाङ्क ०२२ आश्विन ३ गते

श्री नय राज पन्त
राजकीय संस्कृत महाविद्यालय,
पुतली सडक लाई

महाशय,

त्रिभुवन विश्वविद्यालयमा आचार्य कक्षाहरूको पढाईका लागि तपाईलाई पार्ट टायम लेक्चरर पदमा नियुक्त गर्न विचार भएकोले यसमा तपाईको स्वीकृति छ छैन छ भने सो स्वीकृति अविलम्ब लेखि पठाइ दिनु हुन आज्ञानुसार अनुरोध गर्दछु । सधन्यवाद ।

भवदीय
अ रजिष्ट्रार
त्रिभुवन विश्वविद्यालय

२ संख्या

## त्रि. वि. वि. का उपकुलपतिज्यूलाई पत्र

त्रिभुवनविश्वविद्यालयका भाइसचान्सलरज्यूमा नम्र निवेदन

नेपालको प्रामाणिक इतिहास तयार होओस् भनी मैले धेरै वर्षदेखि आफ्नो शक्तिले भ्याए-सम्म काम गर्दै आएको छु । यो कुरा श्रीमानमा विदितै छ ।

अड्डाबाट विशेष सहायता नपाइएकोले आफ्नो सम्पर्कमा आएका विद्यार्थीहरूबाट इतिहास-संशोधनहरू मैले चलाउँदै आएको पनि तेह्र वर्ष पुग्यो । यो कुरा पनि श्रीमानमा विदितै छ ।

इतिहास–संशोधन गर्नेहरूमध्ये धेरैले त यो काम छोडिसके तापनि बाँकी रहेकाले यस कामलाई उत्साहपूर्वक बढाउँदै लगेका छन् । यिनीहरूले इतिहासविषयको शिक्षा मबाटै पाएका हुन् तापनि मैले थाहानपाएका केही कुरालाई यिनीहरूले पत्ता लाएका छन् । उदाहरणको लागि–मैले नदेखेका निकै अभिलेखलाई इतिहास–संशोधकहरूले खोजी ल्याएका छन्; ती अभिलेखमध्ये केहीलाई उनीहरूले प्रकाश पनि गरेका छन् । गोपालराजवंशावलीको अर्थ पनि मैले भन्दा धेरै बढी मात्रामा गर्न उनीहरू समर्थ भएका छन् ।

एकलै भई अन्वेषणको परम्परा चलाउन म असमर्थ छु । यस कारण संशोधन-मण्डल (इतिहास–संशोधकहरू र मसमेत मिली बनेको सानो जमात)लाई छोडी विद्याको क्षेत्रमा अकर्मण्य बन्न म चाहन्नं ।

संशोधन–मण्डल गरीब छ । यसलाई चल्न नदिन वा यसको परिश्रमलाई थोरै पैसाले किनी आफू यशस्वी अन्वेषक बन्न हाम्रो यहाँका केही मनुष्यबाट दुश्चेष्टा बराबर भइरहन्छन् ।

अन्वेषण–परम्परा चलाउने उद्योग मैले गरेको धेरै वर्ष भयो । तर वि. सं. २००७ सम्म म त्यस काममा असफल भइरहें । किनभने त्यस वेला प्रकाशन–स्वतन्त्रता थिएन ।

तर हाम्रो सौभाग्यले

*" ( यो ) सबै जातको फुल्‌बारि हो...राजाका सार भन्याको सिपाहि र रैतिहरु हुन्‌ः ...प्रजा मोटा भया दर्बार बलियो रहन्छ."*

( श्री ५ पृथ्वीनारायण शाहको उपदेश )

यस्तो बोल्ने श्री ५ पृथ्वीनारायण शाहका योग्य उत्तराधिकारीको हातमा राज्यशक्ति फेरि आयो र—

*"यो धाराको कुनै कुराले श्री ५ को सरकार वा श्री ५ का कुनै कर्मचारीको विरुद्ध कारवाई चलाउन पाउने कानूनले दिएको अधिकारलाई सीमित गरेको संभिनेछैन ।"*

(नेपालको संविधान ८७ धारा)

*"...देहायको काम कुरा गर्नु बेइज्जति ठहर्दैनः–*
*सर्वसाधारणको हितको लागि आवश्यक भएमा, कुनै व्यक्तिलाई सांचो कुराको दोष लगाउनु वा त्यसको प्रकाशन गर्नु;"*

(गाली र बेइज्जतिको ऐन, ४ दफा)

यस्ता ऐनहरू बने ।

यस कारण खान नपाए तापनि संशोधन-मण्डलले निर्भय भई अन्वेषणको परम्परा चलाउन पायो ।

*जातिर्यातु रसातलं गुणगणास्तस्याप्यधो गच्छतु*
*शीलं शैलतटात् पतत्वभिजनः संदह्यतां वह्निना ।*
*शौर्ये वैरिणि वज्रमाशु निपतत्वर्थोऽस्तु नः केवलं*
*येनैकेन विना गुणास्तृणलवप्रायाः समस्ता अमी ॥*

(प्राचीन सुभाषित)

[जाति पातालमा भासियोस् । गुणहरू त्यसभन्दा पनि तल भासियून् । शीलस्वभावमा पहिरो लागोस् । कुलमा आगो लागोस् । शूरता त वैरी नै हो, त्यसमा झट्ट वज्र परिहालोस् । हामीलाई खालि पैसा भए पुग्छ । किनभने यी सबै गुणहरू एउटा पैसा भएन भने झार जस्तै हुन्छन् ।]

यस सिद्धान्तका उपासकहरू संशोधन–मण्डलदेखि निकै चिढिएका छन् । किनभने पढ्ने खोज्ने काम नगरी परिपञ्चबाट विद्वान् कहलाई जथाभावी लेखी देशलाई अन्धकारमा राख्ने

उनीहरूको स्वेच्छाचारितामा संशोधन–मण्डलको अन्वेषण–परम्परा बाधक भइरहेछ ।

संशोधन-मण्डलको कामको विषयमा त्रिभुवन–विश्वविद्यालयलाई झिजोल्ने मेरो इच्छा थिएन । तर वि. सं. २०२० आश्विनमा विश्वविद्यालयको इतिहास र संस्कृतिको पाठ्यक्रमनिर्धारणसमितिमा मलाई बोलाइयो र पत्रैपिच्छे भने जस्ता अशुद्धिले परिपूर्ण भएको श्रीबालचन्द्र शर्माको "नेपालको ऐतिहासिक रूपरेखा" र संशोधन-मण्डलले गरेको बालचन्द्रको पुस्तकको आलोचनामा भ्रम पार्न दोधारे कुरा लेखी नेपालको इतिहासलाई बिगार्ने कुश्चेष्टा गरिएको श्रीसूर्यविक्रम ज्ञवालीको "नेपाल उपत्यकाको मध्यकालीन इतिहास" हरू पाठ्यपुस्तक बनेको कागतमा मेरो सहिछाप गराउने चेष्टा गरियो ।

त्यसमा—

*"नेपालको प्रामाणिक इतिहास तयार होस् तथा पाठ्यपुस्तक बनोस् भनी मैले धेरै वर्षदेखि प्रयत्न गर्दै आएको छु । नेपालका इतिहासका विषयका ग्रन्थ कम पाइने भएका हुनाले पुस्तकको छानबीन गर्न पाठ्यपुस्तकको निर्धारण गर्ने समितिलाई गाह्रो हुनु स्वाभाविक छ । यस कारण पाएसम्मका पुस्तकलाई पाठ्यपुस्तकमा निर्धारण गर्ने नीति लिइएको हुनुपर्छ । यस्तो भए तापनि अशुद्ध भनेर थाहा पाइसकेका कुरालाई विद्यार्थीलाई घोकाई विद्यार्थीको जीवन बिगारिदिनु विश्वविद्यालयको कर्तव्य होइन ।*

*श्रीबालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रूपरेखा'*
*श्रीभैवरबहादुर प्रधानको 'मध्यकालीन नेपाल'*
*श्रीसूर्यविक्रम ज्ञवालीको 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'*

*यी तीन पुस्तकको संशोधन–मण्डलले प्रशस्त संशोधन गरेको छ । ती संशोधन अप्रामाणिक हुन् भने ग्रन्थकारद्वारा वा अरूद्वारा तिनको खण्डन हुनुपर्छ । होइन भने संशोधनसमेत ती पुस्तक पढाइनुपर्दछ ।*

*यस कारण यस्ता पुस्तकलाई संशोधनविना पढाउने कुरामा सहमति दिन म सक्तिनं ।"*

मैले यस्तो टिप्पणी लेखिदिएँ । मेरो रायको वास्ता गरिएन । उल्टो विश्वविद्यालयबाट एक धम्कीपूर्ण पत्र अंग्रेजीमा मकहाँ आयो ।

यस अवस्थामा मेरो लागि दुइ बाटा थिए । एउटै मानिस दुइपल्ट मरेको, एउटै मानिस एउटै मानिसको बाबु पनि भाइ पनि भएको इत्यादि अनेकन् दोषले परिपूर्ण भएको पुस्तक विश्वविद्यालयका अधिकारीहरूको दृष्टिमा उत्तम ठहरिएपछि मैले बोल्नु हुँदैन भन्ने भावले चूप लागी बस्ने अथवा आफ्नो शक्तिअनुसार नेपालको प्रामाणिक इतिहास तयार गर्न परिश्रम गर्दै जाने । यसमा मैले पछिल्लो बाटो लिएको छु ।

रायल नेपाल एकेडेमी र त्रिभुवन–विश्वविद्यालयका उच्च अधिकारीहरूको साँठगाँठबाट नेपालको प्रामाणिक इतिहास तयार गर्ने काममा पर्न आएको यस प्रकारको बाधा नहटेसम्म त्रिभुवन-विश्वविद्यालयभित्र म पसेमा विश्वविद्यालयलाई र मलाई पनि राम्रो नहुने हुनाले

अहिलेलाई विश्वविद्यालयबाट म बाहिर रहेमा नै विश्वविद्यालयलाई र मलाई पनि राम्रो होला भन्ने मैले सम्झेको छु ।

वि. सं. २०२२ आश्विन २८ गते त्रिभुवन-विश्वविद्यालयमा श्रीमान्‌को अध्यक्षतामा भएको छलफलमा पण्डितवर पद्मप्रसाद भट्टराईज्यू आदि विद्वान्‌हरूको समक्ष यो कुरा मैले श्रीमान्‌मा निवेदन गरेको हुँ । सिद्धान्तज्यौतिषशास्त्रको प्रयोगात्मक अध्ययनको विषयमा पनि त्यहाँ मैले श्रीमान्‌छेउ निवेदन गरेको हुँ ।

अघि जे भए तापनि अब त्रिभुवन-विश्वविद्यालय न्यायमार्गबाट पर हट्‌दैन; संशोधन-मण्डलको अन्वेषण-परम्परालाई त्रिभुवन-विश्वविद्यालयले समर्थन गर्नेछ तथा सिद्धान्तज्यौतिषको प्रयोगात्मक अध्ययनको लागि चाहिने खर्चको निकासा त्रिभुवन-विश्वविद्यालयले दिनेछ भन्ने आश्वासन पनि मैले श्रीमान्‌बाट त्यस छलफलमा पाएको हुँ ।

संशोधन-मण्डलले तयार गरी प्रकाश गरेका वा गराएका पुस्तक-पुस्तिकाहरू त्रिभुवन-विश्वविद्यालयमा आइपुगेकै छन् । तिनमा श्रीमान्‌को दृष्टिपात पनि भएकै होला ।

आफ्नो देशको इतिहासमा भ्रम फैलाई आफ्नो देशको गौरव घटाउने केही व्यक्तिको अहङ्कारपूर्ण दुश्चेष्टालाई श्रीमान्‌को योग्य नेतृत्व पाएको त्रिभुवन-विश्वविद्यालयले हटाउनेछ र नेपालको प्रामाणिक इतिहास तयार गर्ने कामलाई चाहिने अन्वेषण-परम्परा चलाउन अब त्रिभुवन-विश्वविद्यालय समर्थ हुनेछ भन्ने मलाई लागेको छ । मेरो भन्नु यति हो ।

त्रिभुवन-विश्वविद्यालयमा मैले प्रवेश गर्नु बढिया हुन्छ वा हुँदैन भन्ने विषयमा संशोधन-मण्डलको राय मैले मागेको थिएँ । उसले दिएको राय तथा सिद्धान्तज्यौतिषशास्त्रको प्रयोगात्मक अध्ययनको विषयमा पञ्चाङ्गविवेचकसमितिले वि. सं. २०२० मा तयार गरेको योजनालाई पनि यो निवेदनसाथै समावेश गरेको छु । तिनमा पनि श्रीमान्‌को दृष्टिपात होला भन्ने मलाई लागेको छ ।

निवेदक-

वि. सं. २०२२।७।११।४ — नयराज पन्त

*संशोधन-मण्डलको राय*

विदेशी विद्वान्‌हरूले अधकल्चा ज्ञानको भरमा लेखेका पुस्तकको मात्र भर नपरी स्वयं हामी नेपालीले नै ऐतिहासिक सामानहरूको अन्वेषण गरी तथा तिनको राम्ररी अध्ययन गरी नेपालको शुद्ध र सर्वाङ्गपूर्ण इतिहास तयार पार्नुपरेको छ भन्ने उद्देश्य लिई हामीहरूले आफ्नो शक्तिले भ्याएसम्म निरन्तर परिश्रम गर्दै आएका छौं । सीमित साधन भए तापनि हाम्रो केही वर्षको उद्योगले नेपालको प्राचीन, मध्य र आधुनिक कालको इतिहासमा धेरै नयाँ प्रकाश परेका छन् ।

इतिहास लेख्न आवश्यक अन्वेषण र अध्ययन नगरी लेखिएका हुनाले नेपालका इतिहास–सम्बन्धी पुस्तकहरूमा धेरै अशुद्धिहरू रहन गएका छन् । त्यस्ता अशुद्धिहरूलाई प्रमाणद्वारा निराकरण गर्नु आवश्यक भएको हुँदा १३ वर्षदेखि हामीले इतिहास–संशोधनहरू प्रकाशित गर्दै आएका छौं । हाम्रो यहाँ जानाजान इतिहासमा भ्रम फैलाउने चेष्टा पनि बराबर भइरहेका हुनाले र इतिहास–संशोधनहरू चल्न नदिने प्रयोग पनि भएका हुनाले अवस्था हेरी इतिहास-संशोधनहरूले कडा आलोचनाको बाटोमा पनि हिंड्नुपरेको छ । यसो हो तापनि कसैलाई गिराउने वा कसैलाई उठाउने प्रयोग हामीले कहिल्यै गरेका छैनौं । सधैं निष्पक्ष भई संशोधन गर्दै आएका छौं ।

हाम्रो यस कामले विद्याको क्षेत्रमा निस्सन्देह केही जागरूकता ल्याएको छ । तर स्वार्थमा बाधा परेको हुँदा केही प्रतिष्ठित व्यक्तिहरू यस कामलाई मन पराउँदैनन् र यसलाई चल्न नदिन अनेक चेष्टा गर्दछन् । इतिहास–संशोधनहरूमा प्रमाणद्वारा सिद्ध गरिसकिएका कुरालाई पनि वाग्जालद्वारा उल्टाउने, बङ्ग्याउने असफल चेष्टा उनीहरूबाट भएको छ तथा इतिहास-संशोधनहरू गालिगोप्तासिवाय केही होइनन् भन्ने आशयको कुराको घुइरो घुइरो प्रचार पनि प्रशस्त गराइएको छ । उदाहरणार्थ रायल नेपाल एकेडेमीका केही सदस्यहरूको व्यवहार, कामकार्वाईलाई लिन सकिन्छ ।

एकेडेमीबाट 'नेपाल–उपत्यकाको मध्यकालीन इतिहास' प्रकाशित भएको छ । इतिहास–संशोधनहरूले प्रमाणद्वारा सिद्ध गरिसकेका कति कुरालाई स्वार्थवश जानाजान पल्टाउने, बङ्ग्याउने भरमगदूर कोशिश त्यस पुस्तकमा गरिएको छ । यसो हुँदा पाटनको एक स्वतन्त्र राजवंशलाई नै मान्यता नदिनु, भक्तपुरमा नरेशमल्ल भन्ने राजा हुँदै भएनन् भन्नु आदि ठूलठूला अशुद्धिहरू केवल आफ्नो झूठो मान कायम राख्न त्यस पुस्तकमा गरिएका छन् । एकै व्यक्ति दुइचोटि मरेको जस्तो भद्दा भूल पनि त्यहाँ परेका छन् । अनेक सावधान–पत्र इतिहास-संशोधन-हरूमा यस विषयमा हामीले लेखिसकेका छौं । यसरी व्यक्तिगत स्वार्थको लागि देशलाई समेत बिर्सी देशको इतिहासमा खेलबाड गरिएको छ ।

यसो हुँदा साधारण जनता कसको कुरा मान्ने भन्ने द्विविधामा परेका छन् । विद्याको क्षेत्रमा यस्तो अवस्था राखिराख्नु देशलाई हितकर कुरा नहुनाले यस विषयमा विद्वान्हरूले विचार गरी टुङ्गो लाइदिनुपरेको छ भन्ने माग हामीले गर्दै आएका छौं । इतिहास–संशोधन-हरूमा स्पष्ट प्रमाणद्वारा कुरा सिद्ध गरिएका हुँदा तथा विवादास्पद विषयमा इतिहास–संशोधनले हात नहालेको हुँदा यी ठीक हुन् कि बेठीक हुन् भन्ने टुङ्गो लाउनु कुनै गाह्रो कुरा छैन, सजिलैसँग टुङ्गो लाउन सकिने छन् । यस कारण त्रिभुवन–विश्वविद्यालयले यस विषयमा विचार गरी एउटा टुङ्गो लाइदिनुपरेको छ, वास्तव कुराको समर्थन गरी प्रोत्साहन दिनुपरेको छ भन्ने हामीलाई लाग्छ ।

धनवज्र वज्राचार्य
संशोधन–मण्डलका कार्यसचिव

सिद्धान्तज्यौतिषशास्त्रको प्रयोगात्मक अध्ययनको विषयको योजना

यो योजना पनि उपकुलपतिसमीप पेश गरिएको थियो । यो योजना पूर्णिमा १५ पूर्णाङ्कका ३२३–२५ पृ. मा छापिएको छ ।

यसपछि त्रिभुवन-विश्वविद्यालयमा ज्यौतिष पढाउन स्वदेशका तथा काशीका विद्वान्‌हरू आए भन्ने सुनियो । विशेष कुरा मलाई थाहा भएन । काल बित्तैं गयो ।

३ संख्या

## त्रि. वि. वि. का प्रधानाचार्यज्यूको पत्र

त्रिभुवन विश्वविद्यालय कलेज

प्रिन्सिपलको कार्यालय
काठमाडौं, नेपाल
दिनांक ०२३।६।२४

पत्र संख्या च. न. २३४।०२३

श्री नयराज पन्त,

ओटु

महाशय,

ईतिहास संशोधन मण्डल बाट प्रकाशित भएका तपाईका[१] कृतिहरू त्रिभुवन विश्वविद्यालय को ईन्टर मेडियट, वि. ए. तथा एम. ए. स्तर मा पाठ्य पुस्तकको रूपमा समावेश गरिएको कुरा तपाईलाई विदित भएकै होला । यसै गरि अरू अरू कार्यहरूमा पनि तपाईले यस विश्वविद्यालय-लाई गर्नु भएको कार्य ज्यादै नै प्रसंसनिय छ । तपाई जस्ता योग्य बिद्वानहरू को सहयोगका लागी सदैव यस विश्वविद्यालय स्वागत गर्दछ ।

यस विश्वविद्यालय अन्तर्गत आचार्य विभागमा ज्योतिष को प्राध्यापक नभई अध्ययन कार्य सुचारू रूपले चल्न नसकेको कुरा वोध गराउदै यस कार्यमा पनि यहाँको सहयोगको निमित्त अनुरोध गर्दछु । आशा छ तपाई जस्तो बिद्वानले विश्वविद्यालयलाई अवश्यनै सहयोग गर्नु हुनेछ ।

भवदीय,
सूर्यबहादुर शाक्य
प्रिन्सिपल,
त्रिभुवन विश्वविद्यालय कलेज

---

१. यी ग्रन्थ मेरो देखरेखमा विद्यार्थीहरूले तयार गरेका हुन् ।

४ संख्या

## त्रि. वि. वि. का प्रधानाचार्यज्यूलाई पत्र

श्रीमान् त्रिभुवन-विश्वविद्यालयकलेजका प्रिन्सिपलज्यू,

यहाँले २०२३।६।२४ मा कृपापूर्वक पठाउनु भएको च. नं. २३४।०२३ को पत्र हिजो पाएँ ।

नेपालका इतिहासविषयका पाठ्यपुस्तक धेरै अशुद्ध भएका हुनाले शुद्ध पाठ्यपुस्तक बनून् भनी मैले धेरै वर्षदेखि उद्योग गर्दै आएको हुँ । सोही उद्योगको फलस्वरूप मेरा सहचरहरूबाट इतिहास-संशोधनपत्रहरू निस्केका हुन् । इतिहास-संशोधनको प्रमाणप्रमेय (पहिलो भाग) सो उद्योगको साकार रूप बन्न गएको छ । अशुद्धिलाई हटाई शुद्ध पाठ्यपुस्तक बनाइयून् भनी मैले सबैसँग प्रार्थना गर्दै आएको छु । तर रायल नेपाल एकेडेमीका उच्च अधिकारीहरूको दुराग्रहले मेरो प्रार्थना काम लागेन ।

त्रिभुवन-विश्वविद्यालयका भूतपूर्व उच्च अधिकारीहरूले एकेडेमीका उच्च अधिकारीहरूका अशुद्ध पुस्तकलाई पाठ्यपुस्तक बनाई मेरो समेत मञ्जूरी लिने छलपूर्ण व्यवहार गर्नुभएकोले इच्छा नहुँदा नहुँदै पनि मैले त्रिभुवन-विश्वविद्यालयबाट पर सर्ने नीति लिनुपरेको हो ।

अब त्रिभुवन-विश्वविद्यालयको पाठ्यक्रममा इतिहास-संशोधनको प्रमाणप्रमेय रह्यो भन्ने श्रीमान्बाट सूचना पाउँदा मलाई हर्ष लागेको छ । यस कारण शुद्ध अशुद्धको विवेक रहेपछि त्रिभुवन-विश्वविद्यालयमा आई पढाउन तथा काम गर्न मलाई केही बाधा पर्दैन । त्रिभुवन-विश्वविद्यालयमा नियमपूर्वक काम गर्न मेरो मञ्जूरी छ ।

भवदीय-

२०२३।६।२७।५ नयराज पन्त

५ संख्या

## त्रि. वि. वि. का. कुलसचिवज्यूको पत्र

त्रिभुवन-विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय
काठमाण्डौ नेपाल

पत्र संख्या च. नं. २८७०।०२३ दिनाङ्क ०२३ आश्विन २८ गते

श्री नयराज पन्त,
संशोधन-मण्डल,
महाबौद्ध, काठमाडौ नेपाल ।

विषयः—अस्थायी नियुक्ति

महाशय,

त्रिभुवन विश्वविद्यालय आचार्य विभागको रू २२५।–(दुइ सय पच्चिस) खाने पार्ट टाइम लेक्चरर पदमा तपाईंलाई ०२३।७।१४ गतेदेखि अर्को आदेश नभए सम्मका लागि अस्थायी नियुक्त गरिएको छ। विश्वविद्यालयको परिनियम र अधिनियम तपाईंलाई पनि लागू हुनेछ। अतः स्वीकृतिका साथै आफनो पदको कार्यभार सह्याल्न आउनु होला।

बोधार्थः—

भवदीय—

१) प्रिन्सिपल, त्रि. वि. कलेज

त्रैलोक्यनाथ उप्रेती

२) त्रि. वि. एकाउन्ट शाखा

रजिष्ट्रार

यसपछि त्रिभुवनविश्वविद्यालयको अस्थायी अध्यापक पद स्वीकार गरी काम गर्न लागें। काल बित्तै गयो।

६ संख्या

## त्रि. वि. वि. का. प्रधानाचार्यज्यूलाई पत्र

त्रिभुवन–विश्वविद्यालयका प्रधानाचार्यज्यू,

त्रिभुवन–विश्वविद्यालयमा अध्यापकको रूपमा वि. सं. २०२३ कार्तिकमा मैले प्रवेश गरेको हुँ। त्यस वेलादेखि अहिले वि. सं. २०२५ भाद्र १० गतेसम्म जम्मा १ वर्ष १० महीना आचार्यविभागमा सिद्धान्तज्यौतिष पढाउने काम मैले गरें। आफनो योग्यताअनुसार मैले मन लाई काम गरेको छु। सिद्धान्तज्यौतिष पढ्न नभई नहुने केही उपकरणहरू बनाउन श्रीमान्बाट खर्च निकासा गरी मैले विद्यार्थीहरूद्वारा बनाउन लाएँ। त्यही प्रसङ्गमा वि. सं. २०२४ को त्रि. वि. वि. दीक्षान्तसमारोहमा *संक्षिप्त गोलविमर्श तथा हिन्दू गणितको* उत्कर्षनामक सानो पुस्तिका पनि विद्यार्थीहरूले प्रकाशित गराए। मैले त्रि. वि. वि. मा काम गरेको संझना यही रहनेछ भन्ने मैले सम्झेको छु।

वि. सं. २०२४ बर्खाको कुरा हो। परीक्षा नजीकै थियो। श्रीमान्को कार्यालयबाट विद्यार्थीहरूको उपस्थिति नलिनू भन्ने सूचना निस्किसकेको थियो। त्यहीअनुसार काम पनि भएको थियो। सिद्धान्तज्यौतिष पढ्ने एक जना विद्यार्थी धेरै अगाडिदेखि उपस्थित थिएनन्। लोकसेवाआयोगको शाखा अधिकृत (सेक्शन अफिसर) को परीक्षामा उत्तीर्ण भई भर्ना हुने उनको निश्चय भइसकेको थियो। केवल भर्ना हुन मात्र बाँकी थियो। आचार्यविभागका तात्कालिक अध्यक्षज्यू ती विद्यार्थीलाई साथ लिई मकहाँ आउनुभयो। म पढाइरहेको थिएँ। यिनको उपस्थिति पुगेन, अतिरिक्त उपस्थिति लिई यिनको उपस्थिति मिलाइदिनुहोस् भनी अध्यक्षज्यूले मसँग भन्नुभयो। प्रधानाचार्यज्यूको कार्यालयबाट उपस्थिति नलिनू भन्ने सूचना निस्किसक्यो; अब कसरी उपस्थिति लिने भनी मैले भनें। उहाँलाई मेरो कुरा रुचिकर भएन। तपाईंले नगरे आदेश ल्याई यो काम गराउँछु भनी गर्जदै उहाँ जानुभयो। त्यसपछि के भयो,

मलाई थाहा छैन । ती विद्यार्थीले उपस्थिति नपुगेकोले परीक्षा दिन पाएनन् । यति कुरो मलाई थाहा छ । यस घटनाबाट रजिष्ट्रारज्यूको कार्यालयमा जस्तो मनपर्दी हुन्छ* त्यस्तो मनपर्दी श्रीमान्‌को कार्यालयमा हुँदो रहेनछ भन्ने मैले संझेको छु । यताबाट श्रीमान् तथा श्रीमान्‌को कार्यालयप्रति मेरो श्रद्धा छ ।

बाल्मीकिसंस्कृतमहाविद्यालयमा शास्त्रीसम्मको पढाइ हुने हुनाले त्रि. वि. वि. मा मैले पढाउन छोडें भने आचार्यका ग्रन्थको अभ्यास मेरो हुँदैन र मेरो बुद्धिमा कमजोरी आउन सक्तछ । त्रि. वि. वि. बाट मैले पाएको पारिश्रमिक मैले संशोधन–मण्डललाई दिने गरेको छु । संशोधन-मण्डलले पूर्णिमानामक त्रैमासिक पत्रिका प्रकाश गर्न यो रकम लाउने गरेको छ । मैले त्रि. वि. वि. मा पढाउन छोडें भने पूर्णिमा बुझ्लाउँछ, यो पनि मलाई थाहा छ ।

श्रीमान्‌को कार्यालयको न्यायबुद्धि, मेरो ग्रन्थाभ्यास, पूर्णिमाको लाभ यी तीन कुरा सम्झी मलाई त्रि. वि. वि. मा पढाउने काम नछोडूँ जस्तो लागीरहन्छ ।

त्रि. वि. वि. को आचार्यविभागको पढाइ वि. सं. २०२५ भाद्र १२ गते (भोलि) देखि त्रिपुरेश्वरमा नभई कीर्तिपुरमा हुन्छ भन्ने सूचना निस्कियो । सबै विभागलाई एकै ठाउँमा राखी काम गर्दा सुप्रबन्ध हुने हुनाले त्यसो गर्नु उचित पनि हो । बाल्मीकिसंस्कृतमहा-विद्यालयमा पढाई कीर्तिपुरसम्म हिंडेर गई पढाई हिंडेर फर्कनु संभव छैन । मोटरको पेट्रोलको गन्ध मेरो शरीरलाई हितकर हुँदैन । आधा घण्टाभन्दा बढ्ता मोटर चढ्दा मलाई रिंगटा लाग्ने वमन हुने हुन्छ । यसो हुनु मेरो शरीरको दुर्गुण हो । यस कारण मोटर चढेर पनि कीर्तिपुर पुग्न म सक्तिनँ । यस कारण त्रि. वि. वि. को अध्यापकत्वबाट त्यागपत्र दिनुसिवाय मेरो अगाडि अर्को बाटो छैन । यस कारण दुःखसाथ मैले त्रि. वि. वि. को अध्यापकत्वबाट त्यागपत्र दिएको छु ।

सम्झना नछुटोस् ।

*देश्‌देश्‌का बाटुलिन्छन् बुझ तिमि मनले बाटका पाटिमाहाँ*
*बात्‌चित् गर्दै रहन्छन् खुशिसित मनले बन्धु झैं राति ताहाँ ।*
*प्रातःकाल भो जसै ता उठिकन ति सबै दश दिशा लागि जान्छन्*
*बन्धूको सङ्ग यस्तै बुझिकन गुणिले दुःखसुख एक मान्छन् ॥*

—रामायण

२०२५।५।११।२ भवदीय–

नयराज पन्त

त्रि. वि. वि. का ज्योतिषका अध्यापक

---

* १ परिशिष्ट हेर्नुहोस् ।

६ संख्याको १ परिशिष्ट

७ संख्या

## त्रि. वि. वि. का कुलसचिवज्यूलाई पत्र

त्रिभुवन–विश्वविद्यालयका रजिस्ट्रारज्यू,

श्रीमान्‌को ०२५।३।७ को पत्र पाएँ । मैले वि. सं. २०२३ को परीक्षाको काम गरेबापत पारिश्रमिक पाएको रहेछु ।

म अहिले ५५ वर्ष पुग्न लागें । आफ्नो २२ वर्षको उमेर वि. सं. १९९२ देखि प्राश्निक तथा परीक्षक भई म काम गर्न लागेको हुँ । त्रिभुवन–विश्वविद्यालयमा पनि वि. सं. २०१९ देखि आयोजक प्राश्निक परीक्षक भई मैले काम गरेको हुँ । मैले गरेको परीक्षाफल कहीं विपरीत भएको थिएन ।

वि. सं. २०२३ मा पनि त्रि. वि. वि. को ज्यौतिषविषयको म आयोजक प्राश्निक तथा परीक्षक पनि थिएँ । आचार्य प्रथम वर्षका १ जना परीक्षार्थीको अरूले नै दिएको अङ्कमा १ अङ्क नपुग्दा श्रीमान्‌को कार्यालयले आयोजकको हैसियतले मसँग सल्लाह मागेथ्यो । आचार्य तृतीय वर्षका ४ पत्रमध्ये १ पत्रको म नै प्राश्निक तथा परीक्षक थिएँ । २ जना परीक्षार्थी थिए। ती दुवै निकै अङ्क नपुगी अनुत्तीर्ण भएका थिए। ती दुवैका अङ्क अहिले पनि मसँग सुरक्षित छन् । परन्तु आश्चर्य छ, ती दुवै उत्तीर्ण भए। एक जना प्रथम श्रेणीमा निस्के । आयोजक प्राश्निक तथा परीक्षक भएको मसँग कुनै सोधपूछ गरिएन । त्यस विषयमा शङ्का उठेको भए जसरी प्रश्नसंशोधनमण्डलमा १ जनाको मात्र विश्वास नहुने हुनाले दुइ जनाबाट काम लिइन्छ, त्यसै गरी त्यस विषयमा पनि अरु अरू विशेषज्ञलाई बोलाई मलाई पनि राखी अरू पनि बसी छलफल गराएको भए हुन्थ्यो । कुनै कुरो भएन; खालि भित्रभित्रै गामगुम भएछ । *महानुपयोगिता वर्तते* जस्ता प्रथमपरीक्षाका विद्यार्थीले लेखे पनि अङ्क काटिने वाक्य आचार्यको उत्तरपत्रमा लेख्ने मानिस प्रथम श्रेणीमा निस्के । परीक्षाफल निस्केको भोलिपल्ट मैले श्रीमान्‌कहाँ यस विषयमा लिखित उजूरी पेश गरेको हुँ। अझै पनि दावीसाथ भन्देछु; उत्तरपत्र ल्याई विशेषज्ञ बोलाई जाँच होस्; मैले अनुचित गरेको ठहरे कडासेकडा सजाय भोग्न म तयार छु ।

उत्तरपत्रमा रहेका अशुद्धिमा मैले चिह्न लाइदिएको छु । ती अशुद्ध होइनन् भनी कसैले सिद्ध गरिदिन्छ भने म कडासेकडा सजाय भोग्न सधैं तयार छु ।

त्यस किसिमका अशुद्ध उत्तर लेख्ने मनुष्य पनि आचार्यमा उत्तीर्ण हुन लागेपछि केही कालमा नेपालमा शुद्ध संस्कृत लेख्न सक्ने तथा पाठ्यग्रन्थको अर्थ गर्न सक्ने मनुष्यको अभाव हुनेछ भन्ने कुरामा केही पनि शङ्का छैन । यस कारण जानाजान विद्याको नाश गर्ने काममा मुछिन म चाहन्नँ । यस कारण त्रिभुवन–विश्वविद्यालयको परीक्षक हुनु म आफूलाई कलङ्कित

भएको सम्झन्छु । यस कारण यो दुर्घटना भएपछि त्यस विश्वविद्यालयले परीक्षाबापत मनी पठाएको रुपियाँ लिन म असमर्थ छु । यस कारण नं. के. ०९५४०५ को चेक र नं. के. ०६७१६३ को चेकसमेत गरी त्यस विश्वविद्यालयले मलाई दिएको रु. १५०। एक सय पचासको चेक थान दुइ फिर्ता पठाएको छु ।

*झर्छन् निर्झर झैं अधर्म, बहुतै छीटो छरीतो गरी,*
*उत्रन्छन् गमसाथ धर्म, बहँदै गम्भीर धारासरी ।*
*जस्तो होस् पहिलो प्रकाश यिनको, चाँडो ढिलो आखिर,*
*फुर्छन् स्वर्णमय ध्वजा बिजयका, सद्धर्मकै खातिर ॥*

—आदर्शराघव

भवदीय–

२०२५।३।१३।४ नयराज पन्त

८ संख्या

## त्रि. वि. वि. का प्रधानाचार्यज्यूको पत्र

त्रिभुवन विश्वविद्यालय कलेज

प्रिन्सिपलको कार्यालय
काठमाडौं, नेपाल

पत्रसंख्या प्रि. आम्रा का–८२।४२४।०२५

श्री नय राज पन्त दिनांक २०२५।७।१२

महाशय,

तपाईले यस कलेजको प्राध्यापक पद बाट राजिनामा दिनु भएको तर तपाई संग मौखिक कुरा हुँदा क्लास त्रिपुरेश्वर मा चलेभने लिन्छु भन्नु भएको ले यहि ०२५ साल कार्तिक १५ गते बिहिवार देखि ज्योतिषका क्लाश त्रिपुरेश्वर मा हुने भएको ले सो क्लास लिदिनु हुन अनुरोध गरेको छु ।

भवदीय,

बोधार्थ:– सूर्यबहादुर शाक्य
श्रीरजिष्ट्रार प्रिन्सिपल,
त्रिभुवन विश्व विद्यालय । त्रि. वि. वि. कलेज

# प्रतिसंस्कृत सर्वानन्दकरण

## मध्यमाधिकार

१ प्रकम–अहर्गण ल्याउने रीति

शाकः षड्द्विधृतिभि१८२६रूनितो भवा११प्त-
श्चक्रं स्यात् फलमथ सूर्य१२निघ्नशेषम् ।
चैत्राद्यैः सहितमतोत्चान्द्रमासै-
र्मासौघो भवति स सिद्ध२४युग् गिरि७घ्नः ॥१॥
चक्रार्का१२हतिसहितोऽष्टजाति२२८भक्तो
मासौघः फलसहितः खराम३०निघ्नः ।
संयुक्तो गततिथिभिर्निरग्रचक्र-
षष्ठाढ्यः शशिदिनसञ्चयः प्रसिद्धयेत् ॥२॥
स्वैर्भागैः श्रुतिरस६४संमितैर्विहीन-
श्चान्द्राहव्रज उदितो दिनौघ इष्टः ।
घस्रौघः शर५हतचक्रयुग् तुरङ्गैः७
संतक्ष्यो भवति भृगोरभीष्टवारः ॥३॥⊛

---

⊛ षड्द्वीभेन्दु१८२६रहिताच्छकाद् भवा११प्त्या
चक्रं चैत्रमुखयुतार्क१२निघ्नशेषम् ।
मासाख्यं पृथगपि सिद्ध२४युङ् नग७घ्नं
चक्रार्का१२हतियुगहिद्विनेत्र२२८भक्तम् ॥१॥
लब्ध्याढ्यं खगुण३०हतं तिथिप्रयुक्तं
चक्रांगा६शयुतमितोऽर्णवांग६४लब्धः ।
ऊनाहैर्वियुतमहर्गणोऽथ वारः
स्यात् काव्याच्छर५हतचक्रयुग् दिनौघः ॥२॥

(सर्वानन्दकरणको मध्यमाधिकार)

गोविन्द गणकका यी पद्यका भाव लिई मैले माथिका पद्य बनाएको हुँ । यहाँ दिइएको उदाहरण गोविन्दकै हो । प्रश्नमाला मैले थपेको हुँ । गोविन्दले उपपत्ति दिएका छैनन्; उपपत्ति मैले थपेको हुँ । नेपालीमा उच्चकक्षाका पाठ्यपुस्तक बनून् भनी मैले व्याख्या उदाहरण प्रश्न-माला तथा उपपत्ति नेपालीमा लेखेको हुँ ।

अन्वय–षड्द्विधृतिभिः ऊनितः शाकः भवाप्तः कार्यः। फलं चक्रं स्यात् । अथ सूर्यनिघ्नशेषं चैत्राद्यैः अतीतचान्द्रमासैः सहितं कार्यम् । मासौघः भवति । सः सिद्धयुक् गिरिघ्नः चक्रार्काहृति-सहितः अष्टजातिभक्तः कार्यः । फलसहितः मासौघः खरामनिघ्नः गततिथिभिः संयुक्तः निरग्र-चक्रषष्ठाढ्यः कार्यः शशिदिनसञ्चयः प्रसिद्धयेत् । चान्द्राहव्रजः स्वैः श्रुतिरससंमितैः भागैः विहीनः कार्यः इष्टः दिनौघः उदितः। शरहतचक्रयुक् घस्रौघः तुरङ्गैः संतक्ष्यः भृगोः अभीष्टवारः भवति ।

पदार्थ–षड्द्विधृतिभिः=१८२६ ले । ऊनितः=घटेको । शाकः=शकसंवत् (शाके)। भवाप्तः=११ ले भाग लिएको । कार्यः=गर्नू । फलम्=लब्धि । चक्रम्=चक्र । स्यात्=हुन्छ । अथ=अनि । सूर्यनिघ्नशेषम्=१२ ले गुनिएको शेष । चैत्राद्यैः=चैत आदि । अतीतचान्द्रमासैः=बितेका चान्द्र महीनाले । सहितम्=जोडिएको । कार्यम्=गर्नू । मासौघः=मासगण । भवति=हुन्छ । सः=त्यो मासगण । सिद्धयुक्=२४ जोडिएको । गिरिघ्नः=७ ले गुनिएको । चक्रार्काहृति-सहितः=१२ ले गुनिएको चक्र जोडिएको । अष्टजातिभक्तः=२२८ ले भाग लिएको । कार्यः=गर्नू । फलसहितः=लब्धि जोडिएको । मासौघः=मासगण । खरामनिघ्नः=३० ले गुनिएको। गततिथिभिः=गततिथिले । संयुक्तः=जोडिएको । निरग्रचक्रषष्ठाढ्यः=चक्रलाई ६ ले भाग लिंदा आएको पूर्णाङ्क लब्धि जोडिएको । कार्यः=गर्नू । शशिदिनसञ्चयः=चान्द्र अहर्गण । प्रसिद्धयेत्=हुन्छ । चान्द्राहव्रजः=चान्द्र अहर्गण । स्वैः=आफना । श्रुतिरससंमितैः=६४ । भागैः=भागले । विहीनः=घटेको । कार्यः=गर्नू । इष्टः=अभीष्ट । दिनौघः=अहर्गण । उदितः=बताइयो । शरहतचक्रयुक्=५ ले गुनिएको चक्र जोडिएको । घस्रौघः=अहर्गण । तुरङ्गैः=७ ले । संतक्ष्यः=तष्ट गर्नू । भृगोः=शुक्रवारदेखि । अभीष्टवारः=इष्ट वार । भवति=हुन्छ ।

## अहर्गण ल्याउने रीति

भावार्थ–इष्ट विक्रमसंवत्बाट १३५ घटाउनू, शेष इष्ट शकसंवत् (शाके) हुन्छ । इष्ट शाकेबाट १८२६ घटाउनू, शेष वर्षगण हुन्छ । वर्षगणलाई ११ ले भाग लिनू; आएको लब्धि चक्र कहाउँछ । शेषलाई १२ ले गुनी आएको गुणनफलमा चैत्रादि गत चान्द्रमास[1] जोड्नू । योगफल सौरमासगण हुन्छ । सौरमासगणमा २४ जोड्नू; यो योगफललाई ७ ले गुनी गुणनफलमा १२ ले गुनिएको चक्र जोड्नू; यो योगफललाई २२८ ले भाग लिनू; आएको पूर्णाङ्क लब्धि अधिमास हुन्छ । सौरमासगणमा अधिमास जोड्नू; योगफल

१. चैत्रशुक्लपरेबा (संवत्सरपरेबा) देखि चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण) औंसीसम्म गत चान्द्रमास ० हुन्छ। वैशाखशुक्लपरेबादेखि वैशाखकृष्ण (पूर्णान्तिमानले जेष्ठकृष्ण) औंसीसम्म गत चान्द्रमास १ हुन्छ । ज्येष्ठशुक्लपरेबादेखि ज्येष्ठकृष्ण (पूर्णान्तिमानले आषाढकृष्ण) औंसीसम्म गत चान्द्रमास २ हुन्छ । यही क्रमले फाल्गुनशुक्लपरेबादेखि फाल्गुनकृष्ण (पूर्णान्तिमानले चैत्रकृष्ण) औंसीसम्म गत चान्द्रमास ११ हुन्छ । बीचमा अधिमास परेको भए योसमेत गन्नुपर्छ अर्थात् गत चान्द्रमास १ बढ्ता लिनुपर्छ ।

चान्द्रमासगण हुन्छ । चान्द्रमासगणलाई ३० ले गुनी गुणनफलमा शुक्लादि गततिथि[1] जोडी आएको योगफलमा चक्रको ६ खण्डको १ खण्ड (चक्रलाई ६ ले भाग लिंदा आएको पूर्णाङ्क लब्धि) पनि जोड्नू; यो योगफल चान्द्र अहर्गण हुन्छ । चान्द्रअहर्गणलाई ६४ ले भाग लिनू; आएको पूर्णाङ्क लब्धि अवमदिन हुन्छ । चान्द्रअहर्गणबाट अवम दिन घटाउनू; शेष इष्ट अहर्गण हुन्छ ।

## अहर्गणपरीक्षा (अहर्गण मिल्यो मिलेन भनी जाँचने रीति)

चक्रलाई ५ ले गुनी गुणनफललाई अहर्गणमा जोड्नू; योगफललाई ७ ले भाग लिनू । ० शेष रहे शुक्रवार । १ शेष रहे शनिवार । २ शेष रहे आइतवार । यही क्रमले ६ शेष रहे बृहस्पतिबार जानू ।

केही गरी वार नमिलेमा अहर्गणमा १ जोडी वा १ घटाई वार मिलाउनुपर्छ । वार मिलेको अहर्गण मात्र शुद्ध हुन्छ ।

कहिले परेको अधिमास पनि गणनामा आउँदैन । कहिले नपरेको अधिमास पनि गणनामा आउँछ । यस्तो हुँदा पनि वार मिल्दैन । त्यस्तो ठाउँमा क्रमैले अधिमासमा १ बढाई १ घटाई काम गर्नुपर्छ[2] ।

*उदाहरण*–विक्रमसंवत् १९८२ पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) अमावास्या बृहस्पतिवारको अहर्गण ल्याउँदा

वि. सं. १९८२ बाट १३५ घटाउँदा १८४७ शकसंवत् भयो । शकसंवत् १८४७ बाट १८२६ घटाउँदा २१ वर्षगण भयो । वर्षगण २१ लाई ११ ले भाग लिंदा लब्धि १ चक्र भयो ।

---

१. शुक्लपरेबामा शुक्लादि गततिथि ० हुन्छ । शुक्लद्वितीयामा शुक्लादि गततिथि १ हुन्छ । शुक्लतृतीयामा शुक्लादि गततिथि २ हुन्छ । यही क्रमले पूर्णिमामा शुक्लादि गततिथि १४ हुन्छ । कृष्णपरेबामा शुक्लादि गततिथि १५ हुन्छ । कृष्णद्वितीयामा शुक्लादि गततिथि १६ हुन्छ । यही क्रमले औंसीमा शुक्लादि गततिथि २९ हुन्छ । छोटकरीमा शुक्लादि गततिथिलाई गततिथि पनि भन्छन् ।

२. यहाँ अहर्गण मध्यममानले ल्याइएको हुन्छ । लोकमा चलेको तिथि स्पष्टमानले आउँछ । यस कारण स्पष्ट र मध्यम तिथिमा १ दिनको तलमाथि पर्न सक्ने हुनाले सो दोष हटाउन वारबाट अहर्गण मिलाउनुपरेको हो ।

यसै गरी अधिमास पनि स्पष्टमानले लोकमा आउँछ । अहर्गण ल्याउँदा मध्यममानको अधिमास आउने हुनाले १ अधिमासको तलमाथि पर्न जाने सम्भावना हुन्छ । त्यसरी अधिमासको तलमाथि परी वार नमिलेमा आएको अधिमासमा कहिले १ बढाउने कहिले १ घटाउने काम गरी वार मिलाउनुपर्छ ।

शेष १० रह्यो । १० शेषलाई १२ ले गुन्दा १२० भयो । वैशाखशुक्लपरेबामा १ महीना पुग्छ; ज्येष्ठशुक्लपरेबामा २ महीना पुग्छ, यसरी पौषशुक्लपरेबामा ९ महीना पुग्ने हुनाले चैत्रादि गतमास ९ हुन्छन् । १२० मा ९ जोड्दा १२९ सौरमासगण भयो । सौरमासगणमा २४ जोड्दा १५३ भयो । १५३ लाई ७ ले गुन्दा १०७१ भयो । चक्र १ हुनाले त्यसलाई १२ ले गुन्दा १२ भयो । यो १२ लाई १०७१ मा जोड्दा १०८३ भयो । १०८३ लाई २२८ ले भाग लिंदा ४ लब्धि आउँछ । यो ४ अधिमास हुन्छ । सौरमासगण १२९ मा अधिमास ४ जोड्दा १३३ चान्द्रमासगण भयो । चान्द्रमासगण १३३ लाई ३० ले गुन्दा ३९९० भयो । शुक्लपरेबामा गततिथि ० मानी गन्दा औंसीमा शुक्लादि गततिथि २९ हुन्छ । ३९९० मा शुक्लादि गततिथि २९ जोड्दा ४०१९ हुन्छ । चक्र १ हुनाले त्यसलाई ६ ले भाग लिंदा ० लब्धि आयो । ० लाई ४०१९ मा जोड्दा ४०१९ नै भयो । यस कारण चान्द्रअहर्गण ४०१९ भयो । ४०१९ लाई ६४ ले भाग लिंदा लब्धि ६२ आउँछ । यो ६२ अवमदिन हुन्छ। चान्द्रअहर्गण ४०१९ बाट ६२ अवमदिन घटाउँदा ३९५७ हुन्छ । यो ३९५७ अहर्गण हुन्छ ।

*अहर्गणपरीक्षा*

चक्र १ लाई ५ ले गुन्दा ५ हुन्छ । सो ५ लाई ३९५७ मा जोड्दा ३९६२ हुन्छ । ३९६२ लाई ७ ले भाग लिंदा ० शेष रहन्छ । ० शेष रहेको हुनाले शुक्रवार आउँछ। हाम्रो अभीष्ट बार बृहस्पति छ । यस कारण बार मिलाउन अहिले आएको ३९५७ मा १ घटाउनुपर्‍यो । यस कारण ३९५६ अभीष्ट अहर्गण भयो ।

| | |
|---|---|
| विक्रमसंवत् | १९८२ |
| | − १३५ |
| शकसंवत् | १८४७ |
| | −१८२६ |
| वर्षगण | २१ |

११) २१ वर्षगण (१ चक्र
    ११
    १० शेष
    ×१२
    १२०

| | | |
|---|---|---|
| चैत्रादि गतमास | + | ९ |
| सौरमासगण | | १२९ |

सौर मासगण १२९      चक्र १
+ २४      ×१२
१५३      १२
× ७
१०७१
+ १२
२२८) १०८३(४ अधिमास
९१२
१७१

सौरमासगण १२९
अधिमास +४
चान्द्रमासगण १३३
×३०
३९९०
शुक्लादि गततिथि +२९
४०१९
चक्रको ६ खण्डको १ खण्ड +०
चान्द्रअहर्गण ४०१९

६) १ चक्र (०

६४) ४०१९ चान्द्रअहर्गण (६२ अवमदिन
३८४
१७९
१२८
५१

चान्द्रअहर्गण ४०१९
अवम दिन −६२
अहर्गण ३९५७

## अहर्गणपरीक्षा

चक्र १
×५
५

अहर्गण ३९५७
चक्रको ५ गुना +५
७) ३९६२ (५६६
३५
४६
४२
४२
४२
० शुक्रवार आयो ।

बृहस्पतिवार अभीष्ट भएकोले
३९५७
— १
इष्ट अहर्गण ३९५६ उत्तर

## १ प्रश्नमाला

तलका दिनका अहर्गण ल्याऊ—

(१) वि. सं. १९७८ आश्विनशुक्लपूर्णिमा आदित्यवार ।
(२) वि. सं. १९८४ फाल्गुनकृष्ण (अमान्तमानले) चतुर्थी शनिवार ।
(३) वि. सं. १९८१ वैशाखशुक्लचतुर्थी बृहस्पतिवार ।
(४) वि. सं. १९७७ माघकृष्ण (पूर्णान्तिमानले) औंसी सोमवार ।
(५) वि. सं. १९८४ फाल्गुनशुक्लपञ्चमी शनिवार ।
(६) वि. सं. २०२२ मार्गकृष्ण (पूर्णान्तिमानले) औंसी मङ्गलवार ।
(७) वि. सं. २०२३ ज्येष्ठकृष्ण (पूर्णान्तिमानले) औंसी शुक्रवार ।
(८) वि. सं. २०२४ चैत्रशुक्लपूर्णिमा सोमवार ।
(९) वि. सं. २०२४ आश्विनशुक्लपूर्णिमा बुधवार ।
(१०) वि. सं. २०२५ आश्विनकृष्ण (पूर्णान्तिमानले) औंसी आदित्यवार ।
(११) वि. सं. २०२५ आश्विनशुक्लपूर्णिमा आदित्यवार ।

## उत्तर

(१) २४०५। (२) ७२६ । (३) ३३४०। (४) २१५४।
(५) ७१२ । (६) २४५०। (७) २६२८। (८) २९६७।
(९) ३१४४। (१०) ३४८४। (११) ३४९८।

उपपत्ति–

वि. सं. १९६१ मा बम्बईमा श्रीशङ्कराचार्यको अध्यक्षतामा ज्योतिषीहरूको पञ्चाङ्गविषयको सभा भएको थियो । त्यस सभाको संझनाको लागि सर्वानन्दकरणमा त्यस वर्षलाई इष्ट वर्ष मानिएको हो ।

ज्योतिषीहरूले प्राय: शकसंवत्कै व्यवहार गरेका हुनाले र महाराष्ट्रमा शकसंवत्को प्रधानता भएको हुनाले पनि महाराष्ट्रका गोविन्दले शकसंवत्को व्यवहार गरेका हुन् । वि. सं. १९६१ मा शकसंवत् १८२६ हुने हुनाले १८२६ लाई इष्ट शाकेबाट घटाई यहाँ वर्षगण ल्याइएको हो ।

एक तिथिमा ·९८४३५३[1] सावनदिन[2] हुन्छ । (ज्योतिर्गणित द्वितीय संस्करण ३७८ पृष्ठ ।)

| | |
|---|---|
| ·९८४३५३ ×३० | एक तिथिको सावन दिन |
| २९·५३०५९० ×१२ | एक चान्द्रमासका सावन दिन |
| ३५४·३६७०८० | एक चान्द्रवर्षका सावन दिन |
| ३६५·२५६३७४ | एक सौरवर्षका सावनदिन (ज्योतिर्गणित ३८१ पृष्ठ) |
| –३५४·३६७०८० | एक चान्द्रवर्षका सावनदिन |
| १०·८८९२९४ | एक चान्द्रवर्ष पूर्ण भएपछि एक सौरवर्ष पूर्ण नभएसम्म बीचमा परेका सावन दिन |

१०·८८९२९४ सावन दिन अन्तर पर्न १२ सौरमास लाग्छन्, २९·५३०५९० सावनदिन (एक चान्द्रमास) अन्तर पर्न कति सौरमास लाग्लान् भनी त्रैराशिक गर्दा

$$\frac{१२\times२९·५३०५९०}{१०·८८९२९४}=\frac{३५४·३६७०८०}{१०·८८९२९४}$$

---

१. ज्योतिर्गणितमा दशमलवस्थान १२ सम्म दिइएका छन् । यहाँ लाघवको लागि दशमलवस्थान ६ सम्म मात्र लिइएका छन् ।

२. सावनदिन चान्द्रमास इत्यादिका परिभाषा ज्योतिषग्रन्थमा प्रसिद्ध छन् । विद्या–रक्षा १५ संख्यामा तथा पूर्णिमा १५ पूर्णाङ्कमा पनि ती परिभाषा विस्तारपूर्वक दिइएका छन् ।

१०८८९२९४ ) ३५४३६७०८० ( ३२.५४२७०५

३२६६७८८२

२७६८८२६०

२१७७८५८८

५९०९६७२०

५४४४६४७०

४६५०२५००

४३५५७१७६

२९४५३२४०

२१७७८५८८

७६७४६५२०

७६२२५०५८

५२१४६२०

यताबाट ३२·५४२७०५ सौरमासमा अर्थात् साढे बत्तीसभन्दा अलिकता बढी सौरमासमा १ अधिमास पर्न आउने देखियो । अर्थात् पुगनपुग ३३ सौरमासमा १ अधिमास पर्न आउँछ भने पनि मिल्ने जस्तो भयो ।

एक सौरवर्षमा १२ सौरमास हुन्छन् तथा ३३ सौरमासमा १ अधिमास पर्छ । १२ र ३३ को लघुतमापवर्त्य १३२ हुन्छ । १३२ सौरमासमा ११ सौरवर्ष हुन्छन् । यस कारण ११ सौरवर्षको १ चक्र मानी गणेश दैवज्ञले वि. सं. १५७७ मा ग्रहलाघव बनाएका हुन्[1] । त्यसैको अनुकरण गरी गोविन्दले पनि ११ वर्षको चक्र मानेका हुन् ।

चक्र पूरा भई बाँकी रहेका सौर बर्षलाई १२ गुनी योगफलमा गत चान्द्रमासतुल्य[2] सौरमास जोडी सौरमासगण ल्याइएको हो ।

सर्वानन्दकरण रैवतपक्षको[3] अनुयायी छ । यस कारण यहाँका अधिमास क्षयमासहरू रैवतपक्षअनुसारका आउँछन् । करणकल्पलताको पहिलो कोष्ठमा रैवतपक्षका अधिमास क्षयमास दिइएका छन् । त्यहाँ शाके १८२४ मा चैत्रमा अधिमास पर्छ भनी लेखिएको छ । यस कारण सर्वानन्दकरणको आरम्भकालमा अर्थात् शाके १८२६ चैत्रशुक्लपरेवामा अधिमास परेको ट्वाक्क २ वर्ष अर्थात् २४ महीना बितेका हुन्छन् । यताबाट सर्वानन्दकरणको आरम्भकालभन्दा

१. ग्रहलाघव मध्यमाधिकारका ४।५ श्लोक ।

२. चान्द्रमासतुल्य सौरमास मानी तिनलाई जोड्नाको कारण सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकारका १५–१८ श्लोकमा दिइएको छ ।

३ पछि अयनांशप्रकरणमा रैवतपक्षको व्याख्या दिइनेछ ।

२४ महीनाअगाडि अधिमासचक्रको प्रारम्भ भएको थियो भन्ने देखिन आउँछ । यस कारण सौरमासमा २४ जोडी अधिमास ल्याउन योग्य सौरमास बनाइएका हुन् । यस प्रकारका सौरमासको नाम यहाँ अनुपाताहं सौरमासगण भनी राखिएको छ ।

३२·५४२७०५ सौरमासमा त १ अधिमास पर्छ भने १३२ सौरमास (११ सौरवर्ष=१ चक्र)मा कति अधिमास पर्लान् भनी त्रैराशिक गर्दा

३२·५४२७०५ ) १३२ ( ४
१३०·१७०८२०
१·८२९१८०

यताबाट १ चक्रमा पूरा ४ अधिमास परी पुगनपुग २ सौरमास बाँकी रहने देखिन आयो। ३३ सौरमासमा १ अधिमास पर्छ भने अनुपाताहं सौरमासगणमा कति अधिमास पर्लान् भनी त्रैराशिक गरी अनुपाताहं सौरमासगणलाई ३३ ले भाग लिई अधिमास ल्याइएका छन् । परन्तु यहाँ अलिकता कसर रहेको छ । अर्थात् प्रत्येक चक्रमा २ सौरमास जतिको अन्तर पर्न गएको छ । सो कसर हटाउन गणेश दैवज्ञले अनुपाताहं सौरमासगणमा द्विगुणित चक्रतुल्य सौरमास जोडी काम गरेका छन् ।

पूर्णिमा ३ पूर्णाङ्कका ४–५ पृष्ठमा वि. सं. १९०१ देखि १९९९ सम्मका अधिमास दिइएका छन् । त्यहाँ प्रायः १९,१९ वर्षमा उही उही महीनामा अधिमास परेका छन् । जस्तै वि सं. १९०१,१९२०, १९३९ मा श्रावणमा अधिमास परेका र यी १९।१९ वर्षका भित्र पूरा ७।७ वटा अधिमास परेका देखिन्छन् । यताबाट १९ वर्षमा ७ वटा अधिमास परी अधिमासको चक्र घुम्न थाल्ने सामान्य नियम देखापर्छ ।

१९ सौरवर्षमा ७ वटा अधिमास पर्छन् तथा अधिमासको चक्र घुम्न थाल्छ भन्ने सामान्य नियम गणितबाट पनि सिद्ध हुन्छ । जस्तै–

१९ सौरवर्ष=१९×१२ सौरमास=२२८ सौरमास

१ अधिमास पर्न चाहिने सौरमास=३२·५४२७०५

३२·५४२७०५ ) २२८ ( ७
२२७·७९८९३५
·२०१०६५

यताबाट १९ सौरवर्षमा ७ वटा अधिमास परी ·२ सौरमास बाँकी रहँदो रहेछ भन्ने देखिन्छ । यताबाट ९५ सौरवर्षमा ३५ वटा अधिमास परी १ सौरमास बाँकी रहँदो रहेछ भन्ने देखिन्छ ।

१९ सौरवर्षमा अधिमासको चक्र घुम्ने सामान्य नियमलाई भास्कराचार्यले पनि अधिमास-प्रकरणमा[1] बोलेका छन् ।

१. सिद्धान्तशिरोमणि गणिताध्यायका अधिमासादिनिर्णयको ७ श्लोक ।

१९ सौरवर्षमा अर्थात् २२८ सौरमासमा ७ अधिमास पर्छन् भने अनुपाताहं सौरमासगणमा कति अधिमास पर्लान् भनी त्रैराशिक गर्दा अनुपाताहं सौरमासगणलाई ७ ले गुनी २२८ ले भाग लिनुपरेको हो ।

परन्तु यसमा एउटा कसर रहन गएको छ ।

१ चक्र (११ सौरवर्ष=१३२ सौरमास) मा ४ अधिमास परी १·८२९१८ सौरमास शेष रहन्छ । १३२ लाई ३३ ले भाग लिंदा ४ आउँछ । परन्तु वास्तवमा ३२·५४२७०५ ले भाग लिनुपर्ने हो । यस कारण भाजकलाई ठूलो बनाई लब्धिमा विकार नल्याउन भाज्यमा केही जोड्नुपर्छ । सो जोड्ने संख्या प्रत्येक चक्रमा १.८२९१८ हुन्छ । यहाँनिर ३३ ले भाग लिंदा १.८२९१८ जोड्नुपर्छ भने २२८ ले भाग लिँदा कति जोड्नुपर्ला भनी त्रैराशिक गर्दा

$$\frac{१.८२९१८\times२२८}{३३}=\frac{१·८२९१८\times७६}{११}$$

```
   १·८२९१८
      ×७६
 ----------
  १०९७५०८
 १२८०४२६
 ----------
 १३९·०१७६८
```

```
११ ) १३९·०१७६८ ( १२
     १३२
     ---------
     ७.०१७६८
```

भाजकको आधाभन्दा अलिकति बढी शेष आएकोले १३ लब्धि लिइदिएको भए पनि हुन्थ्यो । परन्तु १२ लब्धि लिए पनि वास्तव मानमा विशेष फरक नपर्ने हुनाले १२ ले गुनिएका चक्रलाई अनुपाताहं सौरमासगणमा जोडी वास्तव अनुपाताह सौरमासगण ल्याइएको हो ।

सौरमासगणमा अधिमास जोडेपछि चान्द्रमासगण आउँछ । चान्द्रमासगणलाई ३० ले गुनी गुणनफलमा वर्तमान चान्द्रमासका शुक्लादि गततिथि जोडेपछि चान्द्र अहर्गण आउँछ ।

१ तिथिको सावनदिन ·९८४३५३ हुन्छ । १ तिथिमा १ सावनदिन हुन्छ भनी मानेमा प्रत्येक तिथिमा .०१५६४७ दिन नपुग्ने हुन्छ । .०१५६४७ दिन नपुग्न त १ तिथि लाग्छ भने १ दिन नपुग्न कति तिथि लाग्ला भनी त्रैराशिक गर्दा

$$\frac{१\times१}{.०१५६४७}=\frac{१}{.०१५६४७}=\frac{१००००००}{१५६४७}$$

१५६४७ ) १०००००० ( ६३·९१
९३८८२
६११८०
४६९४१
१४२३९०
१४०८२३
१५६७०
१५६४७
२३

यताबाट ६३·९१ तिथिमा अर्थात् पुगनपुग ६४ तिथिमा १ दिन नपुग्ने अर्थात् १ दिन टुट्ने अर्थात् अवमदिन (क्षयदिन) हुने देखिन्छ । माथिको गणनाबाट

१ चक्रमा

११ सौरवर्ष । १३२ सौरमास । ४ अधिमास । १३६ चान्द्रमास पर्ने भए ।

१ चान्द्रमासमा २९·५३०५९ सावनदिन हुन्छन् । यस कारण १३६ चान्द्रमासमा

२९·५३०५९
×१३६
१७७१८३५४
८८५९१७७
२९५३०५९
४०१६·१६०२४ सावनदिन

**४०१६·१६०२४ सावनदिनको १ चक्र हुँदा चक्रपूरणमा ट्वाक्क सावनदिन नपरी सूर्योदयकालमा चक्र पूरा हुने भएन । सूर्योदयकालमा चक्र पूरा नभएपछि सूर्योदयकालमा अहर्गण नआउने भयो । यस कारण सूर्योदयकालमा ग्रह पनि नआउने भए । यो दोष हटाउन चक्रमा ४०१६ सावनदिन मात्र लिई ·१६०२४ लाई छोडिदिने रीति गणेश दैवज्ञले बसाए । सोही रीति सर्वानन्दकरणमा सकारियो ।**

परन्तु यसरी प्रत्येक चक्रमा ·१६०२४ सावनदिन छोडिंदा ६ चक्रमा ·१६०२४×६= ·९६१४४ सावनदिन छुट्न जाने भए । ·९८४३५३ सावनदिनको १ तिथि हुने हुनाले ६ चक्रमा छोडिएका सावनदिनलाई स्वल्पान्तरले एक तिथि मानी चक्रको ६ खण्डको १ खण्डतुल्य तिथि चान्द्र अहर्गणमा जोडी वास्तव चान्द्र अहर्गण ल्याउने रीति गणेश दैवज्ञले चलाए । त्यही काम सर्वानन्दकरणमा गरियो । अहर्गण सावयव नहोस् भनी चक्रलाई ६ ले भाग लिई आएको पूर्णाङ्क लब्धि मात्र जोडेको हो ।

६४ तिथिमा १ दिन टुट्ने हुनाले चान्द्रअहर्गणलाई ६४ ले भाग लिई पूर्णाङ्कलब्धितुल्य क्षयदिन ल्याई ती क्षयदिनलाई चान्द्रअहर्गणबाट घटाई सौर सावन अहर्गण बनाइएको हो। सौर सावन अहर्गणलाई छोटकरीमा अहर्गण मात्र भन्दछन् ।

चक्रमा ४०१६ सावनदिन हुने हुँदा

७ ) ४०१६ ( ५७३
३५
५१
४९
२६
२१
५

यसरी प्रत्येक चक्रमा ५७३ सप्ताह पूरा भई ५ वार शेष हुने हुनाले ५ ले गुनिएको चक्रलाई अहर्गणमा जोडी योगफललाई ७ ले तष्ट गरी शेषबाट वार ल्याइएको हो । ग्रन्थारम्भकालमा (१८२६ शाकेको चैत्रशुक्लपरेबामा)[1] शुक्रवार परेको थियो । त्यस दिन अहर्गण ० थियो । यस कारण शुक्रवारदेखि वारको गणना गरिएको हो ।

**यैर्यैः श्रमैस्तत्त्वविवेक एष सद्गोलयुक्त्या रचितोऽस्ति तेषाम् ।**
**सर्वज्ञ ! कोऽभिज्ञ इह त्वदन्यो नेत्थं विचिन्त्येश ! तवैव तुष्ट्यै।।२५।।**
**समर्पितस्त्वच्चरणाम्बुजेऽतो मयाऽस्य सद्बोधविवृद्धयेऽस्ति ।**

—कमलाकर

(सिद्धान्ततत्त्वविवेक उपसंहाराधिकार)

[हे परमेश्वर ! हजुर सबै कुरा बुझ्नुहुन्छ। गोलको युक्तिलाई विचार गरी गरी यो सिद्धान्ततत्त्वविवेक बनाउन मलाई जति परिश्रम परेको छ, त्यति कुरा बुझिदिने यस संसारमा हजुरबाहेक अर्को कोही छैन भन्ने संझी हजुर प्रसन्न हुनुहोस् तथा लोकमा असल ज्ञानको उत्तरोत्तर वृद्धि हुँदै जाओस् भनी हजुरको पाउमा मैले यो ग्रन्थ चढाएको छु ।]

(यस निबन्धलाई तयार गर्दा मेरो साथ रही मेरो विचार र इच्छाअनुसार काम गरिदिएकोमा नानी महेशराज पन्त धन्यवादका पात्र छन् ।)

---

१. सौरमानले यो दिन वि. सं. १९६० चैत्र ६ गते पर्छ ।

(पात्रोबाट)

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

*सम्पादक तथा अनुवादक—रामजी तेवारी*

२७ *प्रक्रम*- बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउने रीति

**अथ बोधनोच्चम् ॥११॥**

**बाणेषुनिघ्नः स्वखषड्यमांशैरर्कैर्जिनैः क्वग्निलवैर्विहीनः ।**

**अन्वय**–अथ बाणेषुनिघ्नः (अब्दः) स्वखषड्यमांशैः विहीनः (कार्यः), अर्कैः (अंशैः) जिनैः (कलाभिः) विहीनः (कार्यः), (अब्दानाम्) क्वग्निलवैः विहीनः (कार्यः), बोधनोच्चम् स्यात् ।

**पदार्थ**–अथ=अनि । बाणेषुनिघ्नः=५५ ले गुनिएको । अब्दः=वर्षगण । स्वखषड्यमांशैः=आपनो २६० भागले, । विहीनः=घटेको । कार्यः=गर्नू । अर्कैः=१२ । अंशैः=अंश । जिनैः=२४ । कलाभिः=कलाले । विहीनः=घटेको । कार्यः=गर्नू । अब्दानाम्=वर्षगणको । क्वग्निलवैः=३१ भागले । विहीनः=घटेको । कार्यः=गर्नू । बोधनोच्चम्=बुधको शीघ्रोच्च । स्यात्=हुन्छ ।

**भावार्थ**–वर्षगणलाई ५५ ले गुन्नू । गुणनफल अंश हुन्छ । गुणनफललाई २६० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट सो लब्धि घटाउनू । शेषबाट १२ अंश २४ कला घटाउनू । यो शेष अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई ३१ ले भाग लिनू । अंशादि लब्धि आउँछ । यो अंशादि लब्धि द्वितीयफल हुन्छ ।

प्रथमफलबाट द्वितीयफल घटाउनू । शेष बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) हुन्छ ।

## उदाहरण

विक्रमसंवत् १८७१ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउँदा

यस वर्षको वर्षगण १७ हो (१ प्रक्रमको उदाहरण हेर्नुहोस्)। वर्षगण १७ लाई ५५ ले गुन्दा गुणनफल ९३५ अंश आउँछ । गुणनफल ९३५ अंशलाई २६० ले भाग लिंदा लब्धि ३ अंश ३५ कला ४६ विकला ९ प्रतिविकला १४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ३।३५।४६।९।१४ लाई गुणनफल ९३५ अंशबाट घटाउँदा शेष ९३१ अंश २४ कला १३ विकला ५० प्रतिविकला ४६ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ९३१।२४।१३।५०।४६ बाट १२ अंश २४ कला घटाउँदा ९१९ अंश ० कला १३ विकला ५० प्रतिविकला ४६ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ९१९।०।१३।५०।४६ प्रथमफल हुन्छ ।

वर्षगण १७ लाई ३१ ले भाग लिंदा लब्धि ० अंश ३२ कला ५४ विकला ११ प्रतिविकला ३७ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ०।३२।५४।११।३७ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ९१९।०।१३।५०।४६ बाट अंशादि द्वितीयफल ०।३२।५४।११।३७ घटाउँदा शेष ९१८ अंश २७ कला १९ विकला ३९ प्रतिविकला ९ प्रतिप्रतिविकला आउँछ । ९१८ अंशलाई ३६० ले तष्ट गर्दा १९८ अंश आउँछ । यस कारण अंशादि १९८।२७।१९।३९।९ हुन्छ । यस कारण विक्रमसंवत् १८७१ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) १९८ अंश २७ कला १९ विकला ३९ प्रतिविकला ९ प्रतिप्रतिविकला हुन्छ ।

```
                         अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
  ५५          २६०)९३५अंश(  ३ । ३५ । ४६ । ९ । १४
×१७ वर्षगण       ७८०
-----            ----
 ३८५             १५५           ६००
 ५५              ×६०           ५२
-----            ----          ----
९३५अंश        १३)१५५            ८०              ३
                  × ३           ७८            ×६०
                 ----          ----           ----
                 ४६५             २            १८०
                  ३९            ×६०            १३
                 ----          ----           ----
                  ७५            १२०            ५०
                  ६५            ११७
                 ----          ----
                  १०              ३     अं.।क.।वि.।प्र.।प्र.प्र.वि.
                 ×६०                    ९३५। ०। ०। ०। ०
                 ----                   ३।३५।४६।९।१४
                 ६००                    ----------------
                                        ९३१।२४।१३।५०।४६
```

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
९३१ । २४ । १३ । ५० । ४६
—१२ । २४ । ० । ० । ०
९१९ । ० । १३ । ५० । ४६ प्रथमफल

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
३१) १७ वर्षगण( ० । ३२ । ५४ । ११ । ३७ । द्वितीयफल

×६०
१०२०
९३
९०
६२
२८
×६०
१६८०
१५५
१३०
१२४
६

६
×६०
३६०
३१
५०
३१
१९
×६०
११४०
९३
२१०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
९१९ । ० । १३ । ५० । ४६ । प्रथमफल
− ० । ३२ । ५४ । ११ । ३७ । द्वितीयफल
९१८ । २७ । १९ । ३९ । ९

३६०)९१८(२
७२०
१९८

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.
१९८ । २७ । १९ । ३९ । ९ वि.सं. १८७१ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च)

## २० प्रश्नमाला

तल दिइएका वर्षका बुधका शीघ्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालका बुधका शीघ्रोच्च) ल्याऊ ।

| | | |
|---|---|---|
| (१) वि. सं. २०२३ | (७) वि. सं. १८६० | (१३) वि. सं. १९६० |
| (२) वि. सं. २०२२ | (८) वि. सं. १८६१ | (१४) वि. सं. १९६१ |
| (३) वि. सं. २०२१ | (९) वि. सं. १८६७ | (१५) वि. सं. १९७० |
| (४) वि. सं. २०२० | (१०) वि. सं. १८६८ | (१६) वि. सं. १९७१ |
| (५) वि. सं. २०१९ | (११) वि. सं. १८६९ | (१७) वि. सं. १८५४ |
| (६) वि. सं. २०१८ | (१२) वि. सं. १८७० | (१८) वि. सं. १८५५ |

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | २४१ | २३ | ५४ | ११ | ३७ |
| [२] | १८६ | ३८ | ३१ | ५१ | ४० |
| [३] | १३१ | ५३ | ९ | ३१ | ४३ |
| [४] | ७७ | ७ | ४७ | ११ | ४६ |
| [५] | २२ | २२ | २४ | ५१ | ४९ |
| [६] | ३२७ | ३७ | २ | ३१ | ५२ |
| [७] | ३१६ | ८ | १३ | ५९ | ४२ |
| [८] | १० | ५३ | ३६ | १९ | ३९ |
| [९] | ३३९ | २५ | ५० | १९ | २२ |
| [१०] | ३४ | ११ | १२ | ३९ | १९ |
| [११] | ८८ | ५६ | ३४ | ५९ | १५ |
| [१२] | १४३ | ४१ | ५७ | १९ | १३ |
| [१३] | ३१ | ४५ | २७ | १४ | ४५ |
| [१४] | ८६ | ३० | ४९ | ३४ | ४२ |
| [१५] | २१९ | १९ | १० | ३४ | १५ |
| [१६] | २७४ | ४ | ३२ | ५४ | १२ |
| [१७] | ३४७ | ३६ | ० | ० | ० |
| [१८] | ४२ | २१ | २२ | १९ | ५७ |

**२८ प्रकम**–वि. सं. १८५४ भन्दा अगाडिका वर्षका बुधको शीघ्रोच्चको ध्रुव (मेषसङक्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउने उदाहरण

### १ उदाहरण

विक्रमसंवत् १८५३ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङक्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउँदा

विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्)। वर्षगण ऋण १ लाई ५५ ले गुन्दा गुणनफल ऋण ५५ अंश आउँछ। गुणनफल ऋण ५५ अंशलाई २६० ले भाग लिँदा लब्धि ऋण ० अंश १२ कला ४१ विकला ३२ प्रतिविकला १८ प्रतिप्रतिविकला आउँछ। अंशादि यो लब्धि ऋण ०।१२।४१।३२।१८ लाई गुणनफल ५५ अंशबाट घटाउँदा शेष ऋण ५४ अंश ४७ कला १८ विकला २७ प्रतिविकला ४२ प्रतिप्रतिविकला आउँछ। अंशादि यो शेष ऋण ५४।४७।१८।२७।४२ बाट १२ अंश २४ कला घटाउँदा (अंशादि ऋण ५४।४७।१८।२७।४२ मा अंशादि ऋण १२।२४ जोड्दा) शेष ऋण ६७ अंश ११ कला

१८ विकला २७ प्रतिविकला ४२ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण ६७।११।१८।२७।४२ प्रथमफल हुन्छ ।

वर्षगण ऋण १ लाई ३१ ले भाग लिंदा लब्धि ऋण ० अंश १ कला ५६ विकला ७ प्रतिविकला ४५ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ०।१।५६।७।४५ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ऋण ६७।११।१८।२७।४२ बाट अंशादि द्वितीयफल ऋण ०।१।५६।७।४५ घटाउँदा शेष ऋण ६७ अंश ९ कला २२ विकला १९ प्रतिविकला ५७ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण ६७।९।२२।१९।५७ लाई ३६० अंशबाट घटाउँदा शेष २९२ अंश ५० कला ३७ विकला ४० प्रतिविकला ३ प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १८५३ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) २९२ अंश ५० कला ३७ विकला ४० प्रतिविकला ३ प्रतिप्रतिविकला हुन्छ ।

```
                                   अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
   ५५              ३६०)−५५ अंश(−० । १२ । ४१ । ३२ । १८
×(−१) वर्षगण    ५२) ११
 −५५ अंश             ×६०
                 १३)  ११
                      ×१५
                       ५५
                      ११
                      १६५
                      १३
                       ३५        ४२०
                       २६        ३९
                        ९         ३०
                      ×६०        २६
                      ५४०          ४
                      ५२         ×६०
                       २०        २४०
                       १३        १३
                        ७        ११०
                      ×६०        १०४
                      ४२०          ६
```

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|
| −५५ | ० | ० | ० | ० | |
| −० | १२ | ४१ | ३२ | १८ | |
| −५४ | ४७ | १८ | २७ | ४२ | |
| ± १२ | २४ | ० | ० | ० | |
| −६७ | ११ | १८ | २७ | ४२ | प्रथमफल |

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|---|
| ३१)—१ वर्षगण( | −० | १ | ५६ | ७ | ४५ | द्वितीयफल |

×६०
६०
३१
२९
×६०
१७४०
१५५
१९०
१८६
४
×६०
२४०
२१७
२३
×६०
१३८०
१२४
१४०

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | |
|---|---|---|---|---|---|
| −६७ | ११ | १८ | २७ | ४२ | प्रथमफल |
| −० | १ | ५६ | ७ | ४५ | द्वितीयफल |
| −६७ | ९ | २२ | १९ | ५७ | |

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| ३६० | ० | ० | ० | ० |
| −६७ | ९ | २२ | १९ | ५७ |
| २९२ | ५० | ३७ | ४० | ३ |

वि. सं. १८५३ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च)

## २ उदाहरण

विक्रमसंवत् १७३८ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउँदा

विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस्)। वर्षगण ऋण ११६ लाई ५५ ले गुन्दा गुणनफल ऋण ६३८० अंश आउँछ । गुणनफल ऋण ६३८० अंशलाई २६० ले भाग लिँदा लब्धि ऋण २४ अंश ३२ कला १८ विकला २७ प्रतिविकला ४२ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण २४।३२।१८।२७।४२ लाई गुणनफल ऋण ६३८० अंशबाट घटाउँदा शेष ऋण ६३५५ अंश २७ कला ४१ विकला ३२ प्रतिविकला १८ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण ६३५५।२७।४१।३२।१८ बाट १२ अंश २४ कला घटाउँदा (अंशादि ऋण ६३५५।२७।४१।३२।१८ मा अंशादि ऋण १२।२४ जोड्दा) शेष ऋण ६३६७ अंश ५१ कला ४१ विकला ३२ प्रतिविकला १८ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण ६३६७।५१।४१।३२।१८ प्रथमफल हुन्छ ।

वर्षगण ऋण ११६ लाई ३१ ले भाग लिँदा लब्धि ऋण ३ अंश ४४ कला ३० विकला ५८ प्रतिविकला ४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ३।४४।३०।५८।४ द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल ऋण ६३६७।५१।४१।३२।१८ बाट अंशादि द्वितीयफल ऋण ३।४४।३०।५८।४ घटाउँदा शेष ऋण ६३६४ अंश ७ कला १० विकला ३४ प्रतिविकला १४ प्रतिप्रतिविकला आउँछ । ऋण ६३६४ अंशलाई ३६० ले तष्ट गर्दा २४४ अंश शेष रहन्छ । यस कारण ऋण २४४ अंश ७ कला १० विकला ३४ प्रतिविकला १४ प्रतिप्रतिविकला हुन्छ । अंशादि यो ऋण २४४।७।१०।३४।१४ लाई ३६० अंशबाट घटाउँदा शेष ११५ अंश ५२ कला ४९ विकला २५ प्रतिविकला ४६ प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १७३८ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ११५ अंश ५२ कला ४९ विकला २५ प्रतिविकला ४६ प्रतिप्रतिविकला हुन्छ ।

−११६ वर्षगण
×५५
―――
५८०
५८०
―――
−६३८० अंश

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
२६०)−६३८० अंश(−२४ । ३२ । १८ । २७ । ४२
१३) ३१९
२६
―――
५९
५२
―――
७
×६०
―――
४२०
३९
―――
३०
२६
―――
४
×६०
―――
२४०
१३
―――
११०
१०४
―――
६
×६०
―――
३६०
२६
―――
१००

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
−६३८० । ० । ० । ० । ०
− २४ । ३२ । १८ । २७ । ४२
―――――――――
−६५५५ । २७ । ४१ । ३२ । १८
± १२ । २४ । ० । ० । ०
―――――――――
−६३६७ । ५१ । ४१ । ३२ । १८ प्रथमफल

१००
९१
―――
९
×६०
―――
५४०
५२
―――
२०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

३१ )−११६ वर्षगण ( −३ । ४४ । ३० । ५८ । ४ । द्वितीयफल

९३

२३

×६०

१३८०

१२४

१४०

१२४

१६

×६०

९६०

९३

३०

×६०

१८००

१५५

२५०

२४८

२

×६०

१२०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

—६३६७ । ५१ । ४१ । ३२ । १८ । प्रथमफल

− ३ । ४४ । ३० । ५८ । ४ । द्वितीयफल

—६३६४ । ७ । १० । ३४ । १४

३६० )−६३६४ (−१७

३६०

२७६४

२५२०

२४४

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

—२४४ । ७ । १० । ३४ । १४

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

३६० । ० । ० । ० । ०

−२४४ । ७ । १० । ३४ । १४

११५ । ५२ । ४९ । २५ । ४६ । वि. सं. १७३८ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च)

## २१ प्रश्नमाला

तल दिइएका वर्षका बुधका शीघ्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालका बुधका शीघ्रोच्च) ल्याऊ ।

(१) वि. सं. १८११ (२) वि. सं. १८१० (३) वि. सं. १७४०

(४) वि. सं. १७३९ (५) वि. सं. १७३१ (६) वि. सं. १७३२

(७) वि. स. १६१६ (८) वि. सं. १६१५ (९) वि. सं. १५३८
(१०) वि. सं. १५३७ (११) वि. सं. १४४४ (१२) वि. सं. १४४३
(१३) वि. सं. १३५२ (१४) वि. सं. १३५३ (१५) वि. सं. १
(१६) वि. सं. ०

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | १५३ | ४ | ५९ | ४२ | ८ |
| [२] | ९८ | १९ | ३७ | २२ | ११ |
| [३] | २२५ | २३ | ३४ | ५ | ४० |
| [४] | १७० | ३८ | ११ | ४५ | ४२ |
| [५] | ९२ | ३५ | १३ | ६ | ६ |
| [६] | १४७ | २० | ३५ | २६ | ३ |
| [७] | २७५ | ३७ | २४ | ५१ | ४८ |
| [८] | २२० | ५२ | २ | ३१ | ५१ |
| [९] | ३२४ | ३८ | २२ | ५५ | ४१ |
| [१०] | २६९ | ५३ | ० | ३५ | ४४ |
| [११] | २१७ | ३३ | २३ | ४० | २१ |
| [१२] | १६२ | ४८ | १ | २० | २४ |
| [१३] | २१९ | ५९ | ९ | ४ | ५५ |
| [१४] | २७४ | ४४ | ३१ | २४ | ५२ |
| [१५] | ४४ | २१ | १७ | ५१ | ५७ |
| [१६] | ३४९ | ३५ | ५५ | ३२ | १ |

२६ *प्रक्रम*–विक्रमसंवत् २०२२ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) अंशादि १८६।३८।३१।५१।४० र विक्रमसंवत् २०२३ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) अंशादि २४१।२३।५४। ११।३७ छन् । यी उदाहरणबाट १ वर्षमा बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) अंशादि ५४।४५।२२।१९।५७ बढ्दो रहेछ भन्ने देखिन्छ । यस कारण ५४।४५।२२।१९।५७ लाई १,२,३ इत्यादिले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि बुधको शीघ्रोच्चको ध्रुव[१] (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) लाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ ।

---

१. विक्रमसंवत् १८५४ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ३४७ अंश ३६ कला हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन् । १ वर्षको बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) को गति अंशादि ५४।४५।२२।१९।५७ हुन्छ ।

## ६ सारणी

क्षेपक [वि. सं. ० को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च)

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

३४९ । ३५ । ५५ । ३२ । ४२

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १ | ५४ | ४५ | २२ | १९ | ५७ |
| २ | १०९ | ३० | ४४ | ३९ | ५४ |
| ३ | १६४ | १६ | ६ | ५९ | ५१ |
| ४ | २१९ | १ | २९ | १९ | ४८ |
| ५ | २७३ | ४६ | ५१ | ३९ | ४५ |
| ६ | ३२८ | ३२ | १३ | ५९ | ४२ |
| ७ | २३ | १७ | ३६ | १९ | ३९ |
| ८ | ७८ | २ | ५८ | ३९ | ३६ |
| ९ | १३२ | ४८ | २० | ५९ | ३३ |
| १० | १८७ | ३३ | ४३ | १९ | ३० |
| २० | १५ | ७ | २६ | ३९ | ० |
| ३० | २०२ | ४१ | ९ | ५८ | ३० |
| ४० | ३० | १४ | ५३ | १८ | ० |
| ५० | २१७ | ४८ | ३६ | ३७ | ३० |
| ६० | ४५ | २२ | १९ | ५७ | ० |
| ७० | २३२ | ५६ | ३ | १६ | ३० |
| ८० | ६० | २९ | ४६ | ३६ | ० |
| ९० | २४८ | ३ | २९ | ५५ | ३० |
| १०० | ७५ | ३७ | १३ | १५ | ० |

यस कारण बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) को वार्षिक गतिलाई १८५४ ले गुनी आएको गुणनफललाई ३४७ अंश ३६ कलाबाट घटाउँदा विक्रम-संवत् ० को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) आउँछ ।

५४।४५।२२।१९।५७ लाई १८५४ ले गुन्दा गुणनफल अंशादि ३५८।०।४।२७।१८ आउँछ । गुणनफल अंशादि ३५८।०।४।२७।१८ लाई ३४७ अंश ३६ कलाबाट घटाउँदा अंशादि ३४९।३५।५५।३२।४२ आउँछ । अंशादि ३४९।३५।५५।३२।४२ विक्रमसंवत् ० को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) हुन्छ ।

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| २०० | १५१ | १४ | २६ | ३० | ० |
| ३०० | २२६ | ५१ | ३९ | ४५ | ० |
| ४०० | ३०२ | २८ | ५३ | ० | ० |
| ५०० | १८ | ६ | ६ | १५ | ० |
| ६०० | ९३ | ४३ | १९ | ३० | ० |
| ७०० | १६९ | २० | ३२ | ४५ | ० |
| ८०० | २४४ | ५७ | ४६ | ० | ० |
| ९०० | ३२० | ३४ | ५९ | १५ | ० |
| १००० | ३६ | १२ | १२ | ३० | ० |
| २००० | ७२ | २४ | २५ | ० | ० |
| ३००० | १०८ | ३६ | ३७ | ३० | ० |
| ४००० | १४४ | ४० | ५० | ० | ० |
| ५००० | १८१ | १ | २ | ३० | ० |
| ६००० | २१७ | १३ | १५ | ० | ० |
| ७००० | २५३ | २५ | २७ | ३० | ० |
| ८००० | २८९ | ३७ | ४० | ० | ० |
| ९००० | ३२५ | ४९ | ५२ | ३० | ० |
| १०००० | २ | २ | ५ | ० | ० |

३० *प्रक्रम*–६ सारणीबाट इष्ट विक्रमसंवत्को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउने रीति ।

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको अंशादि, शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू । यो योगफल क्षेपकमा जोड्नू । योगफल इष्ट विक्रमसंवत्को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) हुन्छ । अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू (३६० ले भाग लिई शेष मात्र लिनू) ।

जस्तै—

विक्रमसंवत् १८७१ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) ल्याउँदा

| | अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|---|
| १००० वर्षको अंशादि | ३६ | १२ | १२ | ३० | ० |
| ८०० वर्षको अंशादि | २४४ | ५७ | ४६ | ० | ० |
| ७० वर्षको अंशादि | २३२ | ५६ | ३ | १६ | ३० |
| १ वर्षको अंशादि | ५४ | ४५ | २२ | १९ | ५७ |
| १८७१ | ५६८ | ५१ | २४ | ६ | २७ |

३६० ) ५६८ ( १
३६०
२०८

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
२०८ । ५१ । २४ । ६ । २७ ।

| | | |
|---|---|---|
| क्षेपक=वि. सं. ० को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) | अं. । क. । वि. । प्र. । प्र.प्र.वि. <br> ३४९ । ३५ । ५५ । ३२ । ४२ | |
| वि. सं. १८७१ वर्षको बुधको शीघ्रोच्चको गति | २०८ । ५१ । २४ । ६ । २७ | ३६०) ५५८ (१ <br> ३६० |
| | ५५८ । २७ । १९ । ३९ । ९ | १९८ |

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
१९८ । २७ । १९ । ३९ । ९ । वि. सं. १८७१ को बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च)

## २२ प्रश्नमाला

३० प्रक्रमको रीतबाट तल दिइएका वर्षका बुधका शीघ्रोच्चका ध्रुव (मेषसङ्क्रान्तिकालका बुधका शीघ्रोच्च) ल्याऊ ।

| | | |
|---|---|---|
| (१) वि. सं. २०२३ | (१२) वि. सं. १८७० | (२३) वि. सं. १७३१ |
| (२) वि. सं. २०२२ | (१३) वि. सं. १९६० | (२४) वि. सं. १७३२ |
| (३) वि. सं. २०२१ | (१४) वि. सं. १९६१ | (२५) वि. सं. १६१६ |
| (४) वि. सं. २०२० | (१५) वि. सं. १९७० | (२६) वि. सं. १६१५ |
| (५) वि. सं. २०१९ | (१६) वि. सं. १९७१ | (२७) वि. सं. १५३८ |
| (६) वि. सं. २०१८ | (१७) वि. सं. १८५४ | (२८) वि. सं. १५३७ |
| (७) वि. सं. १८६० | (१८) वि. सं. १८५५ | (२९) वि. सं. १४४४ |
| (८) वि. सं. १८६१ | (१९) वि. सं. १८११ | (३०) वि. सं. १४४३ |
| (९) वि. सं. १८६७ | (२०) वि. सं. १८१० | (३१) वि. सं. १३५२ |
| (१०) वि. सं. १८६८ | (२१) वि. सं. १७४० | (३२) वि. सं. १३५३ |
| (११) वि. सं. १८६९ | (२२) वि. सं. १७३९ | (३३) वि. सं. १ |
| | | (३४) वि. सं. ० |

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | २४१ | २३ | ५४ | ११ | ३३ |
| [२] | १८६ | ३८ | ३१ | ५१ | ३६ |
| [३] | १३१ | ५३ | ९ | ३१ | ३९ |
| [४] | ७७ | ७ | ४७ | ११ | ४२ |
| [५] | २२ | २२ | २४ | ५१ | ४५ |
| [६] | ३२७ | ३७ | २ | ३४ | ४८ |
| [७] | ३१६ | ८ | १३ | ५९ | ४२ |
| [८] | १० | ५३ | ३६ | १९ | ३९ |
| [९] | ३३९ | २५ | ५० | १९ | २१ |
| [१०] | ३४ | ११ | ११ | ३९ | १८ |
| [११] | ८८ | ५६ | ३४ | ५९ | १५ |
| [१२] | १४३ | ४१ | ५७ | १९ | १२ |
| [१३] | ३१ | ४५ | २७ | १४ | ४२ |
| [१४] | ८६ | ३० | ४९ | ३४ | ३९ |
| [१५] | २१९ | १९ | १० | ३४ | १२ |
| [१६] | २७४ | ४ | ३२ | ५४ | ९ |
| [१७] | ३४७ | ३६ | ० | ० | ० |
| [१८] | ४२ | २१ | २२ | १९ | ५७ |
| [१९] | १५३ | ४ | ५९ | ४२ | ९ |
| [२०] | ९८ | १९ | ३७ | २२ | १२ |
| [२१] | २२५ | २३ | ३४ | ५ | ४२ |
| [२२] | १७० | ३८ | ११ | ४५ | ४५ |
| [२३] | ९२ | ३५ | १३ | ६ | ९ |
| [२४] | १४७ | २० | ३५ | २६ | ६ |
| [२५] | २७५ | ३७ | २४ | ५१ | ५४ |
| [२६] | २२० | ५२ | २ | ३१ | ५७ |
| [२७] | ३२४ | ३८ | २२ | ५५ | ४८ |
| [२८] | २६९ | ५३ | ० | ३५ | ५१ |
| [२९] | २१७ | ३३ | २३ | ४० | ३० |
| [३०] | १६२. | ४८ | १ | २० | ३३ |
| [३१] | २१९ | ५९ | ९ | ५ | ६ |

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [३२] | २७४ | ४४ | ३१ | २५ | ३ |
| [३३] | ४४ | २१ | १७ | ५२ | ३९ |
| [३४] | ३४९ | ३५ | ५५ | ३२ | ४२ |

यहाँ सूत्र (२७,२८ प्रक्रमको रीत)बाट आएका उत्तर र ६ सारणी (२९,३० प्रक्रमको रीत) बाट आएका उत्तरमा अलिकता फरक छ (पूर्णिमा १४ अङ्कको १८७ पृष्ठ हेर्नुहोस्)।

(क्रमश:)

-*-

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १८८ | १० | त्वसं | संवत् |
| १८८ | १३ | हो।) | हो।( |
| १८८ | १७ | सप्तरी | सत्तरी |
| १८९ | ११ | छ।) | छ। |
| १९१ | ४ | मल्लहरूलाई | मल्लहरूलाई |
| १९१ | १९ | भनिपठाए | भनी पठाए |
| २०३ | १३ | जेन–त्सुं | जेन–त्सुङ |
| २१३ | ४ | पुग्याक | पुग्याका |
| २१३ | ५ | त | ता |
| २१४ | ११ | गढवालका | गढवालको |
| २१४ | १४ | गिन्ती | गिनती |
| २१४ | १७ | (रणजित्सिहले) | [रणजित्सिहले] |
| २१४ | १८ | रणजित्- | (रणजित्- |
| २१४ | १९ | (सिंहलें) | सिंहले) |
| २१४ | २० | [अनिकाजी अमरसिंह थापा | अनि काजी (अमरसिंह थापा) |
| २१५ | २० | सुफ सर्दार लबाट | सुफलबाट सर्दार |
| २१७ | १६ | १६–१९ | १६१९ |
| २२० | २१ | बमोजिम तपसिको | तपसिलबमोजिमको |
| २२३ | २२ | भाह | भाइ |
| २३६ | १७ | श्रीभैंवर | श्रीभैरव |
| २५१ | २४ | दशमवल | दशमलव |

# हाम्रो वक्तव्य

पुरातत्त्वविभागबाट प्रकाशित त्रैमासिक पत्रिका 'प्राचीन नेपाल'को आलोचना 'पूर्णिमा' को १७ पूर्णाङ्कमा हामीले गरेका थियौं । सामान्य कुरामा पनि भद्दा अशुद्धिहरू सो पत्रिकामा देखिएका हुनाले आलोचना अनिवार्य थियो । पुरातत्त्वविभाग श्री ५ को सरकारको एक अङ्ग हुनाले त्यहाँबाट प्रकाशित पत्रिकामा भ्रमात्मक अशुद्धि नपरून् भन्ने कुरामा सम्पादकहरूको दृष्टि जानु आवश्यक थियो । किनभने सरकारी स्तरबाट अशुद्ध कुरा फैलिएपछि यसको असर बढी पर्न जान्छ । तर पुरातत्त्वविभागका अधिकारीहरूको दृष्टि अझ यस कुरामा नगएको बुझिन्छ । अहिले 'प्राचीन नेपाल' को चौथो अङ्क निस्केको छ । त्यसमा पनि त्यस्ता अशुद्धि परेका छन् । उदाहरणार्थ 'मकवानपुरको सेनवंश' भन्ने निबन्धलाई देखाउन सकिन्छ । सो निबन्धको उठान यसरी गरिएको छ—

"श्री ५ पृथ्वीनारायण शाहले वर्तमान नेपालको रूप सं. १८२५ मा खडा गर्नुभन्दा अगाडि नेपाल साना साना राज्यमा विभक्त थियो… । उपत्यकाभित्रै कान्तिपुर, भक्तपुर, ललितपुर, कीर्तिपुर, नगदेश इत्यादि गरी ६।७ राजा थिए । तर पूर्वमा भने एकै राज्य थियो–त्यो हो मकवानपुर" ।

('प्राचीन नेपाल' चौथो अङ्कको १६ पृ.)

यहाँ श्री ५ पृथ्वीनारायण शाहको समयमा कान्तिपुर भक्तपुर ललितपुरमा जस्तै कीर्तिपुर र नकदेशमा पनि स्वतन्त्र राज्य खडा भएका थिए, पूर्वमा चाहिं मकवानपुर एउटा राज्य मात्र थियो भनी लेखिएको छ । तर यो कुरा सर्वथा अशुद्ध हो । कीर्तिपुरमा स्वतन्त्र राज्य खडा भएको थिएन । कीर्तिपुर ललितपुर राज्यअन्तर्गत रहेको 'वनदुर्ग' रूपको बस्ती थियो । कीर्तिपुरको ठूलो चैत्यको आसपासमा र बाघभैरवस्थानमा रहेका अभिलेखहरू केलाई हेरे यो कुरा स्पष्ट थाहा पाइन्छ[1] ।

नकदेशमा पनि स्वतन्त्र राज्य खडा भएको थिएन । भक्तपुरराज्यअन्तर्गत रहेको यो सानो देश (शहर) मात्र हो[2] । पृथ्वीनारायण शाहले वि. सं. १८२५ मा कान्तिपुर जितेपछि भक्तपुरका राजा रणजित् मल्लले नकदेशका प्रजालाई सुविधा गरिदिई राखेको नकदेश गणेशस्थानको ताम्रपत्र मात्र हेरे पनि यो कुरा स्पष्ट थाहा पाइन्छ[3] ।

पृथ्वीनारायण शाहको समयमा पूर्वमा मकवानपुर राज्यबाहेक चौदण्डी र विजयपुर दुइ स्वतन्त्र राज्य थिए । मकवानपुर पृथ्वीनारायण शाहले वि. सं. १८१९ मा जितेका थिए[4] । यसको

---

१. इतिहास–संशोधनको प्रमाणप्रमेयका ७–८, १४ पृष्ठ, ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग) को ६७ पृष्ठ हेर्नुहोस् ।

२. 'पूर्णिमा' १३ पूर्णाङ्कको १२ पृष्ठ, १६ पूर्णाङ्कको ३६८ पृष्ठ हेर्नुहोस् ।

३. अभिलेख–संग्रह ११ भागको १६ पृष्ठ हेर्नुहोस् ।

४. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १११६–१८ पृष्ठ ।

११ वर्षपछि मात्र चौदण्डी जितिएको थियो[१] । चौदण्डी जितिएको १ वर्षपछि मात्र विजयपुर राज्य जितिएको थियो[२] । यो कुरा पृथ्वीनारायण शाहताकाका पत्रहरूबाट स्पष्ट बुझ्न सकिन्छ ।

यसरी अहिलेभन्दा दुइ सय वर्ष जतिअगाडि कुन कुन राज्य थिए भन्ने कुरामा समेत भ्रम पैदा गर्ने कुरा लेखिनु निःसन्देह अनर्थ कुरा हो । 'मकवानपुरको सेनवंश' नामक उक्त निबन्धका रचयिता श्रीमातृकाप्रसाद कोइराला इतिहासज्ञ हुनुहुन्न । यसो हुनाले उहाँको लेखमा अशुद्धि परेकोमा त्यति आश्चर्य छैन । तर पुरातत्त्वविभागको पत्रिका 'प्राचीन नेपाल' मा सो निबन्धले स्थान पाएको र यस्ता भद्दा अशुद्धि हुँदा हुँदै पनि सम्पादकतर्फबाट कुनै टिप्पणी नदिइएको हुनाले यसबाट भ्रम फैलिने स्पष्ट छ । अर्को कुरा पुरातत्त्वविभागका मुख्य अन्वेषण-अधिकारी श्रीजनकलाल शर्माको मकवानपुर र पृथ्वीनारायण शाहसम्बन्धी निबन्धको प्रभाव कोइरालाज्यूको निबन्धमा परेको स्पष्ट देखिन्छ । यस कारण उपर्युक्त राज्यसम्बन्धी भ्रम फैलाउनामा जनकलाल शर्माज्यूको पनि हात रहेको छ । यस कुराको पुष्टिको लागि केटाकेटीहरूका पाठ्य-पुस्तकहरूमा प्रकाशित जनकलाल शर्माज्यूका निबन्धका केही वाक्य यहाँ उद्धृत गरिन्छन्—

"पृथ्वीनारायण शाह...राजा हुँदा नेपाल यति ठूलो थिएन । तिनताक डाँडा डाँडामा एकेक शहरमा राजा हुन्थे । भादगाउँ, पाटन, काठमाण्डू, कीर्तिपुर सबै शहरमा राजा थिए ।"

('राम्रो नेपाली साहित्य' तेस्रो भाग को १४ पृ.)

"पृथ्वीनारायण शाहको राज्यकालभन्दा पहिले नेपालमा साना साना राज्य थिए ।...चार भञ्ज्याङभित्रै पाँच–छ ओटा राज्य थिए । तर त्यसभन्दा पूर्व र दक्षिणतिर एउटै राज्य फैला पर्छ । त्यो हो–सेनहरूको मकवानपुर राज्य ।"

('हाम्रो भाषा' २ भागका १४–१५ पृ.)

यसरी पृथ्वीनारायण शाहको समयमा नेपालउपत्यकाभित्रै ५।६ राज्य थिए, पूर्वतिरचाहिं मकवानपुर एउटा मात्र राज्य थियो भन्ने कुरा प्रचार गर्नेमा पहिला जनकलाल शर्माज्यू हुनुहुन्छ भन्ने स्पष्ट छ ।

हाम्रो देशको इतिहास तयार पार्ने कामको थालनी मात्र भएको छ, सो पूरा गर्न हामीले धेरै मिहिनेत गर्नु छ । यसका लागि देशका कुनाकाप्चा छामेर ऐतिहासिक सामग्रीको खोज गर्नुपरेको छ तथा प्राप्त सामग्रीको गहिरो अध्ययन गर्नु छ । यस्तो अवस्थामा सामान्य अध्ययन-सम्म पनि नगरी पुरातत्त्वविभागका अधिकारीहरू भद्दा अशुद्धि गर्छन्, पुरातत्त्वविभागको पत्रिकामा भद्दा अशुद्धिहरूले स्थान पाउँछन् भने यसबाट हाम्रो देशको इतिहास तयार पार्ने काममा बाधा पर्ने स्पष्ट छ । यस कारण पुरातत्त्वविभागका अधिकारीहरूले आफ्नो योग्यता बढाई अब यस्ता भद्दा भूलहरू हुन नदिन सावधान हुनु आवश्यक छ ।

०—०

सूचना–यो अङ्क पनि ठीक समयमा निस्कन सकेन । अहिले चैतको तेस्रो हप्तामा मात्र यो अङ्क निस्क्यो ।

१. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ११५८–६१ पृष्ठ ।'

२. 'श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ११९४–९६ पृष्ठ ।'

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२५

कार्तिक–मंसीर–पूस

वार्षिक मूल्य– रु. ८।

( डाँकखर्च अलग )

यस अङ्कको मूल्य ३।५०

संशोधन–मण्डल

मुद्रक—

जोरगणेश प्रेस प्रा० लि०

बालाजु औद्योगिक क्षेत्र, काठमाडौं